१ वर्ष

२ अंक



संशोधनमण्डल

# पूर्णिमा

[इतिहास-प्रधान त्रैमासिक पत्रिका]



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

१ वर्ष

२ अङ्क

[ इतिहास–प्रधान त्रैमासिक पत्रिका ]

सम्पादक–
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक-
भोलानाथ पौडेल
( संशोधन-मण्डलद्वारा )

प्रबन्धक–
धनवज्र वज्राचार्य

सहयोगीहरू -
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
नयनाथ पौडेल
दिनेशराज पन्त

# विषयसूची

## (ऐतिहासिक निबन्ध)


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | स्थिति मल्ल तथा जातपात | —नयराज पन्त | १—१० |
| २. | जितामित्र मल्लका कृतिहरू | —भोलानाथ पौडेल | ११—२० |
| ३. | मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य | — धनवज्र वज्राचार्य | २०—३३ |
| ४. | नेपालराज्यको एकीकरणको फलस्वरूप विद्वान्‌हरूको दृष्टिकोणमा आएको अन्तर | —दिनेशराज पन्त | ३३—३८ |
| ५. | वाणीविलास-सिद्धान्त | —नयनाथ पौडेल | ३८—४३ |
| ६. | नेवारी भाषाको तामाङभाषा तथा लिम्बू भाषासंगको सादृश्य | —गौतमवज्र वज्राचार्य | ४३—४६ |


## (ऐतिहासिक सामान)


| | | | |
|---|---|---|---|
| ७. | द्रव्य शाहदेखि रुद्र शाहसम्मका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ४६—५४ |
| ८. | महीन्द्रसिंह (भास्कर मल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या | —शङ्करमान राजवंशी | ५५—६० |
| ९. | वि. सं. १८४३ मा भएका केही मुख्य घटना | —रामजी तेवारी | ६१—६८ |
| १०. | नेपाल-अंग्रेज युद्धको तयारी | —महेशराज पन्त | ६८—७६ |


## (गणितविषयक निबन्ध)


| | | | |
|---|---|---|---|
| .१ | त्रिकोणमिति (ज्योत्पत्ति) | —नयराज पन्त | ७७—८८ |

# स्थिति मल्ल तथा जातपात

—नयराज पन्त

× "स्थिति मल्लभन्दा अघि नेपालमा जातपात थिएन। स्थिति मल्लले नै नेपालमा पहिले जातपातको व्यवस्था बाँधेका हुन्; स्थिति मल्लले यो काम गरी एकता भएको नेपालमा अनेकता ल्याई राष्ट्र भाँडे" भनी कोही उनको निन्दा गर्न लागेका छन्। अर्को थरीचाहिं "यसरी स्थिति मल्लले स्थिति बाँधेर योग्यतानुसार काममाम मिलाई राष्ट्रलाई बलियो पारे" भनी उनको प्रशंसा गर्न लागेका छन्। परन्तु इतिहासकारले सधैं सत्य कुरा पत्ता लाउने उद्योग गर्नु पर्दछ। यस कारण स्थिति मल्लभन्दा पहिले नेपालमा जातपात थियो थिएन भन्ने कुराको निर्णयका लागि स्थिति मल्लभन्दा प्राचीन कालको इतिहास केलाई हेर्नु परेको छ। यही प्रसङ्गमा स्थिति मल्लको सामान्य परिचय यहाँ दिइन्छ।

"वि. सं. १४११ आश्विनमा देवलदेवीले त्रिदेशबाट स्थिति मल्ललाई भक्तपुर भित्र्याई यसको पाँच महीनापछि राजल्लदेवीसँग स्थिति मल्लको विवाह गरिदिएपछि, 'राजल्लदेवीका पति' का नाताले स्थिति मल्लले नेपालको राजकाजमा हात हाल्ने अवसर पाए। राजल्लदेवीसँग स्थिति मल्लको विवाह हुँदा राजगद्दीमा राजा राजदेव थिए। वि. स. १४१७ को अन्त्यतिर राजदेवको मृत्यु भएपछि उनका छोरा अर्जुन मल्ल गद्दीमा बसे। त्यस वेला अर्जुन मल्ल १४ वर्षका मात्रै थिए। यस कारण १४ वर्षका राजा अर्जुन मल्लले सबैलाई अँठ्याएर राम्ररी शासन चलाउन सक्नु गाह्रो थियो। यसबाट आफ्नो शक्ति बढाउन स्थिति मल्ललाई सजिलो भयो। वि. स. १४२३ मा देवलदेवीको मृत्युपछि स्थिति मल्लले हर्ताकर्ता भई काम चलाउन थाले। यो कुरा भारादारहरूलाई मन परेन। त्यस वेलाका भारादारहरूमा महाथ (महामन्त्री) जयसिंहराम प्रभावशाली थिए। जयसिंहरामले विद्रोह गर्न खोज्दा स्थिति मल्लद्वारा उनी कैद गरिए। यसपछि पाटनका भारादारहरू र प्रजाहरू उठी स्थिति मल्लको विरुद्ध भक्तपुरमा आक्रमण गर्न ठिमीसम्म आइपुगे। स्थिति मल्लले पनि स्वयं अघि सरी लडाइँ गर्न गई तिनीहरूलाई हराए। यस युद्धमा पाटनका महापात्र आदि ५३ जना परे। यस ठिमीयुद्धमा सफलता पाएपछि स्थिति मल्लको शक्ति झन् बढ्यो र उनी उपराजको हैसियतले शासन गर्न लागे। राजा अर्जुन मल्ल त खाली गद्दीको शोभा बढाउने मात्रै भए। तैपनि उमेर पुगेका समर्थ राजा रहिरहँदा अधिकार एकलौटी पार्ने आफ्नो योजनामा बाधा पर्ने सम्भावना हुँदा भारदारहरूको सम्मति देखाई वि. सं. १४३७ मा स्थिति मल्लले अर्जुन मल्ललाई जात्रा गरी बनेपा धपाइदिए। यसको २२ दिनपछि अर्जुन मल्ल बनेपाबाट भागी गोकर्ण आइपुगे; पछि भक्तपुरमै पनि पसे। यसरी अर्जुन मल्ल फर्केर आएको देखी स्थिति मल्लले उनलाई भक्तपुर त्रिपुर काछेंमा कैद गरी राखे। कडा

---

× मल्ल राजाहरूको नामको अगाड़ि जय शब्द लेख्ने चलन थियो। जस्तै- जयप्रताप मल्ल जयरणजित् मल्ल, जयजयप्रकाश मल्ल, जयतेजनरसिंह मल्ल इत्यादि। यसै गरी जयस्थिति मल्ल पनि लेखिन्छ।

बन्धनमा परेका हुँदा १ वर्ष जतिपछि नै वि. सं. १४३८ मा अर्जुन मल्लको मृत्यु भयो। यसपछि स्थिति मल्लले निष्कण्टक राज्य गरे। वि. सं. १४५२ मा स्थिति मल्लको मृत्यु भयो" ।÷

नेपालको जानिएको इतिहासको शुरूशुरूमा नेपालको पूर्वी तराई जनकपुरमा जनक राजाले ठूलो यज्ञ गरेको कुरा शतपथब्राह्मणले हामीलाई सुनाउँछ। त्यहाँका र कुरु पाञ्चालबाट आएका ब्राह्मणहरूको ठूलो शास्त्रार्थ भएको वर्णन पनि हामी यहाँनिर पाउँछौं।

"जनको ह वैदेहो बहुदक्षिणेन यज्ञेनेजे। तत्र ह कुरुपञ्चालानां ब्राह्मणा अभिसमेता बभूवुः। तस्य ह जनकस्य वैदेहस्य विजिज्ञासा बभूव। कःस्विदेषां ब्राह्मणानामनूचानतम इति ॥१॥

स ह गवां सहस्रमवरुरोध। दश दश पादा एकैकस्या शृङ्गयोराबद्धा बभूवुः।

तान् होवाच ब्राह्मणा भगवन्तो यो वो ब्रह्मिष्ठः स एता गा उदजतामिति। ते ह ब्राह्मणा न दधृषुः ॥२॥

अथ ह याज्ञवल्क्यः स्वमेव ब्रह्मचारिणमुवाचैताः सौम्योदज सामश्रवा ३ इति। ता होदाचकार। ते ह ब्राह्मणाश्चुक्रुधुः। कथं नो ब्रह्मिष्ठो ब्रुवीतेति ॥३॥

अथ ह जनकस्य वैदेहस्य होताश्वलो बभूव। स हैनं पप्रच्छ त्वंनु खलु नो याज्ञवल्क्य ब्रह्मिष्ठोऽसी३इति। स होवाच नमो वयं ब्रह्मिष्ठाय कुर्मो गोकामा एव वयं स्म इति। तं ह तत एव प्रष्टुं दध्रे होताश्वलः ॥४॥"

(शतपथब्राह्मण १४ काण्ड ६ अध्याय प्रथम ब्राह्मण (बृहदारण्यकोपनिषद्) बाट)

[विदेहदेशका राजा जनकले धेरै दक्षिणा दिएर यज्ञ गरे। त्यहाँ (जनकको यज्ञमा) कुरुदेशका र पञ्चालदेशका ब्राह्मणहरू जम्मा भएका थिए। यी ब्राह्मणहरूमा कसले सबभन्दा बढ्ता पढेको रहेछ भन्ने कुरा बुझ्न जनकलाई मन लाग्यो। जनकले हजार गाईलाई एक ठाउँमा थुपारे। प्रत्येक गाईको सीङै-पिच्छे अढाई अढाई मासा (सुन) लाइदिएको थियो। जनकले भने— "बाहुन बाजेहो, तपाईंहरूमा सबभन्दा जान्नेले यी गाई धपाई लैजानुभए हुन्छ।" ती ब्राह्मणहरूले आँट गर्न सकेनन्। अनि याज्ञवल्क्यले "नानी सामश्रवा, यी गाई धपाई लैजाऊ" भनी आफ्ना चेलालाई भने। (तिनले) ती गाईलाई धपाए। हामीहरूमध्ये उनी (याज्ञवल्क्य) कसरी बढ्ता जान्ने रहेछन्; भनून् भनी ती ब्राह्मणहरू रिसाए। विदेह देशका राजा जनकका अश्वलनाउँका होता थिए। तिनले याज्ञवल्क्यलाई सोधे—"याज्ञवल्क्य, के तपाईं हामीहरूमध्ये सबभन्दा बढ्ता जान्ने हुनुहुन्छ? याज्ञवल्क्यले भने–"सबभन्दा जान्नेलाई त हामी नमस्कार गर्दछौं। हामीहरू त गाई लिन खोज्ने मात्र हौं"। त्यसपछि होता अश्वलले याज्ञवल्क्यलाई सोध्न थाले।]

यसरी इतिहासको प्रारम्भमा नै जातपात देखापर्दछ।

विक्रमपूर्व छैटौं शताब्दीमा नेपालको पश्चिम तराई कपिलवस्तुमा शाक्यहरूको राज्य थियो। निदान-कथामा बुद्ध जन्मदाखेरिको वर्णन यसरी गरिएको छ—

"(७६) ···द्विन्नं पन नगरानं अन्तरे उभयनगरवासीनम्पि लुम्बिनीवनं नाम मङ्गलसालवनं अत्थि। ···देविया तं दिस्वा सालवनकीळं कीळितुकामता उदपादि। अनन्ता देविं गहेत्वा सालवनं पविसिंसु।··· सालसाखं गहेत्वा तिट्ठमानाय एव, स्सा गब्भवुट्ठानं अहोसि।

÷इतिहास-संशोधनको प्रमाणप्रमेयको ३२–३८ पृष्ठबाट।

(८३) उभयनगरवासिनो बोधिसत्तं गहेत्वा कपिलवत्थुनगरमेव अगमंसु।…

(८३) बोधिसत्तम्पि खो पञ्चमदिवसे सीसं नहापेत्वा… राजभवनं चतुजातिकगन्धेहि विलिम्पित्वा लाजा-पञ्चमकानि पुप्फानि विकिरित्वा…पायासं पचापेत्वा तिण्णं वेदानं पारगे अट्ठसतब्राह्मणे निमन्तेत्वा राजभवने निसीदापेत्वा सुभोजनं भोजेत्वा महासक्कारं कत्वा 'किन्नु खो भविस्सतीति' लक्खणानि पटिग्गहापेसुं।"

*संस्कृतच्छाया*–[द्वयोः पुनर्नगरयोरन्तरं उभयनगरवासिनामपि लुम्बिनीवनं नाम मङ्गलशालवनं-मस्ति (आसीत्)।…तद् दृष्ट्वा देव्याः शालवने चिक्रीडिषोदपादि। अमात्या देवीं गृहीत्वा शालवनं प्रविविशुः।… शालशाखां गृहीत्वा तिष्ठन्त्या एवास्या गर्भव्युत्थानमभूत्।…

उभयनगरवासिनो बोधिसत्त्वं गृहीत्वा कपिलवास्तुनगरमेवागमन्।…

पञ्चमे दिवसे खलु बोधिसत्त्वमाशीर्षात् स्नपयित्वा…राजभवनं चतुर्जातिकगन्धैर्विलिप्य लाजापञ्चम-कानि पुष्पाणि विकीर्य पायसं पाचयित्वा त्रिषु वेदेषु पारगानष्टोत्तरशतं ब्राह्मणान् निमन्त्र्य राजभवने निषाद्य सुभोजनं भोजयित्वा बहु सत्कृत्य 'किन्नु खलु भविष्यतीति' लक्षणानि पप्रच्छुः।]

[दुइ शहर (कपिलवास्तु र देवदह) को बीचमा दुवै शहरियाहरूको (साझा) लुम्बिनी नाउँ भएको असल शालको वन छ (थियो)।… त्यो देखेर महारानी (मायादेवी) लाई शालवनमा खेल्ने इच्छा पैदा भयो। मन्त्रीहरू महारानीलाई लिई शालवनमा पसे।… शालको रूखको हाँगा समाती खडा रहँदा रहँदै महारानी सुत्केरी भइन्।

…दुवै शहरका बासिन्दाहरू बोधिसत्त्वलाई लिई कपिलवास्तु शहरमा गए।

पाँचौं दिनमा बोधिसत्त्वलाई शिरदेखि नुहाई…राजदरबारमा चार प्रकारका गन्धले लिपेर लावासहित चार प्रकारका फूलहरू छरी खीर पकाई तीनै वेदमा पारङ्गत भएका एक शय आठ ब्राह्मणलाई बोलाई राजदरबारमा राखी उत्तम भोजन गराई ठूलो सत्कार गरी के होला भनी लक्षणहरू सोधे।]

यसबाट वि. पू. छैटौं शताब्दीमा नेपालको पश्चिम तराई कपिलवास्तुमा जातपात थियो भन्ने बुझिन्छ।

विक्रमपूर्व तेस्रो दोस्रो शताब्दीका अशोकका दुइ अभिलेख नेपालको पश्चिम तराई रुपन्देही (लुम्बिनी) र निग्लीहवामा पाइन्छन्। यी अभिलेखहरूबाट बुद्धको जन्मस्थल लुम्बिनी हो भनी निर्णय गर्न सजिलो पर्दछ।

नेपालबाहेक भारत तथा पाकिस्तानमा पनि अशोकका अभिलेखहरू पाइन्छन्।

गिरनारमा पाइएको अशोकको अभिलेखमा यस्तो लेखिएको छ—

"देवानं पिं (प्रि) यो पियदसि राजा एवं आह…साधु मातरि च पितरि च सुसूसा। मितासंस्तुत-आतीनं बाम्हणसमणानं साधु दानं पाणानं साधु अनारंभो अपव्ययता अपभांडता साधु"

(तेस्रो पर्वताभिलेखबाट)

*संस्कृतच्छाया*–[ देवानां प्रियः (=देवप्रियः ) प्रियदर्शी राजा ( =अशोकः ), एवम् आह⋯साधु मातरि च पितरि च शुश्रूषा (=वश्यता, सेवा) मित्रसंस्तुत ( =परिचित)ज्ञातिभ्यः ब्राह्मणश्रमणेभ्यः साधु दानम्, प्राणानां साधुः अनालम्भः (=अहननम्) अल्पव्ययता, अल्पभाण्डता (=अल्पसञ्चयः ) [ च ] साधू। ]

(दीनेशचन्द्र सरकारको 'अभिलेखसंग्रह' १६-२० पृष्ठबाट)

[ देवताका प्यारा प्रियदर्शी राजा (अशोक) ले यस्तो भन्नुभएको छ—आमा बाबुको सेवा गर्नु असल हो। साथी, चिनापर्ची भएका मानिस र बान्धवहरूलाई तथा ब्राह्मणहरू र भिक्षुहरूलाई दान दिनु असल हो। प्राणीको हिंसा नगर्नु असल हो। थोरै खर्च गर्नु; थोरै संग्रह गर्नु असल हो।]

यस्तै अशोकका अरू अरू अभिलेखमा पनि ब्राह्मणको उल्लेख परेको देखिनाले त्यस बेला जातपात थियो भन्ने स्पष्ट छ* ।

अशोकका स्तम्भलेखलाई छोडेर नेपालमा अहिलेसम्म पाइएका अभिलेखहरूमा सबभन्दा पुरानो अभिलेख मानदेवको चाँगुको स्तम्भलेख हो। त्यसमा यस्तो उल्लेख पाइन्छ —

पत्नी तस्य विशुद्धवंशविभवा श्रीराज्यवत्युत्तमा।
प्राणानामभवत् प्रिया कुलगुणैर्ल्लक्ष्मीरिवाग्र्या हरेः ॥५॥
सत्पुत्रेण सहौर्ध्वदैहिकविधिं भर्त्तुः प्रकृत्यात्मना
शीलत्यागदमोपवासनियमैरेकान्तशुद्धाशया।
विप्रेभ्योऽपिच सर्व्वदा प्रददती तत्पुण्यवृद्ध्यै धनम्
तस्थौ तद्गतहृदया सती व्रतविधौ साक्षादिवारुन्धती ॥११॥
यूपैश्चारुभिरुच्छ्रितैर्व्वसुमती पित्रा ममालङ्कृता
क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षाश्रितोऽहं स्थितः ॥१४॥
जित्वा मल्लपुरीन्ततस्तु शनकैरभ्याजगाम स्वकम्
देशम्प्रीतमनास्तदा खलु धनं प्रादाद् द्विजेभ्योऽक्षयम् ॥१६॥

[ चोखो कुलमा जन्मेकी बडामहारानी श्रीराज्यवती कुलको गुणले गर्दा विष्णुकी लक्ष्मी जस्तै उहाँ राजाकी (धर्मदेवकी) मुख्य प्राणपियारी हुनुभयो ॥५॥

सपूत छोरासँग रहेर पतिको काजक्रिया गरी आफू शीलस्वभाव दान इन्द्रियदमन उपवास आदि नियमहरूले चित्तलाई खूबसँग सफा पारेर पतिको पुण्यको बढिबढाउको लागि सधैं ब्राह्मणहरूलाई पनि दान दिंदै व्रतमा रही पतिमै तनमन दिएर साक्षात् अरुन्धती जस्तै भई रहनुभयो । ॥११॥

---

*अशोकले बौद्धधर्मको प्रचारको साथसाथै जातिप्रथाको पनि विरोध गर्दै गए भन्ने हल्ला केही मानिस गर्न लागेका देखिन्छन् । यहाँ अशोकको यो अभिलेख उद्धरण गर्नाको कारण अशोक ब्राह्मणविरोधी थिएनन् भनी देखाउनु हो ।

मेरो बुवाले राम्रा अग्ला मौलाहरूले पृथिवीलाई सिंगार्नु भएथ्यो । लडाइँरूपी यज्ञको आड लिएर क्षत्रीको धर्मबमोजिम दीक्षा लिएर म बसिरहेको छु ॥१४॥

(राजा मानदेव) मल्लपुरीलाई जितेर त्यहाँबाट विस्तारै आफ्नो देशमा फर्कनुभयो । तब खुशी हुँदै ब्राह्मणहरूलाई अक्षय धन दान गर्नुभयो ॥१६॥ ]

( इतिहास-संशोधनको प्रमाण-प्रमेयको १०२-१०८ पृष्ठबाट )

यहाँ ब्राह्मणहरूलाई दान दिएको चर्चा गरिएको छ : मानदेवले आफूलाई "क्षत्रियधर्ममा लागेका" भनी वर्णन गराएका छन् तथा मानदेवकी आमा राज्यवतीलाई 'चोखो कुलमा जन्मेकी' भनिएको छ । यस कारण मानदेवको समयमा अर्थात् विक्रमको छैटौं शताब्दीमा नेपालमा जातपात थियो भन्ने स्पष्ट देखिन्छ ।

थाङ्कोटमा रहेको वसन्तदेवको एक शिलालेखमा यस्तो लेखिएको छ—

"(मानगृहात् ···भट्टा)रकमहाराज [श्रीवसन्तदेवः] जयपल्लिकाग्रा[मनिवासोपगता]न् ब्राह्मण-पुरस्सरान्···प्रधानान् ग्रामकुटुम्बिनः कु(शलं पृ)ष्ट्वा समाज्ञापयति"

(रेनिइरो नोलीद्वारा सम्पादित "नेपालका गुप्ताक्षरी अभिलेख"मा १२ संख्याको रूपमा यो शिलालेख रहेको छ।)

[मानगृह ( दरबार )बाट महाराजाधिराज श्रीवसन्तदेवबाट जयपल्लिका गाउँमा बस्ने ब्राह्मण आदि मुख्य मुख्य गाउँका बासिन्दाहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ । ]

ब्राह्मण आदि मुख्य मुख्य बासिन्दाहरूलाई सम्बोधन गरी राखिएको यस अभिलेखले वसन्तदेवको समयमा नेपालमा जातपात थियो भन्ने स्पष्टसँग देखाउँछ ।

ललितपुर खपिंछेको एउटा शिलापत्रमा—

"ॐ स्वस्ति महर्षौ वैशम्पायने श्रद्धेये···[संवत्] ४५२ पौषशुक्लतिथौ तृतीयस्याम्भट्टारकमहाराज-श्रीवसन्तदेवे सम्यग्राज्यम्प्रशासति याज्ञिकविप्रसेनेन वेदकृताम्ना(स्था)य भगवते कारणपूजार्थम्ब्राह्मण-ध्रुवसेनेन दत्तन्दक्षिणकोलिग्रामे भूशतद्वयम्पिण्डकञ्च त्रि (त्री) हिकस्य मानिकया १५ ब्राह्मणवृद्धिषेणेन पिकङ्कूलकप्रदेशे मालार्थे पिण्डकमानि ७ याज्ञिकवेदभट्टेन दत्तं दुलंग्रामे भू ३० पिण्डक १२ ।"

(यो अभिलेख संशोधनमण्डलको 'अभिलेख-संग्रह' पहिलो भागमा प्रकाशित भएको छ। )

[ ॐ कल्याण होस् । श्रद्धेय महर्षि वैशम्पायनमा ( श्रद्धा राखी ) संवत् ४५२ पौष शुक्ल तृतीया तिथिमा महाराजाधिराज श्रीवसन्तदेवको सुशासनमा···याज्ञिक विप्रसेनले वेदमा अभ्यास गरेका भगवान् ( उहाँ वैशम्पायन )को नैमित्तिक पूजा चलाउनाको लागि ब्राह्मण ध्रुवसेनले दक्षिणकोली-ग्राममा १५० मानिका धान पिण्डक ( कूत ) आउने दुइ शय भूमि दिए । ब्राह्मण वृद्धिषेणले मालाका निमित्त पिकङ्कूलक भन्ने ठाउँको ७ मानिका कूत दिए । याज्ञिक वेदभट्टले दुलङ्ग्राम भन्ने ठाउँमा १२ मानिका कूत आउने ३० भूमि दिए । ]

यहाँ पनि ब्राह्मणको उल्लेख भएको छ।

पशुपतिको एक अभिलेखमा–

"आभीरी ख्यातगुणा भार्य्या परमाभिमानिनः सूनोः
पुण्यविवृद्ध्यै भर्त्तुर्देवत्वमितः प्रयातस्य ॥ १ ॥
पुण्येहनि धननिचयैर्द्विजजनमभिपूज्य दानमानाभ्याम्
पुत्रेणानुज्ञाता चकार संस्थापनं शम्भोः ॥ २ ॥"

( यो अभिलेख सबभन्दा पहिले संस्कृतसन्देश २ वर्ष १–२–३ अङ्कमा रामजी तेवारी, देवीप्रसाद भण्डारी,शङ्करमान राजवंशीद्वारा अनुवादसहित प्रकाशित भएको हो । हाल नोलीको 'नेपालका गुप्ताचारी अभिलेख' मा पनि १६ संख्याको रूपमा यो प्रकाशित भएको छ । )

[ परमाभिमानीका छोराकी पत्नी, प्रख्यात गुण भएकी आभीरीले यहाँबाट देवता हुन पुगेका ( स्वर्ग भएका ) पतिको पुण्य बढोस् भन्नाका निमित्त छोराको अनुमति लिई असल दिनमा धनका थुप्राले दानले मानले ब्राह्मणहरूलाई पूजा गरेर महादेव स्थापना गर्नु भयो । ]

यहाँ पनि ब्राह्मणलाई दान दिएको उल्लेख परेको छ ।

गणदेवले राखेको चौकीटारको अभिलेखमा—

"मानगृहाद् भट्टारकमहाराजश्रीगणदेवः शीताटिकातले टेग्वल( ग्रा )मे यथाप्रधानब्राह्मणपुरस्सरान् सर्व्वान्नेव कुटुम्बिनः कुशलं पृष्ट्वा मानयति··· "

( नोली १६ संख्या )

[ मानगृह (दरबार) बाट··· महाराजाधिराज श्रीगणदेवबाट शीताटिकातल टेग्वलगाउँका ब्राह्मण आदि मुख्य मुख्य सबै बासिन्दाहरूलाई कुशल मङ्गल सोधेर सन्मानपूर्वक आज्ञा भएको छ । ]

यताबाट त्यस वेला नेपालमा जातपात थियो भन्ने बुझिन्छ ।

लेलेको शिवदेव र अंशुवर्माको पालामा राखिएको एक अभिलेखमा–

"मान गृहात्··· लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदेवः·· लेम्बटीद्रङ्गनिवासिनः प्रधानपुरस्सरान्कुटुम्बिनः कुशलप्रश्नपूर्वं समाज्ञापयति···श्रीमहासामन्तांशुवर्म्मास्मदनुमोदनया शिलापट्टशासनमिदन्दत्तवान्···भगवद्वासुदेवब्राह्मणगोष्ठिकानाम् "

( यो अभिलेख संशोधनमण्डलको "अभिलेख-संग्रह" पहिलो भागमा प्रकाशित भएको छ। )

[ मानगृह (दरबार) बाट·· लिच्छविकुलमा जन्मेका महाराजाधिराज श्रीशिवदेवबाट लेम्बटीद्रङ्गमा बस्ने मुखियालगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।···श्रीमहासामन्त अंशुवर्माले हाम्रो अनुमति लिएर यो सनद शिलापत्र राखेका छन् । वैष्णवसंप्रदायका ब्राह्मणहरूको गूठीको···]

यहाँ पनि ब्राह्मणको उल्लेख भएको छ।

काठमाड़ौं यङ्गालहिटीको भीमार्जुनदेव र जिष्णुगुप्तको संयुक्त शासनकालको एक अभिलेखमा–

"मानगृहात्……लिच्छविकुलतिलको भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितश्च……श्रीजिष्णुगुप्तः दक्षिणकोलीग्रामनिवासिनो ब्राह्मणप्रधानपुरःसरान् सर्वपाञ्चालीकुटुम्बिनः कुशलमभिधाय समाज्ञापयति।"

( नोली ५८ संख्या )

[ मानगृह (दरबार) बाट…लिच्छविकुलमा जन्मेका महाराजाधिराज श्रीभीमार्जुनदेवको साथ रही…श्रीजिष्णुगुप्तबाट दक्षिणकोली ग्राममा बस्ने ब्राह्मण आदि मुख्य मुख्य सबै गुठियारहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ। ]

यहाँ पनि ब्राह्मण आदिको उल्लेख परेको छ।

नक्साल भगवतीबहालको ढुटेधाराको नरेन्द्रदेवको पालाको अभिलेखमा—

"पृथ्वीं पाति नरेन्द्रदेवनृपतौ वङ्शक्रमाभ्यागताम्…
लोकस्य ब्राह्मणादेस्त्रिषवणविधिवन्मार्जनादिप्रपूर्त्यै"

[ यो अभिलेख ऐ. शि. बाबुराम आचार्य र मद्वारा संस्कृत–सन्देश २ वर्ष १-२-३ अङ्कमा अनुवादसहित प्रकाशित भएको छ। हाल नोलीद्वारा पनि 'नेपालका गुप्ताक्षरी अभिलेख, मा ६६ संख्याको रूपमा यो प्रकाशित भएको छ। ]

[ महाराज नरेन्द्रदेवबाट कुलको क्रमैसंग आएकी पृथ्वीलाई पालना गरिरहनुभएको वेलामा…ब्राह्मणलगायत दुनियाँहरूको त्रिकालस्नान र विधिपूर्वक नुहाइधुवाइको काम चलोस् भन्नाको लागि… ]

ब्राह्मणलगायत दुनियाँलाई नुहाउन सजिलो होस् भनी यो ढुटेधारा बनाइएको देखिनाले यस वेला नेपालमा जातपात थियो भन्ने कुरा बुझिन्छ।

पाटन गैह्रिधाराको नरेन्द्रदेवको अर्को अभिलेखमा—

"कैलासकूटभवनाद्…महाराजाधिराजश्रीनरेन्द्रदेवः…तेन द्रव्येण भगवन्तं वज्रेश्वरमुद्दिश्य पाशुपतानाम्ब्राह्मणानाञ्च यथासम्भवं भोजनङ्करणीयम्…"

( बेन्डाल ३ संख्या, नोली ७० संख्या)

[ कैलासकूट भवन (दरबार) बाट …महाराजाधिराज श्रीनरेन्द्रदेव… त्यो धनले भगवान् वज्रेश्वरलाई लक्ष्य गरेर पाशुपतसंप्रदायका जोगीहरूलाई र ब्राह्मणहरूलाई पुगेजति भोजन गराउनू। ]

यहाँ पनि ब्राह्मणहरूको उल्लेख भएको छ।

अनन्तलिङ्गेश्वरको अर्को अभिलेखमा–

" राज्ञां मणिर्लिच्छविवंस ( श ) जानां…भट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः…नेपालसीमान्तपातिनः सर्वाधिकाराधिकृतान्वर्तमानान् भविष्यतश्च समाज्ञापयति … द्रङ्गसीमाभ्यन्तरस्थानाम्ब्राह्मणप्रमुखानामाचाण्डालेभ्यः…

( यो अभिलेख संशोधनमण्डलको अभिलेख-संग्रह पहिलो भागमा प्रकाशित भएको छ। )

[ लिच्छविराजकुलमा जन्मेका महाराजाधिराज श्रीनरेन्द्रदेवबाट नेपालको सीमाभित्र रहेका अहिले बहाल रहेका र पछि बहाल हुने समेत अधिकार पाएका सबैलाई आज्ञा भएको छ···यस द्रङ्गको सीमाभित्र रहेका ब्राह्मणदेखि चाण्डालसम्मका···]

यहाँ ब्राह्मणदेखि लिएर चाण्डालसम्म भन्ने उल्लेख देखिनाले त्यस वेला नेपालमा जातपात थियो भन्ने कुरा स्पष्ट हुन्छ।

सुनागुठी भृङ्गारेश्वरको द्वितीय शिवदेवको शिलालेखमा—

"(कैलास)कूटभवनाद् ··लिच्छविकुलकेतुः···भट्टारकमहाराजाधिराजश्रीशिवदेव ··· ···ब्राह्मणपुरस्सराणाञ्च पाञ्चालिकानां प्रजानाम् "

( नोली ७८ संख्या )

[ कैलासकूटभवन(दरबार)बाट···लिच्छवि कुलमा जन्मेका···महाराजाधिराज श्रीशिवदेव··· ब्राह्मण आदि गुठियार प्रजाहरूको ]

यहाँ पनि ब्राह्मण आदिको उल्लेख भएको छ।

द्वितीय जयदेवले राखेको पशुपतिको शिलालेखमा--

"राज्यं प्राज्यसुखोर्जितद्विजजनप्रत्यर्पिताज्याहुति--

ज्योतिर्ज्जातशिखाविजृम्भणजिताशेषप्रजापद्रुजम्।

बिभ्रत्कण्टकवर्ज्जितन्निंजभुजावष्टम्भविस्फूर्जितं

शूरत्वात्परचक्रकाम इति यो नाम्ना परेणान्वितः ॥१७॥"

( भगवान्लाल १५ संख्या। संस्कृतसन्देश ११ मा योगी नरहरिनाथद्वारा प्रकाशित, त्यसैमा ऐ. शि. बाबुराम आचार्यद्वारा यसको अनुवाद पनि छापिएको छ। नोली ८१ संख्या )

[ प्रशस्त सुख पाएका ब्राह्मणहरूले होमिएको घिउको आहुतिका ज्योतिले पैदा भएका ज्वाला मर्कनाले सारा प्रजाको विपत्ति र रोग हटाइएको; आफ्नै बाहुबलको आडले बढाइएको निष्कण्टक राज्य गर्ने भएका जो (राजा जयदेव) शूरा हुनाले परचक्रकाम (शत्रुको मुलुक जित्न खोज्ने) भन्ने अर्को नामले युक्त भएका हुनुहुन्छ ॥१७॥ ]

यहाँ पनि ब्राह्मणहरूको चर्चा परेको छ।

वि. सं. १२५२ मा लेखिएको 'ब्रह्मोक्तसंहिता' नामक पुस्तकमा—

"संवत् ३१५ चैत्रशुक्लपूर्णमास्यां सोमवासरे चित्रानक्षत्रे हर्षणयोगे राजाधिराजपरमभट्टारकश्रीविजयकामदेवस्य विजयराज्ये विप्रश्रीजयब्रह्मशर्मणः लिखितमिदं पुस्तकम्। "

( लुशिएनो पेटेकको "नेपालको मध्यकालको इतिहासको" ७५ पृष्ठबाट )

[ ने सं. ३१५ (वि. सं.१२५२)चैत्रशुक्ल पूर्णिमा सोमवार चित्रा नक्षत्र हर्षण योगमा महाराजाधिराज श्रीविजयकामदेवको विजयराज्यमा ब्राह्मण श्रीजयब्रह्मशर्माले यो पुस्तक लेखियो । ]

यसबाट विक्रमको तेह्रौं शताब्दीमा नेपालमा ब्राह्मणहरू थिए भन्ने स्पष्ट हुन्छ ।

आनन्ददेव र रुद्र मल्लको संयुक्तशासनकालको वि. सं. १३७३ को एक शिलालेखमा–

सम्वत् ४३७ फाल्गुनवधि २ राजाधिराजश्रीश्रीश्रीजयानन्ददेवस्य : धर्मविजं भवति । रगुवंशावतार-श्रीश्रीजयरुद्रमल्लदेवस्य: लब्धवरिधं राज्यं भवति, श्रीदेवगौब्राह्मनपात्रानां सुखाय भवति ।

( संस्कृत सन्देश २ वर्ष १–२–३ अङ्कमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी द्वारा यो अभिलेख प्रकाशित भएको छ )

[ ने. सं ४३७ (वि. सं. १३७३) फाल्गुनवदि २ मा महाराजाधिराज श्रीश्रीजयानन्ददेवको धर्म विजय होस् । रघुवंशावतार श्रीश्रीजयरुद्र मल्ल देवले पाएको राज्यको बढिबढाउ होस् । देवता, गाई, ब्राह्मण, भारादारहरूलाई सुख होस् । ]

यसबाट विक्रमको चौधौं शताब्दीमा नेपालमा जातपात थियो भन्ने बुझिन्छ ।

कर्णालीप्रदेशका राजा पृथ्वी मल्लको दुल्लुको वि.सं. १४१४ को स्तम्भलेखमा यस्तो लेखिएको छ--

भिक्षूणां द्विजधर्मभाणकानां सूत्रधारकाणां च ।
निजराज्ये सर्वकरास्तेनाचन्द्रार्कतारकं त्यक्ताः ॥२२॥

( योगी नरहरिनाथद्वारा इतिहास–प्रकाश २ अङ्क १ भागमा यो अभिलेख प्रकाशित भएको छ । जिशेप टुचीद्वारा पनि यो प्रकाशित भएको छ । )

[ ती (राजा पृथ्वी मल्ल) ले आफ्नो राज्यमा भिक्षु, ब्राह्मण, धर्मभाणक (धर्मको उपदेश गर्ने), सूत्रधार ( कालीगड )हरूउपर सबै किसिमका कर चन्द्र सूर्य ताराहरू रहुन्ज्यालका लागि माफी गर्नुभयो । ]

यसबाट पन्ध्रौं शताब्दीमा पश्चिम नेपालमा ब्राह्मणहरू थिए भन्ने देखिन्छ ।

यस्ता प्रमाण अरूहरू पनि पाइन्छन् । यसरी नेपालको प्रामाणिक इतिहास पाइएदेखि नै नेपालमा जातपात थियो भन्ने कुरा स्पष्ट बुझिन्छ× । यस्तो स्पष्ट प्रमाण पाइंदा पाइंदै पनि स्थिति मल्लभन्दा

---

× स्थिति मल्लले नेपालमा जातिप्रथा चलाएका हुन् भन्ने कुरा स्वयं स्थिति मल्लले नै सुनेका भए उनी आश्चर्यमा पर्दा हुन् । किनभने स्थिति मल्लको पालामा बनेको गोपालराजवंशावलीअनुसार—

| | राजवंश | राजाका संख्या |
|---|---|---|
| (१) | गोपाल | ८ |
| (२) | महिषपाल | ३ |
| (३) | किरात | ३२ |
| (४) | लिच्छवि | |

अघि नेपालमा जातपात थिएन, स्थिति मल्लले नै नेपालमा पहिले जातपातको व्यवस्था बाँधेका हुन्, स्थिति मल्लले यो काम गरी एकता भएको नेपालमा अनेकता ल्याई राष्ट्र भाँडे भनी कोही उनको निन्दा गर्न लागेका हुनाले र कोही यसरी स्थिति मल्लले स्थिति बाँधेर योग्यतानुसार काममाम मिलाई राष्ट्रलाई बलियो पारे भनी उनको प्रशंसा गर्न लागेका हुनाले विनाभित्ताको तसबीरलेखाइ जस्तो भएको यो अनात्मक विचारको परम्परा नचलोस् भनी यो निबन्ध प्रकाश गरिएको हो।

—०—

गोपालवंशभन्दा अघि—

"तदनु गोतमादिभिः ऋषिगनेस्तत्र प्रचरतिः"

[ त्यसपछि गोतम आदि ऋषिहरू त्यहाँ यज्ञयागादि गरी बस्न लागे। ]

गोपालवंशको पालामा—

"वहुह्नी नाम कपिला गावी वाग्मतीतीरे स्वयन्दिनप्रति गत्वा सुशीरपूञ्जके क्षीरधारा, तेन संक्षिक्ते भुप्रदेशे। गोपालेन दृष्ट्वा खनित्वा च श्रीमत्पशुपतिभटारकः प्रादुर्भूतः।"

[ वहुह्नी नाउँकी कैली गाई वाग्मतीको तीरमा गएर दिनका दिन प्वालप्वाल परेको कुनै ठाउँमा आफैंले दूधको धारा बहाउने गर्दथिन्। गोपालले त्यो देखेर गाईले दूध बहाएको ठाउँमा खनेर हेर्दा श्रीपशुपतिनाथको प्रादुर्भाव भयो। ]

लिच्छविवंशको पालामा—

"अथ सूर्यवम्सप्रभावान्नेपाले किरा (त) राजा निर्जित्य लिच्छवीवंस्स प्रवर्तत:।···राजा श्रीणिमित्य कालवर्षं ५०॥ राजा श्रीमकारात वर्षं ४१॥ राजा श्रीकाकवर्म्मा वर्षं ७६॥ राजा श्रीसुपुष्पदेव वर्षं ७६॥ तेन हि नेपालभूमिश्चातुर्वर्ण्णं कृता॥ श्रीपशुपतिभटारकस्य देवालय कृतम्"

[ अनि सूर्यवंशको प्रभावले किरात राजाहरूलाई जितेर नेपालमा राजा लिच्छविको वंश चल्यो। श्रीनिमित्य वर्ष ५८। राजा श्रीमकारात वर्ष ४१। राजा श्रीकाकवर्म्मा वर्ष ७६। राजा श्रीसुपुष्पदेव वर्ष ७६। उहाँले नेपालमा चारवर्णको व्यवस्था बाँध्नुभयो, श्रीपशुपतिनाथको मन्दिर बनाउनुभयो। ]

—यस्तो लेखिएको छ।

गोपालवंशावलीमा लेखिएका स्थिति मल्लभन्दा दुइ तीन शय वर्षअगाडिसम्मका घटना अरू प्रमाणसँग दाँजी हेर्दा मिल्दछन्। त्यसभन्दा अघिका घटनाहरूमा क्रमशः अप्रामाणिकता बढ्दै जान्छ। यस कारण स्थिति मल्लभन्दा धेरै अघि भनी वर्णन गरिएको गोपालवंशावलीको यो कथा कत्तिको प्रामाणिक छ भन्ने कुरा अहिले भन्न सकिंदैन। तर जे भए तापनि स्थिति मल्ल जातिप्रथाका प्रवर्तक हुन् भन्ने भ्रम त यसबाट पनि हट्छ।

# जितामित्र मल्लका कृतिहरू

—भोलानाथ पौडेल

जितामित्र मल्लले नि. सं. १७२९ देखि १७५३ सम्म जम्मा २४ वर्ष भक्तपुरमा शासन गरेका थिए। अहिलेसम्म थाहा भएका त्यस अवधिभित्रका उनका राजकाजसम्बन्धी घटनाहरूको वर्णन 'पूर्णिमा' को पहिलो अङ्कमा मैले गरेको छु। राजकाजको दृष्टिले जितामित्र मल्लको शासनकाल भक्तपुरको गौरव बढाउने खालको देखिंदैन भन्ने आशय पनि मैले त्यहाँ व्यक्त गरेको हुँ। परन्तु जितामित्रलाई संझाइ-राख्ने उनका निकै कृतिहरू भक्तपुरमा अहिलेसम्म छँदैछन्। भक्तपुरको दरबारलाई दर्शनीय स्थलको रूपमा परिणत गर्ने निकै श्रेय: जितामित्रलाई छ।

भक्तपुर दरबारको आकर्षक क्षेत्रमध्ये कुमारीचोक मुख्य छ। सो कुमारीचोकलाई त्यस रूपमा सुन्दर पार्न जितामित्र मल्लले १५ वर्ष लाएका थिए भन्ने कुरा त्यहाँ रहेका अभिलेखको अध्ययनबाट थाहा पाइन्छ।

यसबाहेक जितामित्र मल्ललाई संझाइराख्ने भक्तपुरमा उनले बनाएका पोखरी, धारा, कुलो आदि छन्।

जितामित्र मल्ललाई चिन्न उनको राजकाज पक्षलाई मात्र विचार नगरी उनको निर्माणशील-प्रवृत्ति पक्षलाई पनि विचार गर्नु आवश्यक भएकोले त्यसको लागि केही लेख्न कोशिश गर्दैछु।

## तवपोखरी

भक्तपुरको प्रसिद्ध सिद्धपोखरीको नजीकै पश्चिमपट्टि टुँडिखेलको पल्लो छेउमा तवपोखरी छ। जतामित्रका प्रपितामह राजा जगज्ज्योतिर्मल्लले वि. सं. १६८६ मा तवपोखरी बनाएका थिए। जितामित्रका बाबु राजा जगत्प्रकाश मल्लको पालामा कान्तिपुरका राजा प्रताप मल्लले ललितपुरका राजा श्रीनिवास मल्लको मद्दत लिई वि. सं. १७२० मा त्यस तवपोखरीलाई नष्ट भ्रष्ट पारिदिएका थिए÷।

÷ इतिहास-संशोधन ५१ संख्या हेर्नुहोस्।

प्रताप मल्लले तवपोखरी बिगारेको कुरा भक्तपुरैमा लेखिएको एउटा थ्यासफुमा पनि त्यसै बेला टिपिएको रहेछ। सो यस प्रकारको छ —

सम्वत् ७८३ ज्येष्ठशुक्लअष्टम्यान्तिथौ···थ्व वेलस खप्व याकात तयाव खप्व जक लेनकं महादुःख बिस्यतव॥··· ··· थ्व वेलस याया राजा प्रताप मल्ल यलाया श्रीनिवास मल्ल खप्वया जगत्प्रकाश मल्ल जगज्ज्योति मल्लया पुखुलि गरपूसि देङाव बासिख मोर कायाव मसिरया लुंगलं गजुरं कायाव याया लाखकुलस तय यना।

(राष्ट्रिय पुस्तकालयको हस्तलिखित ७६÷३ सख्याको थ्यासफुबाट)

प्रताप मल्लले भताभुङ्ग पारिदिएको सो तवपोखरी १४ वर्षसम्म त्यसै रहिरहेको थियो । प्रताप मल्लको मृत्यु भएका तीन वर्षपछि तीनै शहरका राजाहरूमा मेलमिलाप भएको वेलामा राजा जितामित्र मल्लले दुनियाँद्वारा पानी उल्झन लगाई तवपोखरीको जीर्णोद्धार गरेर वि. सं. १७३४ माघ १६ गते त्यसको प्रतिष्ठा गरे । त्यस उत्सवमा कान्तिपुरका राजा नृपेन्द्र मल्ल (प्रताप मल्लका छोरा) र ललितपुरका राजा श्रीनिवास मल्ल पनि जितामित्र मल्लको निमन्त्रणा मान्न आएका थिए* ।

थंथुदरबार

भक्तपुर राजदरबारनजीकै पूर्वपट्टि एउटा सानो गहिरीधारा छ । त्यसको पश्चिमपट्टिको भित्तामा एउटा शिलापत्र छ । सो शिलालेखमा जितामित्र मल्लले थंथुदरबार बनाएको उल्लेख छ । त्यसको केही भागको अनुवाद यहाँ दिइन्छ—

×श्रीश्रीसुमति जयजितामित्र मल्लदेव प्रभु ठाकुरले आफ्ना श्रीश्रीश्रीइष्टदेवतालाई खुशी पार्ने इच्छाले भागिराम प्रधान मन्त्री भएको वेलामा यो थंथुदरबार बनाउनुभयो। अब यस थंथुदरबारलाई कसैले पनि बिगार्न हुँदैन । चोकहरू; भित्र बाहिरको भाग, बगैंचा, कौसी, धारासमेतमा राजदरबारमा अघिदेखि चलेर आएको नियमबमोजिम नै गर्नुपर्छ । (हालसालै) भित्र गाभिएको हो भनी राजदरबारको नियमको उल्लङ्घन गर्न पाइन्न । श्रीश्रीटीकाधारी (गद्दीनशीन) राजाले (त्यसको) जीर्णोद्धार गर्नुपर्छ । ··· ··· ··· श्रीश्रीसुमति जयजितामित्र मल्लदेव, श्रीश्रीजयउग्र मल्लदेव, श्रीश्रीजयभूपतीन्द्र मल्लदेव ने. स. ७९८ शक सं. १६०० कलिगत सं. ४७७९ वि. सं. १७३५ आषाढशुक्ल दशमी स्वाति नक्षत्र सिद्धि योग तैतिल करण बुधवार मिथुन राशिमा सूर्य, तुला राशिमा चन्द्रमा बसेको दिन थंथुदरबार बनाइयो ।+

---

[ने. सं. ७८३ (वि. सं. १७२०) ज्येष्ठशुक्ल अष्टमी··· यस बखत भक्तपुरलाई एकलो पारी भक्तपुरलाई ठूलो दुःख दिइयो । ···यस बखत कान्तिपुरका राजा प्रताप मल्ल, ललितपुरका राजा श्रीनिवास मल्ल, भक्तपुरका राजा जगत्प्रकाश मल्ल हुनुहुन्थ्यो । जगज्ज्योतिर्मल्लको पोखरीको ( नवपोखरीको ) स्तम्भ ढालेर वासुकि नागको टाउको, मसिरको (?) सुनको छाना गजूर लिएर ( प्रताप मल्लले ) कान्तिपुरको दरबारमा राख्न लैजानुभयो । ]

*इतिहास-संशोधन ५१ संख्या हेर्नुहोस् ।

×अभिलेख-संग्रह ७ भाग २५–२८ पृष्ठमा यो अभिलेख प्रकाशित भइसकेको हुनाले यसको मूल यहाँ दिइएको छैन ।

+माथि उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ —

ने. सं. ७९८ शक सं. १६०० कलि सं. ४७७९ वि. सं. १७३५ आषाढशुक्ल

| | गते | वार | तिथि घ. प. | नक्षत्र घ. प. | योग घ. प. | करण घ. प. |
|---|---|---|---|---|---|---|
| आषाढ | २१ | बुध | दशमी ४२।३२ | स्वाति ४६।४१ | सिद्धि ५०।१६ | तैतिल १२।१३ |

चन्द्र तुलाराशिमा; स्पष्टसूर्य २ राशि १६ अंश ।

यस अभिलेखमा जितामित्रले वि. सं. १७३५ मा बगैंचा कौसी धारासमेतको थंथुदरबार बनाएको र भक्तपुर राजदरबारलाई बढाएको कुरा परेको छ । अब यहाँ जितामित्रले बनाएको थंथुदरबार कुन हो भन्ने कुरामा विचार गर्नुपरेको छ ।

अभिलेखमा भक्तपुर दरबारभित्र गाभेर बनाएको भन्ने उल्लेख देखिनाले भक्तपुर राजदरबारसँग थंथुदरबार जोडिएर रहेको रहेछ भन्ने कुरा थाहा हुन्छ ।

वीरपुस्तकालयमा निकै अघि संग्रह गरिएका भक्तपुरका शिलापत्रका उतारहरूमध्ये जितामित्रले थंथुदरबार बनाएको उल्लेख भएको उपर्युक्त शिलालेखको उतार पनि छ । त्यस उतारमा शिलापत्रको परिचय दिंदा ठूलो बगैंचामा रहेको भनी लेखिएको छ । हालसालै शङ्करमान राजवंशीद्वारा संपादित भई प्रकाशित भएको "भक्तपुरशिलालेखसूची" मा पनि सोही परिचय छापिएको छ । यस कारण यो शिलापत्र भक्तपुर राजदरबारको ठूलो बगैंचाबाट ल्याई पछि मात्रै गहिरीधारामा लगेर राखिएको रहेछ भन्ने कुरा थाहा हुन्छ । आफूले बनाएको कृतिसँगै त्योसँग सम्बन्ध भएको अभिलेख राख्ने चलनअनुसार यो शिलालेख पनि थंथुदरबारमै राखिएको हुनुपर्छ । भक्तपुर दरबारको पूर्व भागको उत्तरतिर ठूलो बगैंचा छ । यस कारण शिलालेखमा उल्लेख भएको बगैंचा यही ठूलो बगैंचा हो भन्ने देखिन्छ । उपर्युक्त बगैंचामा शिलालेखमा बताए जस्तै धारा पनि अद्यापि छंदैछ । भक्तपुर राजदरबारको पूर्वछेउको भागमा गएर हेरेको खण्डमा यो कुरा झन् स्पष्ट हुन्छ । यस कारण भक्तपुर दरबारको पूर्वपट्टिको छेउ (हाल-मेजिस्ट्रेट बस्ने गरेको र त्यसको आसपासको भाग) नै थंथुदरबार हो भन्ने निर्णय हुन्छ ।

### राजकुलो र सुनधारा

थंथुदरबारको बगैंचाको धारा र अरू केही धाराहरूमा पानी आउने तथा खेतमा पानी लाउने-समेतको राजकुलोको विषयमा बन्धेज बाँधी प्रजाको नाउँमा जितामित्रले वि. सं. १७४० मा एउटा शिला-पत्र गरिदिएका थिए । त्यसको केही भाग यहाँ दिइन्छ—

श्रीश्रीसुमति जयजितामित्रमल्लदेवेन देवालयादिसत्रादिसंपादिकप्रजाभ्य इत्थं प्रसादो दत्तः ॥ निर्झराधिपैर्धान्यरोपणजलदत्यां दामस्याद्धं प्रतिरोपणि प्रजाभ्यः ग्रहीतव्यं ॥ निर्झरसंस्कारार्थे प्रजाभि-रेकस्मिन् दिवसे गत्वा कार्य्यं संपादनीयं च ॥ तस्मिन्दिवसे सूर्यास्तपर्यन्तं निर्झरसंस्कारः कर्तव्यः ॥ ततः निर्झराधिपैः प्रजाभ्यः चिन्हमुद्रा दातव्या। यो न गच्छति तस्य दामत्रयं दण्डः। समये गन्तव्यं कार्यमपि कर्तव्यं । प्रजाभिर्निर्झराधिपानां विष्टिर्न कार्या निर्झराधिपैः ताभ्यः प्रजाभ्यः किमपि न ग्राह्यं इन्धनमपि निर्झराधिपेभ्यो न देयं । कृषेर्यथाक्रमं धान्यरोपनार्थे जलं देयं । तत्राधिकार्य्यनधिकारिपौर्व्वा-पर्य्यविचारो न कार्य्यं । : ··· ···

थ्वते मयातसा श्रीश्रीराजान विचार यायमाल । गोह्म परमान याङा तरो, ओह्मान विचार यायमाल थ्वतेस धरवान कचंगर थाङा वसानसा राजदण्ड, मोहोर ᳵक्का षु ६ यायमाल ··· ··· श्रीश्रीउग्र मल्ल श्रीश्री-भूपतीन्द्र मल्ल,चवतारा दुवि भागिरान ॥ श्रेयोस्तु सम्वत् ८०३ ज्येष्ठशुक्ल महाज्येष्ठि पूर्णिमा । +

---

+राजा जितामित्रले वि. सं. १७४० मा प्रजाका नाउँमा गरिदिएको शिलापत्रबाट । यो शिलापत्र दरबारनजीकैको इलाका अदालतको तहसील फाँट बसेको घरको भित्र भित्तामा उत्तर फर्काएर टाँसिएको छ । अप्रकाशित यस शिलापत्रको अलिकता अंश भ. पु. शिलालेख–सूचीमा छापिएको छ ।

[श्रीश्रीसुमति जयजितामित्र मल्ल देवले देवल, पाटी आदि बनाउने प्रजालाई यस किसमको निगाह गर्नुभएको छ। ढलपाले (कुलाका अधिकारीहरूले) धान रोप्न पानी लाउनुपर्ने सबै खेतबाट रोपनीका आधा दामका हिसाबले प्रजाहरूसँग पैसा उठाउनू। प्रजाहरूले एक दिन कुलो बनाउन (कुलोको मरम्मत गर्न) जानू। कुलो बनाउन जाने मानिसले ठीक समयमा गई जाँगर लाएर साँझसम्म नै कुलोको मरम्मत गर्नू। ढलपाहरूले पनि कुलो बनाउन लाएका मानिसलाई काम गरेको निस्सा दिनू। जो कुलो बनाउन जाँदैन, त्यसलाई तीन दाम दण्ड गर्नू। प्रजाले ढलपाको बिष्टि (झारावेठी) गर्नुपर्दैन। ढलपाहरूले प्रजाहरूबाट केही पनि लिन पाइन्न। ढलपाहरूकहाँ दाउरा पनि पुऱ्याइदिनुपर्दैन। धान रोप्न खेतमा पानी लाउँदा मुहानको क्रमले लाउनू। त्यहाँ (पानी लाउने काममा) ठूला सानाको अघि पछि पालो भनी कसैले पनि मुहानको पालो मिच्न पाउँदैन। ··· ··· ···यसलाई कसैले नमानेमा राजाले विचार गर्नुपर्छ। अथवा जसलाई यस कामको अधिकार दिइएको हुन्छ, त्यही भारादारले विचार गर्नुपर्छ। यसमा ढलपाहरूका उपरको कचिङ्गल पर्न आएमा ६ रुपियाँ दण्ड गर्नुपर्छ। ··· ··· श्रीश्री-उग्रमल्ल, श्रीश्रीभूपतीन्द्र मल्ल चौतारा (प्रधानमन्त्री) दुखि भागिराम। ने. सं. ८०३ (वि. सं. १७४०) ज्येष्ठशुक्ल महाज्येष्ठी* पूर्णिमा]

यस कुलोको पानी लाई धान रोप्नुपर्नेले रोपनीको आधा दामको दरले पैसा तिर्नुपर्छ। वर्षको एक दिन सबै प्रजाले कुलो बनाउन जानुपर्छ। कुलो बनाउन नगए दण्ड लाग्छ। खेतमा पानी लाउँदा ठूलो सानो भनी मुहानको पालो मिच्न पाइन्न। कसैले पनि ढलपाको झारावेठी गर्नुपर्दैन इत्यादि बन्धेज बाँधिदिएको कुरा यस शिलालेखबाट बुझिन्छ।

बघैँचाको धारा र राजकुलोको मुहानको लागि वि. स १७४५ भाद्र १ गते जितामित्रले १० रोपनी जग्गा गूठी राखी शिलापत्र राखे। त्यसको केही भाग यस प्रकारको छ–

श्रीभक्तपत्तने राजधान्यां ··· ··· ··· श्रीश्रीसुमतिजयजितामित्रमल्लवर्म्माहं श्रीश्रीश्रीस्वेष्टदेवताप्रीतिकामनया अस्याः स्वर्णप्रणालिकाया निमित्यर्थे दशरोपनिका दत्तवान ॥ ··· ··· ···

क्षेत्रं सादरमत्र भूमिपतिना तोयप्रणालीगृहे।
नूनं तद्विषये व्ययाय ललितं स्वेष्टेश्वरीप्रीतये···

नेपालसम्वत् ८०८ श्रीकलिगत ४७८९ श्रीविक्रम १७४५ श्रीशाक १६१० श्रावणमासे शुक्लपक्षे पूर्णमास्यान्तिथौ श्रवणनक्षत्रे सौभाग्ययोगे···बुधवासरे सिंहसंक्रान्तिमहापर्वणि सिंहराशिगते सवितरि मकरराशिगते चन्द्रमसि थ्व कुन्हु दिन तया जुरो। श्रीश्रीसुमति जयजितामित्र मल्लदेव श्रीश्रीजय-उग्र मल्लदेव श्रीश्रीजयभूपतीन्द्र मल्लदेव भागिराम प्रधानाङ्ग ··· ।×

*महाज्येष्ठी शब्दको विषयमा पछि विचार गरिनेछ।

×ठूलो बघैँचाको उत्तरतिरको सानो घरको भित्तामा दक्षिणतिर फर्काएर टाँसिएको अप्रकाशित शिलालेखबाट। यसको अलिकता अंश भक्तपुर–शिलालेख–सूचीमा छापिएको छ।

[ भक्तपुर राजधानीमा ··· ··· म श्रीश्रीसुमति जयजितामित्र मल्ल वर्माले श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई खुशी पार्ने इच्छाले सुनधारालाई र त्यसको मुहानलाई खर्च गर्न भनी दश रोपनी असल जग्गा यस सुनधाराका लागि आदरपूर्वक अर्पण गरें । ने. सं. ८०८ शक सं. १६१० कलिगत सं ४७८९ वि. सं. १७४५ श्रावणशुक्ल पूर्णिमा, श्रवण नक्षत्र, सिद्धि योग, बुधवार, ठूलो पर्व सिंहसंक्रान्ति ( भदौ लाग्ने संक्रान्ति ) ,सिंह राशिमा सूर्य र मकर राशिमा चन्द्रमा भएको यस दिनमा राखिएको हो । श्रीश्रीसुमति जयजितामित्र मल्लदेव, श्रीश्रीजयउग्र मल्लदेव श्रीश्रीजय भूपतीन्द्र मल्लदेव, प्रधानाङ्ग भागिराम ] +

## कुमारीचोक

भक्तपुर राजदरबारलाई कोही मानिस हेर्न जान्छ भने त्यसलाई कुमारीचोकको शोभाले असर नपारिछोड्दैन । कुमारीचोकको त्यो सौन्दर्य राजा जितामित्रले नै गराएका हुन् र उनले १५ वर्ष लाएर त्यस चोकलाई सजाएका हुन् भन्ने कुरा माथि परिसकेको छ । हुंनत त्यस चोकलाई जितामित्रले आफैंले बनाएका होइनन् । उनले त्यसको जीर्णोद्धार मात्र गरेका हुन् । तर त्यसलाई अघि कसले बनाएको थियो भन्ने कुराको उल्लेख जितामित्रले कतै गरेका छैनन् । उनका सिवाय अरू कसैका कुमारीचोकविषयका अभिलेख पनि अहिलेसम्म फेला परेका छैनन् । जितामित्रले कुन कुन साल मितिमा कुमारीचोकमा कुन कुन काम गरे भन्ने कुरा उनकै अभिलेखहरूले बताउँछन् । अब कुमारीचोकका ती अभिलेखहरूका केही कुरा यहाँ उद्धरण गरिन्छन्—

वि. सं. १७३३ कार्तिकमा जितामित्रले कालियदमनसमेतको जलद्रोणी बनाए । ×

वि. सं. १७३४ माघमा जितामित्रले कुमारीचोकको जीर्णोद्धार गरी चोकमा कोटखा ढुङ्गाको खाट हाले । त्यस विषयको शिलापत्र अभिलेख-संग्रह ७ भागको २४-२५ पृष्ठमा छापिएको छ । त्यसको केही भागको अनुवाद यहाँ दिइन्छ—

ने. स. ७९७ ( वि. सं. १७३४ ) भाद्रशुक्ल द्वितीया उत्तरफाल्गुनीनक्षत्र शुभ योग सोमवारका दिन श्रीश्रीजयजितामित्र मल्लदेव ठाकुरले श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई खुशी पार्न रघुवंशीहरूका शिरोमणि भएका उहाँ श्रीश्रीजयजितामित्रदेव बस्ने मूलचोकभन्दा पश्चिमको एताचोक ( हालको कुमारीचोक ) को जीर्णोद्धार गर्नुभयो; चण्डी आदि अष्टमातृकाका मूर्ति बनाउनुभयो; पूर्व भित्तामा चण्डी आदि योगिनीगण लेखाउनुभयो; पाताचपलीमा रामायण लेखाउनुभयो; दक्षिण लक्ष्मा शोभाको

---

+माथि उल्लेख गरिएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८०८ शकसं. १६१० कलिसं. ४७८९ वि. सं. १७४५ श्रावणशुक्ल.

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| भाद्र १ | बुध | पूर्णिमा | ४४।३३ | श्रवण | १३।३२ | सौभाग्य | १३।३७ |

चन्द्र मकरराशिमा ४२ घ. १७ प. सम्म सिंहसंक्रान्ति २५।३७

× यस विषयको शिलापत्र इतिहास-संशोधन ५१ संख्याको ७ पृष्ठमा अर्थसमेत प्रकाशित भएको छ।

निमित्त उघार्न नहुने झ्याल बनाउनुभयो; घरहरूका भित्ता तेलिया ईंटका बनाउनुभयो; थाम, ढोका, झ्याल, पश्चिम लङमा मटानसमेत बनाउनुभयो, ... दलानसमेतको चोक सजाएर चोकमा ढुङ्गे खाट हाल्नुभयो ... +

वि. सं. १७३७ माघमा जितामित्रले कुमारीचोकको उत्तर दलानको भित्तामा चण्डी आदि देवीका मूर्ति स्थापना गरे। यस विषयको शिलालेख अभिलेख-संग्रह ११ भाग ८-९ पृष्ठमा छापिएको छ; त्यसको अनुवाद यहाँ दिइन्छ—

ने. सं. ८०१ शक सं. १६०२ कलिगत सं. ४७८१ वि. सं. १७३७ माघशुक्ल रविसप्तमीमा श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई खुशी पार्ने इच्छाले श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले भागिराम प्रधानमन्त्री भएको बेलामा चण्डी आदि देवता स्थापना गर्नुभयो। ×

वि. सं. १७३७ माघमा जितामित्रले कुमारीचोकको दक्षिण लङमा शोभाका निमित्त खोल्न नहुने राम्रो ढोका हाले। यस विषयको अभिलेख अभिलेख-संग्रह ११ भागको ८–९ पृष्ठमा छापिएको छ। त्यसको केही भागको अनुवाद यहाँ दिइन्छ –

"श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले शोभाका लागि खोल्न नहुने राम्रो ढोका हाल्नुभयो"।

चौध वर्षअघि आफूले बनाएको कुमारीचोकको ढुङ्गे खाटमा जितामित्रले वि. सं. १७४८ माघमा तामाको छाना हाले। यस विषयको सुवर्णलेख 'अभिलेख-संग्रह' ११ भाग ९ पृष्ठमा छापिएको छ। त्यसको केही भागको अनुवाद यहाँ दिइन्छ–

"ने. सं. ८१२ (वि. सं. १७४८) माघशुक्ल श्रीपञ्चमीमा श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले (यो छाना बनाउनुभयो")।

यसरी वि. स. १७३३ देखि १७४८ सम्ममा जितामित्रले यस चोकको निकै शोभा बढाइदिए।

### तलेजुलाई चढाइएका वस्तुहरू

राजा जितामित्र मल्ल आफ्ना बाबु बाजेहरू जस्तै आफ्ना इष्टदेवता तलेजु भवानीका भक्त थिए। त्यसो हुँदा तलेजुलाई खुशी पार्ने इच्छाले म यो काम गर्दछु भनी उनले आफ्ना धेरैजसा अभिलेखहरूमा कुँदाएका छन्। यसबाहेक तलेजु प्रीति गरी तलेजुलाई नै उनले समर्पण गरेका पनि केही कुरा छन्।

+ माथि उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ —

ने. स. ७९७ वि. सं. १७३४ भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी | नक्षत्र | घडी | योग | घडी |
|---|---|---|---|---|---|---|---|---|
| भाद्र | १९ | सोम | द्वितीया | २१ | उत्तरफाल्गुनी | १० | शुभ | ४८ |

(मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा रहेको पात्रोबाट)

× माथि उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८०१ शक सं. १६०२ कलि. सं ४७८१ वि. सं. १७३७ माघशुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| माघ | १९ | रवि | सप्तमी | ३५।१५ |

अब यहाँ जितामित्रले तलेजुलाई समर्पण गरेका ती कुराको विषयमा उनकै अभिलेखका आधारमा विचार गरिन्छ ।

वि. स. १७४१ पौष २१ गते जितामित्रले तलेजुलाई सुनको जलप लाएको तोरणसमेतको ढोका चढाए ×। जितामित्रले उक्त सुवर्णढोकामा मार्ने ताल्चा चढाए । सो ताल्चाको अप्रकाशित अभिलेख यहाँ दिइन्छ—

" श्रीश्रीसुमति जयजितामित्र मल्लदेवसन दयका "

[ श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले बनाउनुभयो ]

वि. सं. १७४१ पौष २१ गते जितामित्रले तलेजुलाई पूजाभाँडा चढाए । यस विषयको अभिलेख यहाँ दिइन्छ—

"श्रीश्रीश्री स्वेष्टदेवताचके श्रीश्रीसुमति जयजितामित्र मल्लदेवसन दु ता सम्वत् ८०५ मार्गशिरवदि ६ शुभ +"

[ ने. सं. ८०५ (वि. सं. १७४१) मार्गकृष्ण ( पूर्णान्तमानले पौषकृष्ण ) नवमीमा श्रीश्रीसुमति जय जितामित्र मल्लदेवले श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई चढाउनुभयो । ]

वि. सं. १७४१ माघमा जितामित्रले तलेजुलाई घण्टा चढाए। त्यस विषयको अभिलेख यस प्रकारको छ -

"ॐ श्रीश्रीसुमति जयजितामित्र मल्लदेवसन दयका सम्वत् ८०५ माघशुदि ५ ▭।

[ ने, सं. ८०५ ( वि. सं. १७४१ ) माघशुक्ल पञ्चमीमा श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले बनाउनुभयो ।

वि. सं. १७४७ कार्तिक २८ गते जितामित्रले दुइटा ठूला नगरा चढाए । त्यस विषयको अभिलेख यस प्रकारको छ–

"ॐ श्रीश्रीसुमति जयजितामित्र मल्लदेवसन दयका थ्व नगारा सम्वत् ८११ कार्तिकशुदि ७ बुधवार थ्व कुन्हु शुभम्*"

[ ने. सं. ८११ (वि. सं. १७४७) कार्तिकशुक्ल सप्तमी बुधवारका दिन श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले यो नगरा बनाउनुभयो ] ÷

---

× इतिहास-संशोधन ५१ संख्याको ६ पृष्ठ हेर्नुहोस् । संपूर्ण यो अभिलेख 'अभिलेख-संग्रह' ७ भागको २८ पृष्ठमा छापिएको छ।

+ तलेजुका पूजापात्रमध्येको एउटा बाटाको बीटको अप्रकाशित अभिलेख । यसलाई हामीले (भोलानाथ नयनाथ बृहस्पतिनाथले) महानवमीको दिन यज्ञमा देखेका हौं र त्यसै वेला पढेका हौं ।

▭ डी. एस्. पी. अगाडिको ठूलो घण्टाको अप्रकाशित अभिलेख ।

* भक्तपुर दरबारको दलानका जोडी नगराका अप्रकाशित अभिलेख ।

÷ माथि उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८११ वि. सं. १७४७ कार्तिकशुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| कार्तिक | २८ | बुध | सप्तमी | १७।४७ |

वि. सं. १७५१ पौष १ गते जितामित्रले आफ्नो जन्मोत्सवको दिन मूलचोकको पूर्व ढोकामा तोरण हाले। त्यस विषयको अभिलेख 'अभिलेख-संग्रह' ११ भागको ९--१० पृष्ठमा छापिएको छ। त्यसको केही भागको अनुवाद यस प्रकारको छ--

ने. सं. ८१५ (वि. सं १७५१) मार्गकृष्ण (पूर्णान्तिमानले पौषकृष्ण) नवमी हस्त नक्षत्र सौभाग्य योग शनिवार आफ्नो जन्मोसवको दिन आफ्ना इष्टदेवतालाई खुशी पार्न···शस्त्र शास्त्र संगीत आदि सबै विद्यामा पार भएका···कोटिहोम आदि यज्ञ गर्नुभएका श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले ढोकामा राम्रो काठको तोरण बनाउनुभयो ··· र श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई चढाउनुभयो।] ×

वि. सं. १७५२ श्रावणमा जितामित्रले जलद्रोणी बनाई तलेजुलाई चढाए। त्यस विषयको अभिलेख यस प्रकारको छ —

"स्वस्ति ॥ श्रीश्रीश्रीस्वेष्टदेवतासके श्रीश्रीसुमति जयजितामित्र मल्लदेवसन दुंता थ्व जलधुन ॥ सम्वत् ८१५ श्रावणशुदि ५ शुभ" ÷

[ने. सं. ८१५ (वि. सं. १७५२) श्रावणशुक्ल पञ्चमीमा श्रीश्रीसुमति जयजितामित्र मल्लदेवले श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई यो जलद्रोणी समर्पण गर्नुभयो।

यसरी वि. सं. १७४१ देखि १७५२ सम्म जम्मा ११ वर्षमा यति कुरा जितामित्रले तलेजुलाई चढाएको देखिएको छ।

रानी लालमती र उनले राखिदिएका जितामित्रका दुइ सालिक

जितामित्रको ख्याति बढाउने काममा उनकी रानी लालमतीको पनि हात छ। रानी लालमती आफ्ना पति राजा जितामित्र स्वर्गे भएको सत्ताइस वर्षपछिसम्म नाति रणजित् मल्लका पालासम्म पनि जीवित थिइन्। यिनी आफ्ना छोरा भूपतीन्द्रलाई बराबर राजकाजमा पनि सहयोग गर्दथिन्। त्यसो हुँदा छोरा भूपतीन्द्रको शासनकालमा लालमतीको ठूलो स्थान थियो। उनी आफ्ना स्वर्गवासी पतिका कृतिहरूको रक्षा गर्ने र उनका नाउँमा नयाँ कृति थपिदिने पनि गर्दथिन्। यसरी रानी लालमतीको व्यक्तित्वले पनि जितामित्रको ख्याति बढाइदिएको छ।

तलेजुको मन्दिरमा राजा जितामित्रका दुइवटा सालिक छन्। सुनको जलप लाएका ती दुवै सालिक उनैकी रानी लालमतीले जितामित्र स्वर्गे भएको निकै कालपछि राखिदिएकी हुन्।

---

× माथि उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ —

ने. सं. ८१५ वि. सं. १७५१ मार्गकृष्ण पूर्णान्तिमानले पौषकृष्ण

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| पौष १ | शनि | नवमी | ४।४६ | हस्त | ५७।५ | सौभाग्य | २३।३६ |

÷ तलेजुपछाडिको जलद्रोणीको टुटोको अप्रकाशित अभिलेख। यो अभिलेख त्यस टुटोको मुखमा र फेदमा गरी दुइ ठाउँमा कुँदिएको थियो। केही काल यता जीर्णोद्धार गर्नेले सिमन्ती लाइदिंदा मुखका जम्मै र फेदका बीस बाईस अक्षर छोपिएका छन्।

तिनमा पहिलो सालिक जितामित्र स्वर्गे भएको १३ वर्षपछि वि. सं. १७६६ महाष्टमी आश्विन २६ गते लालमतीले राखिदिएकी थिइन्। सो सालिक जामा पगरी लाएको, दुवै हातमा र माथमा दियो भएको, सुनको जलप लाएको ढलौटको छ। त्यसमा हाल सुनको जलप गइसकेको छ। कतै कतै टीकाटीकी मात्र बाँकी छ। सो सालिक र त्यसैको साथ राखिएको रानी लालमतीदेवीको सालिक पनि तलेजुको मन्दिरभित्रै रहन्छन्। केवल दसैंमा तलेजु आफ्नो मन्दिरमा नभई दसैंघर र कुमारीचोकमा भएको वेला केही दिन सो सालिक अगाडिको वेदीमा राखिएको हुन्छ। यसरी दसैंमा केही दिनबाहेक अरू दिन यस सालिकलाई सर्वसाधारणले देख्न पाउँदैनन्।

दोस्रो सालिक जितामित्र स्वर्गे भएको १८ वर्षपछि तलेजुको छानाको जीर्णोद्धार गरी त्यसैको टुँडालमा वि. सं. १७७१ फाल्गुनमा रानी लालमतीदेवीले राखिदिएकी हुन्। त्यस सालिकमा सुनको जलप र रङ्गसमेत लाएको छ। सो टुँडाल तलेजुमन्दिरका एकनासका छवटा टुँडालमध्येको सबभन्दा पश्चिमको टुँडाल हो। बीचका चार टुँडाल भने राजा जगज्ज्योतिर्मल्लले बनाएका हुन्*। सबभन्दा पूर्वको चाहिं लालमतीको सालिक भएको हो। यी छवटै टुँडालमा अग्ला अग्ला देवताका मूर्ति छन्। प्रत्येक मूर्तिमा सुनको जलप र रङ्गसमेत लाइएको छ। प्रत्येक टुँडालमा देवताका पैतालामुनि कपेको भागमा ससाना पूजा ध्यान आदि मुद्रामा बसेका राजा रानीहरूका मूर्ति छन्। ती सबैमा सुनको जलप र रङ्ग पनि लाइएको छ। छेउका दुइ टुँडालका मूर्तिमध्ये पूर्वतिरको लालमतीदेवीको र पश्चिमतिरको जितामित्र मल्लका हुन्। यस कुरालाई ती दुवै सालिकका अभिलेख र पहिरनले स्पष्ट बताउँछन्।

ती सालिकविषयका अभिलेखका कुरा यहाँ उद्धरण गरिन्छन्।

जितामित्रको सालिक राखी गूठीसमेत राखिदिएको अभिलेख 'अभिलेख-संग्रह' ७ भाग ३१ पृष्ठमा छापिएको छ। त्यसको केही भागको अनुवाद यहाँ दिइन्छ—

ने, सं. ८२६ (वि. सं. १७६६) आश्विनशुक्ल अष्टमी उत्तराषाढा नक्षत्र सुकर्मा योग शुक्रवारका दिन कन्या राशिमा सूर्य बसेमा; ठूलो कुलमा जान्मेको नाउँ चलेको २आफ्ना पतिकी पियारी,राजा भूपतीन्द्रकी मुमा महारानी लालमतीले आफ्ना स्वर्गवासी पतिका प्रेमले दुवै हातमा र माथमा समेत दियो भएको आफ्ना पतिको र आफ्नो समेत सुनका जलप लाएका सालिक आफ्ना इष्टदेवीलाई खुशी पार्न तिनै ईश्वरीका मन्दिरमा स्थापना गर्नुभयो ▱।

---

* "जयतु संस्कृतम्" १० अङ्कको १६ पृष्ठमा प्रकाशित नयनाथ पौडेलको 'जगज्ज्योतिर्मल्लस्याप्रकाशिताास्त्रयोऽभिलेखाः' नामक लेख हेर्नुहोस्।

▱माथि उल्लेख गरिएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८२६ वि. सं. १७६६ आश्विनशुक्ल

| गते | वार | तिथि | घ.प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| आश्विन २६ | शुक्र | अष्टमी | ६।५० | उत्तराषाढा | ३५।५२ | सुकर्मा | १३।३६ |

स्पष्टसूर्य ५ रा. २८ अं.

जितामित्रको सालिकको सुवर्णलेख 'अभिलेख-संग्रह' ११ भाग १३ पृष्ठमा छापिएको छ। त्यसको अनुवाद यहाँ दिइन्छ—

ने. सं. ८२९ (वि. सं. १७६६) आश्विनशुक्ल अष्टमीमा श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई खुशी पार्ने इच्छाले श्रीश्रीलालमतीदेवीले स्वर्गवासी श्रीश्रीजयजितामित्र मल्लदेवको सुवर्णप्रतिमा ( सुनको जलप लाएको सालिक ) बनाएर चढाउनुभयो।

लालमतीका सालिकको सुवर्णलेख "अभिलेख-संग्रह" ११ भाग १३-१४ पृष्ठमा छापिएको छ। त्यसको अनुवाद यहाँ दिइन्छ—

ने. सं. ८३५ (वि. सं. १७७१) फाल्गुनशुक्ल द्वितीयाका दिन श्रीश्रीजयभूपतीन्द्र मल्लदेव राजाका सुमा श्रीश्रीलालमतीदेवीले सुनको जलप लाएको दम्पतीको सालिक बनाएर श्रीश्रीश्रीतलेजुलाई चढाउनुभयो।

लालमतीको सालिकको सुवर्णलेखसँगै छापिएको जितामित्रका सालिकको सुवर्णलेखको अनुवाद—

श्रीश्रीलालमतीदेवीले चढाउनुभयो।

अहिले थाहा पाइए जति जितामित्र मल्लका कृतिहरूको उल्लेख माथि गरियो। जितामित्र मल्लले बनाएका भनी प्रख्यात भएका र उनको पालामा लेखिएका केही ग्रन्थ पनि पाइन्छन्। तिनको पनि विवेचना गर्नु राम्रो हो। यस विषयमा पछि विचार गरिनेछ।

—०—

## मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य

—धनवज्र वज्राचार्य

अहिले प्रकाशमा आएजति मात्र नेपालको इतिहास पढ्दा पाठकको मनमा अनेक कुरामा शङ्का उठ्छन्। परन्तु तीमध्ये कतिको उचित समाधान हुन पाउँदैन। यसो हुँदा कहिलेकहीं इतिहासको अध्ययन खल्लो हुन जान्छ।

यति सानो नेपाल- उपत्यकाभित्रै तीन राज्य स्वतन्त्र रूपमा सयौं वर्षसम्म कसरी टिकी रहे? ती तीन राज्य स्वतन्त्र भए तापनि तीनै राज्यमा एकै कुलका राजा हुँदा तथा प्रजा पनि एकै किसिमका हुँदा परस्परमा मिलीजुली रहेका हुन् कि भन्ने कुराको शङ्कासम्म गर्ने ठाउँ छैन। किनभने यस ताकाको तीन राज्यको इतिहास भन्नु नै यी तीन राज्यको परस्परको स्पर्धा, कलहले भएका घटनाहरू हुन् भने पनि हुन्छ। त्यसो भए यी तीन राज्यलाई एकै राज्य बनाई कुनै शक्तिशाली राजाले किन राज्य गर्न सकेनन् भन्ने प्रश्न उठ्छ।

गोरखालीहरूले कान्तिपुर ललितपुर भक्तपुरको राजधानी विजय गर्नुभन्दा धेरै अघिदेखि राजधानीका वरपरका इलाका कब्जा गर्दै आएका थिए। वि. सं. १८२२ मा कान्तिपुर राजधानीका बासिन्दालाई विष्णुमती शोभाभगवतीसम्म जान पनि गोरखालीको डर भइसकेको कुरा मच्छिन्द्रबहालमा रहेको 'शान्तिसफु' ले देखाउँछ। सेता मच्छिन्द्रनाथको महास्नानको लागि पौष शुक्ल सप्तमीको दिन प्रतिवर्ष विष्णुमती शोभाभगवतीतिर पानी लिन जानुपर्छ तथा पानी ल्याउनुभन्दा पहिले त्यहाँ धेरै पूजाआजा गर्नुपर्ने विधान छ । वि. सं. १८२२ मा गोरखालीको डर भएको हुँदा पानी मात्र सुट्टक्क ल्याई पूजाविधान त्यहाँ नगरी मच्छिन्द्रबहालमै गरेको घटना त्यस शान्तिसफुमा टिपिएको छ ÷ । यसबाट त्यसताका विष्णुमतीपारि स्वयम्भूको आसपाससम्म गोरखालीहरूको प्रभाव जमिसकेको देखिन्छ । कान्तिपुर-राजधानी--भित्र पस्नुभन्दा १४ दिनअगाडि पृथ्वीनारायण शाह बालाजुभेकमा आई बसेका थिए + । यसरी आधा घण्टाको बाटो पनि फरक नभएको ठाउँसम्म शत्रु आई बसेका छन् भन्ने थाहा पाई पाईकन पनि जयप्रकाश आदि मल्ल राजाहरू कसरी चूप लागेर बस्न सके तथा बालाजु विष्णुमती शोभाभगवतीसम्म वर्षौं अघिदेखि पसिसकेको गोरखाली सैन्यलाई कान्तिपुर आदि राज्यको राजधानीभित्र पस्न किन गाह्रो भइरह्यो ? यो प्रश्न पनि विचारणीय छ।

अहिले आएर यी शङ्का समाधान गर्ने कुरामध्ये एउटा प्रमुख कुराको झलक हाम्रो सामुन्ने आएको जस्तो मलाई लाग्छ। त्यो हो " मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य "। यस विषयमा केही कुरा फाटफुट यताउता हामीले लेखी पनि सकेका छौं ×। परन्तु एकै ठाउँमा एउटा निबन्धकै रूपमा प्रस्तुत गर्दा पाठकहरूलाई यस विषयमा विचार गर्न सजिलो होला जस्तो लागेकोले यो निबन्ध प्रस्तुत गरेको छु।

आजकाल कान्तिपुरेहरू वाग्मतीको पुलको बाटो सजिलैसंग ललितपुर पुग्न सक्छन्, त्यसै गरी ललितपुरेहरू पनि कान्तिपुर आउन सक्छन्। बढ्दै गएको आवादीले कान्तिपुर र ललितपुरलाई एउटै

---

÷ " संवत् ८८६ मिति पोसरा थ्व ७ स देओ र कारओने कुन्हु ग्वरखालि ओयाओ खुसिस पूजा याय मजियाओ बाहालस पूजा याङा ओ खूसिस लखजक तुरओना जुजुन सिपाहि बिज्यासेलस तयाओ रख तुयाओ ओया. "

[ने. सं. ८८६ (वि. सं १८२२) पौषशुक्ल सप्तमीका दिन देवताको ( सेता मच्छिन्द्रनाथको ) पानी ( महास्नान गराउने पानी ) लिन जाने दिन गोरखाली आइरहेका हुँदा खोलामा (विष्णुमतीमा) पूजा गर्न जान नहुनाले बहालमै पूजा गरियो । खोलामा पानी मात्र लिन गइयो । राजाले (जयप्रकाश मल्लले) विजयेश्वरीमा सिपाही राखिदिनुभएकोले पानी ल्याइयो । ]

+ 'ऐतिहासिक पत्र-संग्रह' (पहिलो भाग) को २७ पृष्ठ हेर्नुहोस् ।

× 'इतिहास-संशोधनको प्रमाणप्रमेय' को ७६ पृष्ठ तथा 'ऐतिहासिक पत्र-संग्रह' ( दोस्रो भाग) को ४–७ पृष्ठ हेर्नुहोस् ।

शहर जस्तो पारिसक्यो । ललितपुरको अपेक्षा भक्तपुर अलि टाढै छ तापनि भक्तपुर पनि झन् झन् नजीकै जस्तो हुँदैछ भन्ने कुरा बढ्दो आवत-जावतले बताउँछ । यस्तो अवस्थामा हामी रहेका हुँदा पुराना तीन राज्यको कुरा हामीले बिर्सदै जानु स्वाभाविक छ तथा ती तीन राज्यको संस्थानलाई संझाउने अवशेषहरू पनि प्रतिदिन भने जस्तै हराउँदै जान लागेकाले पनि हामीले पुराना कुरा बिर्सनु स्वाभाविक हुन आएको छ। तैपनि गहिरिएर चिन्तन गर्ने पुरुषलाई तीन राज्यका संस्थानसम्बन्धी कुरा बताउने सामान अझ पनि धेरै छन् ।

कान्तिपुरमा अन्तभन्दा धेरै परिवर्तन हुँदै आएकोले कान्तिपुरको पुरानो संस्थान बुझ्न अलि गाह्रो भएको छ । परन्तु केही अनुमान गर्ने साधन कान्तिपुरमा पनि मौजूद छन् । उदाहरणार्थ कान्तिपुरका बाटालाई नै लिन सकिन्छ। कान्तिपुर शहरबाट जतातिर बाहिर निस्के पनि ओह्रालो लाग्नुपर्ने ठाउँ आउँछन् । पश्चिममा स्वयम्भूभेकलाई ताकेर गयौं भने नरदेवी नाघेर जानेबित्तिकै ओह्रालो लाग्नुपर्ने ठाउँ आउँछ, त्यस्तै भीमसेनस्थानतिर गए पनि ओह्रालो लाग्नुपर्छ । दक्षिणभेकमा पचलीतिर यस्तै ओह्रालो परेको बाटो देखिन्छ । पूर्वतिर भोटाहिटी, वीरअस्पतालतिर पनि केही ओह्रालो लाग्नुपर्ने बाटो बाँकी नै छ । उत्तरतिर पनि पकनाजोलतिर ओह्रालो परेको बाटो कायमै छ । यसरी कान्तिपुर शहरका चारैतिर ओह्रालो लागेर जानुपर्ने यी बाटा संयोगले पर्न आएका होइनन् । अलि ध्यान दिएर हेरेको खण्डमा यी बाटाले त्यस वेलाको कान्तिपुरको संस्थानबारे केही बताउँछन् ।

भक्तपुरमा डुलेपछि पुरानो शहरको संस्थानबारे यसभन्दा बढ्ता कुरा हाम्रो आँखाको सामुन्ने आउँछन् । भक्तपुर शहरभित्र कतैबाट पस्दा उकालो चढेर जानुपर्छ, कतैबाट पस्दा ओह्रालो लागेर जानुपर्छ । भक्तपुर शहरको बाहिर उत्तरभेकमा खाईको केही अंश अहिले पनि भेटिन्छ । शहर पस्न लाग्दा ठाउँ ठाउँमा ढोकाका अवशेष देखापर्छन् । ठाउँ ठाउँमा शहरको बाहिरी भेकमा अग्ला अग्ला पर्खालको केही अंश अहिले पनि भेटिन्छ। यी सब पुरानो शहरको संस्थानसंग हामीलाई परिचित गराउने चिह्नहरू हुन् ×।

यीबाहेक पुरानो शहरको संस्थानलाई बुझाउने केही अभिलेख पुस्तक आदि पनि पाइएका छन्। त्यताबाट मल्लकालमा देशरक्षाको व्यवस्था कस्तो थियो, त्यसप्रति प्रजाको कर्तव्य कस्तो थियो भन्ने कुरा हामी केही बुझ्न सक्छौं ।

भक्तपुर राजदरबारको बाहिर भित्तामा यक्ष मल्लको वि. सं. १५१० को एउटा शिलालेख टाँसी राखिएको छ । त्यसबाट प्रस्तुत विषयमा निकै प्रकाश पर्छ । यक्ष मल्लले भक्तपुरका सारा बासिन्दाको सहयोगले जम्मै भक्तपुर शहरलाई एउटा ठूलो गढको रूपमा परिणत गरेको वर्णन त्यसमा परेको छ । सो गढको सबभन्दा अन्त्यको घेरामा खाई बनाइएको थियो । त्यसभन्दा भित्रपट्टि पर्खालले चारैतिर शहरलाई घेरिएको थियो । शहरभित्र पस्न ठाउँ ठाउँमा ढोका बनाइएका थिए । त्यहाँ किल्ला बनाइएका थिए। शहर पस्ने बाटाहरू कहीं उकालो चढी जानुपर्ने गरी बनाइएका थिए, कहीं

× ललितपुरमा पनि यस्ता केही अवशेषहरू भेटिन्छन् ।

ओह्वालो लागी जानुपर्ने गरी बनाइएका थिए। यस गढको रक्षाको लागि भक्तपुरका सारा बासिन्दा-हरूले अनिवार्य रूपमा केही कर्तव्य पूरा गर्नुपर्थ्यो। सो पूरा नगरे राजदण्ड लाग्थ्यो। प्रत्येक शहर-वासीहरूले आफ्नो आफ्नो टोलको नजीक इलाकाको गढको भागको रक्षाको लागि सावधान भएर रहनुपर्थ्यो। आफ्नो इलाकाको खाई पुरियो भने सफा गर्नुपर्थ्यो, पर्खाल भत्कियो भने बनाउनुपर्थ्यो। प्रत्येक लंकाठ (ढोकाका किल्ला) मा काठनायक (किल्लाको नाइके) नियुक्त गरिएका हुन्थे। किल्लाको रक्षाको भार काठनायकमाथि रहन्थ्यो। किल्लाको छानाको भाग वा अरू भागमा टूटफूट भयो भने काठनायकले जनताको सहायताले मर्मत गरी किल्ला मजबूत पारेर राख्नुपर्थ्यो। खाई पुरियो भने सफा गर्ने काम, पर्खालको मर्मत गर्ने काम सिठी (ज्येष्ठशुक्ल षष्ठी) को दिनसम्ममा पूरा गर्नुपर्थ्यो +। बर्षादपछि मर्मतको काममा बाधा पर्न सक्ने हुनाले बर्षाद शुरू हुनुभन्दा पहिले नै यो काम पूरा गरिहाल्ने व्यवस्था गरेको यताबाट बुझिन्छ। सिठीको भोलिपल्ट यसको परीक्षा गरिन्थ्यो। केही गरी मर्मतको काम पूरा नभएको ठहरिए तत् तत् इलाकाका किल्लाका नाइकेहरूलाई १२ द्रम्म दण्ड गर्ने व्यवस्था थियो। वर्षाद खिद्धिएपछि महालक्ष्मीधर्मविसर्जनको दिन (आश्विन कृष्णअष्टमीका दिन) गढ पर्खालको परीक्षा गरिन्थ्यो। कसैले यो गढको कुनै भाग बिगार्न खोज्यो भने त्यसलाई ६ द्रम्म राजदण्ड लाग्थ्यो। यस गढको टुक्रा ईट काठ आदि झिकेर लियो भने त्यसलाई प्रत्येक टुक्रा काठ ईंटको १।१ द्रम्मको दरले दण्ड गरिन्थ्यो।

इत्यादि व्यवस्थाको उल्लेख यक्ष मल्लको उक्त शिलालेखमा परेको छ। पाठकलाई प्रमाणको आधारमा यस विषयमा विचार गर्न सजिलो होस् भन्नाका लागि सो अभिलेखको सम्पूर्ण भाग भावानुवादसहित यहाँ दिइन्छ—

" ॐ नमो वसुन्धरायै ॥

विष्णोर्ब्बाहुलताकफोणिशिखरेणोद्धारिता मेदिनी,
गंगाद्या सरिताम्बरैव रुचिरालंकारिता स्थावरी।
नानाद्रव्यमयप्रगुप्तकरणा संन्यासलग्नाहिती,
त्वां नौमीह वसुन्धरे वरगणशालं रक्ष तं सर्व्वदा ॥

नेपालभूमण्डलचक्रवर्तिना,
उपांगचक्रामलकीर्तिकेतुना।
श्रीयक्षमल्लप्रभुना सुविस्तरं,
भक्तापुरीप्रावरणं चकार तत् ॥

---

+ सिठी नेवारहरूको चाडको दिनको रूपमा अहिलेसम्म चलेर आएको छ तथा त्यस दिन इनार सफा पार्ने चलन अहिलेसम्म चलेको छ। परन्तु उहिले यस दिनलाई केवल चाडको रूपमा मात्र नमनाई देशरक्षाको लागि देशवासीले श्रमदान गर्ने अन्तिम दिनको रूपमा मनाइन्थ्यो भन्ने कुराको झलक यताबाट पाइन्छ।

ब्रह्मक्षत्रियवैश्यशूद्रकजनैरद्द नवं निर्म्मितं,
पाषाणं बहुकाष्ठभाररचितं चादाय सर्व्वैर्ज्जनैः ।
द्वारे कोटसमन्वितं दिशि दिशि प्राकारतुंगोत्तमं,
कुर्व्वन्ति स्म सखातकीमतिमहाकष्टैश्च वित्तैर्व्ययैः ॥
दुर्गप्राकारभागे ह्यपहरति कदा संस्थितं दिग्विदिक्षु,
पाषाणं काष्ठलोष्ठं तदिह विनिहितं कश्चिदद्द तदेकम् ।
पापीयान् ब्रह्महंता शिशुवधकृतवान् सोपि गोघ्नः पुमान् वै,
एवं संरक्षतव्यं नगरनरवरैर्भूपतेः शासनं हि ॥
तस्मिन्नेपालिकाब्दे त्रिमुनिहरमुखे श्रावणे पूर्ण्णमाश्या–
मायुष्मान्योगयुक्ते भृगुसुतदिवसे ऋक्षनारायणाख्ये ।
प्राकारं द्वारकोटं नगरपरिवृतारम्भकालंकरोति,
श्रीमद्भक्तापुरे श्रीनृपमकुटमणिर्यक्षमल्लो नृपेन्द्र ॥

शुभ ॥ श्रीश्रीजययक्षमल्लदेव, प्रभु ठाकुरस, विजयराजस, श्रीख्वप्वस, खारनो, गडप्राकारनो, लंकाठनो, दयका जुरोम्, थ्व गड दयके निमितिन, ख्वप्वंस बसरपो लोकस्यं, अनेक कष्ट नस्यं, वितनवुं, उपेखरपं, दयका गड जुरोम, ब्रह्म क्षत्रि वैश्य शूद्र चतुर्व्वर्ण्ण आदिन, एक चित याङन, शिकु, अटकु, चाकु, थम थम बुस्यं शरीर कष्टरपं, दयकं तया थ्व गड जुरोम्, अवनलि, खारनो, प्राकारनो, लंकाठनो, थ्वते थव छेंपयिन मयाकनवुं, पयिन याङ यनेमाल जुरोम्, श्रीश्रीप्रभु ठाकुरस्येनो प्रदिक प्रधाननो, प्रजापाखननो, ख्वपंदेशश, बसरपको, समस्तस्यंवुं, झाडनथं, थंथुलं, कोथुलं, थव थव भुसं चोय काठयात, थम थम खागां ल्हास्यं सोखायेमाल, सोमबिवद्धालें, सोथुप्रति कुडछि धारे के काय, काठ प्वलोड चिचकवह्मन, सलखिना तांन जोङन सिठिंस न्हा, काठनायकन निदानन, लांकाठ प्वलोड, चिरमगकाले सिठिसांति काठनायकयाये काये, जिमने दाम, १२, थव थव दिशन, प्वलोड हिलमालओस, काठनायकनं हिले, गडप्राकारया सेयोये दिन महालक्ष्मीधर्म्मविसज्जन कोन्हु, ख्वप्वंदेशश बसरपको समस्तस्यवुं, खारङ्याङिस सडं, मेस, सा, फा, थ्वतेस्यवुं, न्होयकेमटेव, न्होस्यं स्यंकाले, मोडि दम्मछि धारे स्यंनकवयाके, राजन काय जुरोम्, खार दंवस्यंव सोस्यं, पाठिगामन यियके, ज्यायाचके प्राकारनो, लंकाठनो स्यंकाले थम डङा भुं थमथमवुं ज्या याचके, थं छायकं तकोस्यं चिंता यायमाल जुरोम् ।

गडप्राकारनो, लंकाठनो आराधरपं यिस्यं स्यंनकवह्मकाले, गोहथ्या, ब्रह्महथ्या, त्रीहथ्य आदिन पंचमहापातक लाक जुरोम्, स्यनकवह्मयाकेवुं राजन कायें द्रम्म गु ६, गडप्राकारयानो लंकाठयानो, अट, ल्वव्हं, सिंका कालं अटया प्रति, ल्वव्हंगवड प्रति, सिद्वाक प्रति दम्म छि १ धारे राजन काये जुरोम् ,

श्रेयोस्तु सम्वत् ५ ७३ श्रावणशुक्लपूर्ण्णमाश्यां, श्रवणनक्षत्रे, आयुष्मान्योगे, शुक्रवासरे, श्रीश्रीजययक्षमल्लदेव प्रभु ठाकुरस्यं प्राकार आदिन गड आरंभ याङा दिवस ॥शुभम्॥—६—॥

( इतिहास–प्रकाश १ अङ्कको ५६–६१ पृष्ठमा योगी नरहरिनाथद्वारा यो अभिलेख प्रकाशित भएको

छ । 'दशरा मशरा' गरी छपाउनुभएकोले उहाँको पाठको भरमा यसको नेवारीभागको अर्थ लगाउनु सम्भव छैन । यसैले मूलबाटै पढी यो पाठ यहाँ दिइएको छ । )

[ संस्कृत भागको अनुवाद ]

ॐ पृथ्वीलाई नमस्कार । विष्णुका बाहुलीका कुइनाको टुप्पोले उठाइएकी, गंगा आदि ठूलठूला नदीरूपी राम्रा गहनाले सिंगारिएकी, स्थिर भएकी, भिन्न अनेक प्रकारका पदार्थहरू भएकी, राम्रोसंग रहेकी यस्ती हे पृथ्वी तिमीलाई नमस्कार छ । यो गढ-पर्खाललाई सधैं रक्षा गर ।

नेपालभूमण्डलका चक्रवर्ती भएका, ( राज्यका ) अङ्ग उपाङ्गहरूमा कीर्ति फैलिएका राजा श्रीयक्ष मल्लले भक्तपुरमा यो ठूलो गढ बनाउनुभयो ।

ब्राह्मण क्षत्री वैश्य शूद्र आदि सबै जनताले प्रशस्त ढुङ्गा काठपात बोकेर ल्याई ठूलो कष्ट गरी धेरै पैसा खर्च गरी, चारैतिर खाई ठूलठूला पर्खाल ढोका ढोकामा किल्ला भएको यो नयाँ गढ बनाइएको हो ।

यस गढको पर्खालमा तथा यताउता रहेका ढुङ्गा काठपात ईंट आदि एक टुक्रा कसैले चोरेर लियो भने त्यसलाई पञ्चमहापाप लाग्नेछ । असल शहरियाहरूले राजाको यो हुकूम मान्नुपर्छ ।

ने. स. ५७३ (वि. सं. १५१०) श्रावणपूर्णिमा शुक्रवार श्रवण नक्षत्र आयुष्मान् योगमा, राजाहरूमा शिरोमणि भएका श्रीयक्ष मल्लले श्रीभक्तपुर शहरको चारैतिर पर्खाल, ढोकामा किल्ला बनाउन लाउनुभएका हो ।

[ नेवारी भागको अनुवाद ]

श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा श्रीभक्तपुरमा खाई गडप्राकार (गढको पर्खाल) लंकाठ ( ढोकाका किल्ला )हरू बनाइए । यो गढ बनाउनाको लागि भक्तपुरका बासिन्दाहरूले धेरै कष्ट सहनुपरेको थियो, पैसा खर्च गर्नुपरेको थियो, धेरै समय दिनुपरेको थियो । ब्राह्मण क्षत्री वैश्य शूद्र चारै जात आदिले मन लाईकन काठको भारी, ईंटको भारी, माटोको भारी आफैं आफैंले बोकी शरीरले कष्ट गरीकन यो गढ बनाइएको हो ।

अबदेखि खाई, पर्खाल, ढोकाका किल्लासंग सम्बन्ध राख्ने काम आफ्नो घरको इलाकाबाट गर्नुपर्ने जति आफैं आफैंले गर्दै लैजानुपर्छ । श्रीश्रीप्रभु ठाकुरले ( राजाले ), भारदारहरूले तथा प्रजाहरूले भक्तपुरमा बस्ने यी सबैले बर्सात लाग्नुभन्दा पहिले थंथु लं (उकालो चढी जानुपर्ने बाटो), कोन्थु लं ( ओह्रालो लागी जानुपर्ने बाटो ) र आफ्नो आफ्नो इलाकामा परेका किल्लाको हेरविचार आफैं आफैंले गर्नुपर्छ । यसो गरेनन् भने प्रत्येकलाई एक कुरुवा चामलका दरले दण्ड गर्नू ।

किल्लाका छाना मर्मत गर्ने मानिसलाई सामानको बन्दोबस्त गरिदिई सिठीभन्दा पहिले काठनायकले मर्मत गर्न लाउनपर्छ । किल्लाका छाना मर्मत गर्न लाएन भने सिठीको भोलिपल्ट काठनायकलाई १२ दाम दण्ड गर्नू । आफ्नो आफ्नो इलाकाका किल्लाका छाना बनाउनुपर्ने भएमा काठनायकले बनाउन लाउनू । गढको पर्खालको परीक्षा गर्ने काम महालक्ष्मीधर्मविसर्जन ( आश्विनकृष्ण अष्टमी ) का दिन गर्नू ।

पू. ४

भक्तपुरमा बस्ने कसैले खाईका माटाका ढिस्कामा घोड़ा रांगो गाई सुंगुरद्वारा कुल्चाउन नलाउनू। कुल्चाएर बिगारेको खण्डमा कुल्चने प्रत्येक वस्तुभाउको १ दामको दरले कुल्चाउनेसंग राजाले दण्ड गर्नू । खाई भत्कियो, पुरियो भने पाठिगाम ( ? ) द्वारा सफा पार्न लाउनू, वनाउन लाउनू।

पर्खाल, ढोकाका किल्ला भत्के बिग्रे भने आफ्नो आफ्नो इलाकाले बनाएको आफैं आफैंले मर्मत गर्नू ।

यहाँ लेखिएअनुसार यसको हेरविचार गर्नुपर्छ । कसैले गढको पर्खाल, ढोकाका किल्ला बिगार्न खोज्यो भने त्यसलाई गोहत्या ब्रह्महत्या स्त्रीहत्या आदि पञ्चमहापाप लागोस् । बिगार्नेलाई राजाले ६ दाम दण्ड गर्नू । गढको पर्खालको, ढोकाका किल्लाको ईंट ढुङ्गा काठ कसैले चोरेर लियो भने एक टुक्रा ईंट ढुङ्गा काठको १ दामको दरले त्यसलाई राजाले दण्ड गर्नू ।

ने. सं. ५७३ (वि. सं. १५१०) श्रावणशुक्ल पूर्णिमा श्रवण नक्षत्र आयुष्मान् योग शुक्रवारका दिन श्रीश्रीयक्ष मल्लदेव प्रभु ठाकुरले पर्खाल आदि गढको आरम्भ गर्नुभयो । शुभ ॥ ]

ललितपुरको संस्थानबारे यति राम्ररी खुलाएर बताउने कुनै अभिलेख पाइएको छैन[*]। परन्तु श्रीनिवास मल्लका पालाका पण्डित कुनू शर्माले बनाएको 'कीर्तिपताका' नामक ललितपुरको वर्णन परेको पुस्तक पाइएको छ । त्यसबाट त्यस वेलाको ललितपुरको संस्थान बुझ्न निकै मद्दत पाइन्छ । भक्तपुर जस्तै ललितपुर शहर पनि एक ठूलो गढकै रूपमा रहेको थियो, त्यहाँ पनि खाई पर्खाल किल्ला आदि रहेका थिए भन्ने कुरा पण्डित कुनू शर्माले हामीलाई बताएर गएका छन् । त्यस कारण कीर्तिपताकाको पनि केही अंश यहाँ उद्धृत गर्नु आवश्यक छ ।

"कैश्चिज्जनैर्गृहस्थानं पृष्टं पुर्याश्च मां प्रति ।
श्रीकुनूशर्मनामाहं तद्वर्णनं करोम्यतः ॥२॥

अत्र प्रथमं देशवर्णनम् ॥

अस्ति श्रीललिताभिधाननगरी नेपालभूमण्डले…
भास्वन्ती परिखेष्टिकावरणकैः षड्विंशरथ्यादिभिः ॥५॥

खालखिमा ॥

खेयाभ्यन्तरसंभवा हि तरवस्तत्प्रांतरे भान्ति वै…
नानाकुञ्जविभूषितातिललिताः प्रोत्तुङ्गशाखोत्तमाः ॥६॥

खाल ॥

…भाति श्रीपरिखा गभीरतिमिरं वैलोचनीवालयः
प्रोत्तुङ्गद्रुलतापलाशनिबिडच्छायासनाच्छादिता ॥७॥

---

[*] श्रीनिवास मल्लको 'संवत्सरलोहो' नामक अभिलेखमा यस विषयको अलिकता चर्चा परेको छ । त्यसको उल्लेख तल गरिएको छ ।

पतखाल ॥

प्राकारस्य च किं ब्रु मोऽद्भुतकथां प्रोत्तु ङ्गश्रृङ्गस्य तु
यद्भीत्याशुगसंततिः प्रतिहता भीमांशुवेगोद्धता ।
त्रैलोक्योन्मथनक्षमा नगवरेष्युद्ध ूतताद्यैन्द्रिया
तत्संलंध्य निवेशितु त्वकुशला चाभूद् द्विषां का कथा ॥८॥

देशकाठ ॥

प्राकारस्थितयुद्धतुङ्गवलभे राज्ञः कथां किं ब्रु मः
स्वापादोद्भवतु ङ्गवारिदचयोऽरोदीत्समारुह्य वै ।
मत्वा हेमशिलोच्चयं त्वतिभृशं तच्छीर्षश्रृङ्गो त्तमं
वृष्टिच्छद्मकरैः प्रतापदहनज्वालाव्यसह्यात् खरात् ॥९॥

ध्वाका ॥

श्रीमद्गोपुरसुन्दरातिललितैः श्रीमत्कपाटोत्तमैः
ये केचित् सुकृताः प्रवेशनमिहावामाय कुर्वन्ति वै ।
येः निःसारणमल्पपुण्यमनुजाः कुर्वन्ति पूर्द्वारतः
स्वर्द्वारैरिव तु त्रिविष्टपयुषां संक्षीणवृद्ध्येनसाम् ॥ १० ॥

('कीर्तिपताका' योगी नरहरिनाथको नेपाली अनुवादसहित 'जगदम्बा-प्रकाशन'बाट प्रकाशित भएको छ । राष्ट्रिय पुस्तकालयमा रहेको प्रतिबाट यसको केही अंश हामीले सारिलिएका थियौँ । ती दुवैको आधारमा यो पाठ यहाँ दिइएको छ ।)

[केही मानिसले ( ललितपुर ) शहर र त्यसका टोलहरूका विषयमा मसंग सोधपूछ गरेका हुनाले म कुनू शर्मा तिनको वर्णन गर्छु ।

अब पहिले देश (शहर) को वर्णन गरिन्छ । नेपालभूमण्डलभित्र ललितपुर भन्ने शहर छ । खाईं, ईंटका पर्खाल, २८ टोलले ललितपुर सुहाइरहेको छ ।

॥ खाईका रूख ॥ खाईको घेराको छेउ-छेउमा अग्ला-अग्ला, राम्रा, भयाम्न परेका रूखहरू छन् ।

॥ खाई ॥ अग्ला रूखहरू र लहराहरूका पातका बाक्ला छायाले छोपिएको खाई पाताल जस्तै अंध्यारो भई रहेको छ ।

॥ पर्खाल ॥ चुचुरो चुचुरो परेका, अग्ला अग्ला पर्खालका ताजुप लाग्दा कुरा त के भनौं । तीनै लोकलाई नाश पार्न सक्ने, ठूलठूला पहाडमा पनि बेरोकटोक जान सक्ने, वेगले आएका बाणहरू पनि जुन पर्खालको डरले गति रोकिएका छंदा पर्खाल नाघेर भित्र पस्न सक्दैनन् । शत्रुहरूको त के कुरा ।

॥ देशकाथ ( शहरका किल्ला ) ॥ पर्खालमा रहेका लडाइँका लागिको अग्लो बुर्जा (किल्ला) मा बसेका राजाकोः त के कुरा गरौं । जुन किल्लाको अग्लो टुप्पोमा चढ्दालेरि प्रतापका ज्वाला सहन नसक्दा

बर्षा ऋतुका बादल पनि यी त सुमेरु नै हुन् भन्ने संझी पानी पार्ने निहुँले रोए ।

॥ ढोका ॥ शहरबाहिरका ढोकाहरूमा राम्रा, बलिया खापाहरू लाइएका छन् । यी ढोकाबाट सज्जनहरू सजिलैसंग प्रवेश गर्न र शहरमा बस्न पनि पाउँछन्; खराप मानिसहरू पुण्य सिद्धिएकाहरू स्वर्गबाट निकालिए जस्तै निकालिन्छन् । ]

पण्डित कुनू शर्माले काव्यको ढाँचा ल्याउन खोज्दा यो वर्णन अलि अत्युक्तिपूर्ण हुन गएको छ। तर यक्ष मल्लको माथि उद्धृत भक्तपुरको शिलालेखमा उल्लिखित गढको वर्णन र कुनू शर्माको वर्णनको सारांश ट्वाक्क मिल्न आएकोले तात्कालिक शहरको संस्थान बुझ्न यसले हामीलाई मद्दत दिएको छ ।

कान्तिपुरको संस्थानलाई बताउने यस्ता अभिलेख वा पुस्तक आदि साधन भने अहिलेसम्म पाइएको छैन तापनि कान्तिपुर पनि भक्तपुर र ललितपुर जस्तै एक ठूलो गढकै रूपमा थियो भन्ने कुरामा सन्देह छैन । किनभने कान्तिपुरको अहिले देखिने संस्थान तथा तात्कालिक अरू घटनाले यस कुराको पुष्टि गर्छन्+ ।

भक्तपुर ललितपुर कान्तिपुर यी तीन ठूला शहरबाहेक यी तीन राज्यका अन्तर्गत अनेक साना साना शहर थिए । ती साना शहरहरू पनि प्रायः एक किसिमको गढकै रूपमा बसाइएका हुन्थे । यस्ता धेरैजसा शहरहरूमा यस कुरालाई संझाउने चिन्हहरू अहिले पनि पाइन्छन । भक्तपुरभन्दा २ कोश जति पूर्वपट्टि नाला शहर छ। नाला शहरमा गढका केही अवशेष अहिले पनि राम्ररी देखिन्छ । नाला शहर प्रायः भक्तपुर राज्यअन्तर्गत पर्दथ्यो । परन्तु कहिलेकहीं कान्तिपुरेहरू पनि नालामा आँखा गाड्थे तथा आफ्नो कब्जा जमाउँथे भन्ने कुरालाई नालामा पाइएको प्रताप मल्लको पालाको अभिलेखले प्रकट

---

+ तात्कालिक थ्यासफु आदिमा ठाउँ ठाउँमा "स्व नगरं र चारकु=तीनै शहरका बाटा खुलाए" भन्ने उल्लेख आउँछ । यसबाट भक्तपुर र ललितपुरका शहरका बाटाघाटाको जुन संस्थान थियो, कान्तिपुरको पनि त्यस्तै थियो भन्ने देखिन्छ ।

वि. सं. १७४५ मा भक्तपुरका राजा जितामित्रलाई लिई त्यहाँका प्रजाहरू कान्तिपुरमा शरण पर्न आए। त्यस वेला कान्तिपुरका बाटाहरू बन्द थिए । परन्तु धेरै संख्यामा हुँदा तिनीहरू जबरदस्तीसंग ढोका खोली कान्तिपुर पसेको वर्णन थ्यासफुमा परेको छ। (इतिहास-संशोधनको प्रमाणप्रमेयको २७७,२८० पृष्ठ हेर्नुहोस् ) यसबाट कान्तिपुर अहिले जस्तो साधारण शहरको रूपमा नभएर गढको रूपमा थियो भन्ने चाल पाइन्छ ।

हनूमान्‌ढोका दरबारमा थुनीं राखिएका महीपतीन्द्र मल्ल वि. सं. १७४२ मंसीरमा राति दरबारको भित्तामा प्वाल पारी निस्की पर्खालमा भरेङ हालेर ललितपुर भागेको वर्णन थ्यासफुमा पाइन्छ। (ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ३२ पृष्ठ हेर्नुहोस् ) । यसबाट कान्तिपुर शहर चारैतिर पर्खालले घेरिएको थियो भन्ने अनुमान गर्न सकिन्छ।

गर्छ ÷। यसैले नाला शहरले आफ्नो सुरक्षाको व्यवस्था मिलाउनुपरेको थियो। नाला शहर पहाडको ब्याँसीमा बसाइएको छ। भवाट्ट हेर्दा नाला शहरलाई शत्रुको डर भए पूर्व दक्षिण पश्चिम तीनतिरबाट हुनुपर्ने जस्तो देखिन्छ। किनभने उत्तर भेकमा त डाँडो पर्छ। त्यताबाट आक्रमण नहुनुपर्ने जस्तो देखिन्छ। परन्तु नाला शहरलाई गढको रूपमा परिणत गर्दा सबभन्दा बलियो गरी खाई पर्खाल आदि उत्तरभेकमा डाँडोमा नै बनाइएको हामी पाउँछौं। अहिलेसम्म पनि उत्तर–पश्चिम र उत्तरभेकमा मजबूत पाकी ईंटको पर्खाल मौजूद छ। सो पर्खालको चौडाइ साढे दुइ हात तीन हातसम्म पनि फराकिलो छ। पर्खालको पारिपट्टि डाँडोमै खनेर खाई बनाइएको थियो भन्ने कुराको संकेत त्यहाँको संस्थानले दिन्छ। पूर्व दक्षिण र पश्चिम भेकमा भक्तपुरकै राज्यक्षेत्र भएका हुनाले त्यताभेकबाट शत्रु आउने सम्भावना कम भएको र उत्तर भेकमा डाँडो भए तापनि डाँडोपारि कान्तिपुरको राज्यक्षेत्र भएको हुँदा डाँडोतिर विशेष मजबूत रक्षाको व्यवस्था गर्नुपरेको कुरा यताबाट बुझिन्छ।

यसै गरी कीर्तिपुरमा पनि खाई आदि गढका अवशेष अहिलेसम्म देखापर्छन्। लुभु फर्पिङ आदि साना शहरमा पनि गढका चिन्ह भेटिन्छन्। थानकोटको एउटा शिलालेखबाट थानकोट शहर पनि उहिले गढको रूपमा रहेको थियो भन्ने बुझिन्छ। सो शिलालेखको सारांश यस प्रकारको छ—

"सम्वत् ८७३ पौ(षशुक्ल)पूर्ण्णमास्यान्तिथौ···शुक्रवासरे थ्व कुन्हु श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयराज्यप्रकाशमल्लदेवया प्रज्यायस। देश···दथलाछें जयरत्नसिंह ··देशाया गर प्राकाल सेङाया (जीर्णोद्धार) याक रत्नसिंह···समूहन जुरो। ··· देश परमान···दुवालनं प्रजानं सेङथास विचाल यायमाल"

(थानकोट महालक्ष्मीदेवलको शिलालेखबाट ❀)

[ने. सं. ८७३ (वि. सं. १८०६) पौषशुक्ल पूर्णिमा शुक्रवारका दिन श्रीमाणिग्ल (ललितपुर)का मालिक महाराजाधिराज श्रीश्रीजयराज्यप्रकाश मल्लदेवको शासनकालमा··· दथलाछेंका जयरत्नसिंह आदिले ··· देशको गढ़-पर्खाल बिग्रिरहेको हुँदा जीर्णोद्धार गरियो। यो बिग्र्यो भने··· देशका प्रमान (बडाहाकिम)···द्वारे प्रजाहरूले हेरविचार गरी बनाउनुपर्छ। ]

स्वर्गवासी हिजहाइनेस अतिरथी श्रीकेसरशमशेर ज. ब. रा. को पुस्तकालयमा रहेको 'साद्यन्तकोशसार' भन्ने एउटा पुस्तकमा शहर र साना शहरको परिचय यसरी दिइएको छ—

---

÷ "सम्वत् ७९१ ··· अष्टम्यायां तिथौ ··· हर्षनजोगपरवज्रयोगे···शुक्रवासरे···श्रीश्रीमहाराजाधिराजकवीन्द्रजयप्रतापमल्लदेवप्रभुथाकुलविजयलाज्ये"

( नाला गल्सटोलको अभिलेखबाट। यसको प्रतिलिपि संशोधनमण्डलको संग्रहमा छ।)

[ने.सं.७९१ (वि.सं. १७२८)···अष्टमी···हर्षण उप्रान्त वज्र योग···शुक्रवारका दिन···श्रीश्रीमहाराजाधिराज कवीन्द्र जयप्रताप मल्ल प्रभु ठाकुरको विजयराज्यमा ]

❀ वीरपुस्तकालयमा रहेको प्रतिलिपिबाट यो पाठ हामीले पढेका हौं।

"मूलनगरम्=प्राकार खार गह्व राजधानिक देवल मण्डप श्रोति वेद युदिसि आदिपं पण्डितलोक स्वतेनस मण्डल जुव.
शाखानगरम्=श्वथ्यंग्व नगरलिस्यं स्वङ्ग्व चची नगर"

[पर्खाल खाई गढ़ राजधानी देवल मण्डप तथा वेद जान्ने ज्योतिषी आदि पण्डितमण्डलीसमेत भएको मूल नगर (मुख्य शहर) भनिन्छ।

योसंगै रहेको यस्तै सानो शहर शाखानगर भनिन्छ।]

यीबाहेक आफ्नो राज्यको रक्षाको लागि बाटोघाटो आदिको विचार गरी ठाउँ ठाउँमा अनेक किल्ला बनाइएका हुन्थे। जसबाट शत्रु शहर, साना शहरभित्र पस्न नपाउँदै बीचमै उसलाई रोक्न सजिलो हुन्थ्यो। तात्कालिक अभिलेख थ्यासफुहरूमा यस्ता अनेक किल्लाको उल्लेख पाइन्छ×। यस्ता किल्ला पछिसम्म थिए। राइटले (वि. सं. १९३३ तिर) नेपाल–उपत्यकाका वरिपरि यस्ता किल्लाहरू आफूले देखेको उल्लेख गरेका छन्+। उनको वर्णनबाट त्यस्ता किल्लामा ४०।५० जनासम्म बस्न

---

×प्रताप मल्लले आफ्नो कृष्णमन्दिरको शिलालेखमा "श्रीमत्सिद्धिनृसिंहमल्लनृपतेर्जग्राह दुर्गावलीम्=[राजा प्रताप मल्लले] राजा सिद्धिनरसिंह मल्लका किल्लाहरू कब्जा गर्नुभयो" भनी लेखाएका छन्।

वि. सं. १७४६ को अन्त्यमा योगनरेन्द्र मल्लले कान्तिपुरका ७ र भक्तपुरका २ बटा गरी जम्मा ९ वटा किल्ला दख्खल गरेको वर्णन तात्कालिक थ्यासफु, शिलालेखमा पाइन्छ—

"स ८१० फाल्गुणकृष्ण एकादशी उत्राषाढ नक्षत्र सोमवार थ्व कुन्हु···अयथाकाठपनि गुगोर काव, खप्वया निगोर एलजुन, खप्व यँ वउ"

(थ्यासफुबाट)

[ने. सं. ८१० (वि. सं. १७४६) फाल्गुणकृष्ण एकादशी उत्तराषाढा नक्षत्र सोमबारका दिन ललितपुरेहरूले अयथाकाठ आदि ९ वटा किल्ला कब्जा गरे। तिनमा भक्तपुरका दुइवटा किल्ला थिए। भक्तपुर र कान्तिपुर मिलिरहेका थिए।]

"श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुलसन···राजा राजाया चूडामणि जुयाव बिज्याक, क्वात गुगोरं च्यात्ररनं काव, याकात चोङाव थथि अवसरस ···८१० ज्येष्ठकृष्ण दितीयायां तिथौ"

(यम्पिविहारको अभिलेखबाट। अभिलेख-संग्रह ६ भाग २० पृष्ठबाट)

[श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरले राजाहरूमा शिरोमणि भई ९ वटा किल्ला र च्याघर कब्जा गरी एक्लै रहनुभएको वेलामा। ने. सं. ८१० (वि. सं. १७४७) ज्येष्ठकृष्ण द्वितीयामा···]

यताबाट तीनै राज्यमा अनेक किल्ला थिए भन्ने सिद्ध हुन्छ।

+ "दिअर् आर् द रिमेन्स् अफ् सच् स्माल् गढिज् अर् फोर्टस् अन् आल् द लो रेञ्जेज् राउण्ड् द भ्यालि. दे कॉन्सिस्ट् अफ् सक्युलर् डिचेज् यॉन्ड् माउन्ड्स्, यॉन्ड् कुड् हार्ड्लि ह्याँभ् हेल्ड् मोर् द्यॉन् फोर्टि अर् फिफ्टि मेन्."

(राइटको 'हिस्ट्रि अफ् नेपाल' द्वितीय संस्करणको १५४ पृ०)

[उपत्यकाका चारैतिर अलि होचा डाँडामा यस्ता किल्लाहरूका अवशेषहरू अहिले पनि छन्। ती किल्लाको चारैतिर खाईं र ढिस्का छन्। ती किल्लामा ४०।५० जनासम्म बस्न सक्छन्]

-सकिन्थ्यो भन्ने थाहा पाइन्छ। शय, सवा शय जना बस्न हुने किल्ला पनि हुन्थे भन्ने कुरा वंशावलीबाट बुझिन्छ ÷ ।

यति कुराबाट मल्लकालमा देशरक्षाको व्यवस्था कस्तो थियो तथा त्यसप्रति प्रजाको कर्तव्य कस्तो हुन्थ्यो भन्ने कुराको केही झलक हाम्रो सामुन्ने आएका छ । प्रजाको कर्तव्यबारे केही बताउने अरू साधन पनि पाइएका छन्। यस कारण यस विषयमा अलि बढ्ता विचार गर्नुपरेको छ।

ललितपुरका राजा श्रीनिवास मल्लले वि.सं. १७२९ मा राता मछिन्द्रनाथको मन्दिरमा'संवत्सरलोहो' नामक एउटा शिलालेख राख्न लाएका थिए× । त्यसमा वर्षदिनसम्म ललितपुरका राजा र प्रजाले गर्नुपर्ने कुराको चर्चा परेको छ। त्यसबाट देशरक्षाप्रति प्रजाको कर्तव्यबारे केही बुझिन्छ। गढ-प्रकार (गढको पर्खाल)को काममा, पुल बनाउने काममा, राजकाजसम्बन्धी काममा अर्थात् कतै लड्न जानुपर्दा इत्यादि देशसंग सम्बन्ध राख्ने काममा राजाले अनिवार्य रूपमा प्रजासंग काम लिन पाइन्थ्यो (झारा लाइन्थ्यो)। यसमा काम गर्न नमान्ने व्यक्तिलाई पैसा दण्ड गर्ने, थुन्ने, देशनिष्कासनसम्म गर्ने अधिकार राजालाई थियो। यीबाहेक अरू काममा राजाले प्रजासंग जबरदस्ती काम लिन पाइँदैनथ्यो। यो कुरा उक्त 'संवत्सरलोहो' मा स्पष्टसंग लेखिएको छ—

"पुन भाषा श्रीश्रीराजान प्रजापनि दुःख बीयु थुति अर्थस जुरो, गढ़प्राकार ज्यास, ता साल ज्यास, दछिस छपोल जाथुसि कायस, राजिकया ज्यास, थ्वति ज्यास सुनानं, बेङ मबेङ धास्यं मयायमदो, ग्वह्मन मयात. ओह्मयाके वसुत काय, खकिन नेय, पाखान पिंकाय जोग्य जोग्यथ्यं शास्ति याय, थथ्य याङा धक प्रजापनि दुख चायमदो, राजापनिस्यन जुरसां, थवके निस्त्रपु धक बेङकेमदो, कुह्मरजुपनिस्यन जुरसां प्रमानपनिस्यन जुरसां थव थवस्के निस्त्रपु धक थुति विथिबाह्य बेङकरसा श्री ३ बुंग इष्टदेवताया कुदृष्टि श्रीश्रीथाकुरया गुणाहागार जुरो, थ्वति भाषा जुवराज श्रीश्रीजोगनरसिंह साक्षी तयाव भगीरथ भयीयाव साहुतिन तया"

[ अर्को बेहोरा—श्रीश्रीराजाले यति कुरामा प्रजाहरूलाई दुःख दिनु हुन्छ— गढ-पर्खालको काममा; पुल फेर्ने काममा; वर्षको एक पटक जाथुसि (करविशेष ?) लिने कुरामा; राजिक काम ( राजकाज-सम्बन्धी काम=कतै लड्न जानुपर्दाखेरिको काम)मा । यति काममा कसैले फुर्सद छैन भनी आनाकानी गर्न पाउँदैन । जसले यी काम गर्दैन; उससंग पैसा दण्ड गर्नू; उसलाई डोरीले बाँध्नू; देशनिष्कासन गर्नू; जस्तो ठीक हुन्छ; त्यस्तो सजाय गर्नू । यसरी सजाय गरियो भनी प्रजाले दुःख नमान्नू। आफ्ना मान्छे भनी राजाले छोड्नु हुँदैन । राजकुमार तथा भारादारहरूले पनि आफ्ना आफ्ना मान्छे भनी यति स्थितिबन्देज नाघ्नु हुँदैन । नाघे भने श्री ३ बुंग इष्टदेवता (राता मछिन्द्रनाथ)को कुदृष्टि परोस् ।

÷ " त्यहाँपछि पाटन एकला भया···यहाँपछि प्रजाहरू जम्मा भई जाई लडाइँ गरी कोट जिती लिई कोत्वरमा रह्याका १३९ जनाकन छाडिपठाया "

(भाषावंशावलीबाट )

× संशोधन-मण्डलद्वारा प्रकाशित'अभिलेख-संग्रह'१० भाग९-११पृष्ठमा यो अभिलेख प्रकाशित भएको छ।

श्रीश्रीराजाको सामुन्ने ती अपराधी ठहरिनेछन्। यो बेहोरा युवराज श्रीश्रीजोगनरसिंह (योगनरेन्द्र मल्ल) साक्षी राखी भगीरथ भैयाको सल्लाहले बनाइएको हो। ]

राजाले प्रजासंग वर्षको एक पटक जाथुसि (करविशेष ? ) पनि लिइन्थ्यो भन्ने यताबाट बुझिन्छ।

रणजित् मल्लको नकदेश र बोडेको ताम्रपत्रबाट पनि पहिलेदेखि चलेर आएको केही दस्तूर प्रजाले राजालाई बुझाउनुपर्थ्यो भन्ने संकेत पाइन्छ। राजाद्वारा नियुक्त प्रमान ( बडाहाकिम ) र द्वारेलाई पनि प्रजाले दस्तूरबमोजिम केही दिनुपर्थ्यो। प्रमानले केही सिपाही तयार राख्नुपर्थ्यो। हाकिम भनेर प्रमानले जबरदस्ती प्रजासंग केही लिन पाइँदैनथ्यो। केही गरी प्रमानले जबरदस्ती गरे राजाकहाँ उजूर गर्न पाइन्थ्यो। नकदेश र बोडेको एकै बेहोराको सो ताम्रपत्रको सारांश यस प्रकारको छ—

"श्रीश्रीजयरणजित्मल्लदेव प्रभु थाकुरसन, नकदेसया, (बोडेकोमा—धर्म्मपुलिदेसया ) प्रमान, सेष्ठ, पंच, प्रर्जायतां भाखापत्र चोसें प्रस्न जुया भाखा थ्वते, न्हाया दस्तुर जुक, श्री २ राजायता यायमाल, उपरान्त प्रमान दुवालयता, न्हाया दस्तुरथें बियमाल, प्रर्जाया वस्तु हाखिम धकाव बलन कायमदु, बलन कालसा श्री २ राजायके फेराद वयमाल...सिपायि ह्मेगो गुलि दता, उलि दयकेमाल ...सम्वत् ८८९ मार्गशिल शुदि ४"

( संशोधन-मण्डलद्वारा प्रकाशित 'अभिलेख-संग्रह' ११ भाग१६–१७ पृष्ठमा यो छापिएको छ )

[ श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले नकदेशका ( अर्कोमा—धर्मपुरीदेशका=बोडेका ) प्रमान, श्रेष्ठ, पंच प्रजाहरूलाई निगाह गरी गरिदिएको व्यवस्थापत्रको बेहोरा यस प्रकारको छ– प्रजाहरूले राजाप्रतिको पहिलेदेखिको दस्तूरको प्रतिपालना गर्नुपर्छ।...उप्रान्त प्रमान , दुवाल (द्वारे)-लाई पहिलेको दस्तूरबमोजिम दिनुपर्छ। प्रमानले हाकिम भनेर प्रजाको कुनै वस्तु जबरदस्ती लिन पाइँदैन । जबरदस्ती गरी लिए भने श्रीश्रीराजाकहाँ उजूर गर्न आउनू।...प्रमानले पहिले जति सिपाही थिए, त्यति कायम राख्नुपर्छ।... ने. सं. ८८९ (वि. स. १८२५) मार्गशुक्ल चतुर्थी। ]

मल्ल राजाहरूसंग स्थायी सैन्य धेरै हुँदैनथ्यो। यस कारण देशरक्षाको काममा प्रजा पंचको पनि निकै हात रहन्थ्यो। आफ्नो देशमा शत्रुले आक्रमण गऱ्यो भने प्रजाहरू नै सैनिकको रूपमा लडाइँको मैदानमा उत्रन्थे। शत्रुलाई धपाई आफ्नो प्रदेश फिर्ता गराई फर्केपछि यसको खुशीयालीमा राजाले प्रजाहरूलाई केही बहुमूल्य वस्तु बकस दिन्थे। त्यसबाट प्रजाहरू प्राय: आफ्ना इलाकाका देवताको पूजा आजा गरी देवतालाई तोरण, सुनको फूलको माला आदि चढाउने काम गर्थे। यस्तो खुशीको अवसरमा कहिलेकहीं राजाले प्रजाहरूलाई भोज खुवाउने र उनीहरूको माग पूरा गरिदिने पनि गर्थे। वि. सं. १७८७ तिर कान्तिपुर ललितपुर गोरखा तीन राज्यले मिली भक्तपुरको ओभू किल्ला दखल गरी अगाडि बढी सोमलिङ्गमा ठाना हाल्दा भक्तपुर र भक्तपुरराज्यक्षेत्र ठिमी चोपुर नकदेश बोडे आदिका प्रजाहरू उठी ती तीनै राज्यको संयुक्त सैन्यलाई हराई ओभू फिर्ता लिए। यसबाट प्रसन्न भएर भक्तपुरका राजा रणजित् मल्लले कुनैलाई सुनको गहना, कुनैलाई हात्ती बकस दिएको कुराको उल्लेख परेका ताम्रपत्रहरू पाइएका छन्+। ललितपुरका राजा योगनरेन्द्र मल्लले

+ऐतिहासिक-पत्र-संग्रह (दोस्रो भाग) को ५२–५७ पृष्ठ हेर्नुहोस्।

शत्रुको हातबाट आफ्नो किल्ला फर्काएको खुशीयालीमा आफ्ना प्रजाहरूको माग पूरा गरिदिई तिनीहरूलाई भोज खुवाएको उल्लेख वंशावलीमा पाइन्छ× ।

देशरक्षासम्बन्धी कार्यबाहेक सबैको साझा रूपको अरू केही काम पनि प्रजाले अनिवार्य रूपमा गर्नुपर्थ्यो । वि. स. १७४० मा भक्तपुरका राजा जितामित्र मल्लले कुलोको बन्दोबस्त बाँधी राखेको एउटा शिलालेखमा वर्षको एक दिन प्रजाहरूले कुलो बनाउन जानैपर्ने कुराको ,चर्चा परेको छ। कुलो बनाउन नगए ३ दाम दण्ड लाग्थ्यो । काम गर्न गइसकेकालाई दण्ड गर्ने वा काम गर्न नगई गएँ भनी ठगठाग गर्ने आदि अव्यवस्था नहोस् भनी काम गर्न गएका प्रजाहरूलाई अधिकारीद्वारा निस्सा दिने कुराको पनि त्यस शिलालेखमा उल्लेख परेको छ+ ।

माथि उल्लिखित यति केही प्रमाणहरूले मल्लकालमा देशरक्षाको प्रबन्ध र त्यसप्रति प्रजाको कर्तव्य-बारे केही नयाँ प्रकाश पारेका छन् भन्ने मलाई लाग्छ ≔ । अन्वेषण-कार्यलाई बढाउँदै लान सके यस विषयलाई अझ खुलस्त रूपमा बुझ्न हामी समर्थ हुनेछौं । यस वेलाको शहरको दृश्य परेका कति तात्कालिक चित्रहरू पनि होलान् । परन्तु तिनको महत्त्व नबुझ्दा उपेक्षित रूपमा कता कुनातिर कोचिएर रहेका होलान् । यस्ता चित्र खोजेर प्रकाशमा ल्याउन सकेको खण्डमा तात्कालिक शहरको संस्थान प्रत्यक्ष रूपमा हाम्रो सामुन्ने आउनेछ ।

—०—

# नेपालराज्यको एकीकरणको फलस्वरूप विद्वान्‌हरूको दृष्टिकोणमा आएको अन्तर

—दिनेशराज पन्त

पचास जति सानसाना राज्यमा बाँडिएको नेपाललाई एक पार्ने कामको जग पृथ्वीनारायण शाहले आफ्नो ३२ वर्षसम्मको कडा परिश्रमले हालेर गएका हुन् भन्ने कुरा नेपालको इतिहासमा अलिकति चाख भएको मानिसलाई पनि थाहा भइसकेको छ । पृथ्वीनारायण शाहको यस एकीकरणको असर

× 'इतिहास-संशोधनको प्रमाण-प्रमेय' को २८१—२८२ पृष्ठ हेर्नुहोस् ।

+सो शिलालेखको उद्धरण भोलानाथ पौडेलको 'जितामित्र मल्लका कृतिहरू' भन्ने यसै अङ्कमा परेको निबन्धमा भएको छ ।

≔ कर्तव्यको साथसाथै यस वेला राजकाजमा प्रजापक्षको केही अधिकार पनि हुन्थ्यो भन्ने कुरा वि. सं. २०१८ फाल्गुन २६ गते शुक्रवारको 'नेपाल-समाचार' मा संशोधन-मण्डलद्वारा रचना गरी प्रकाशित गराइएको "मल्लकालको राजकाजमा प्रजापक्षको स्थान" भन्ने निबन्धमा प्रतिपादित गरिएको छ।

नेपालको विभिन्न विषयमा परेको थियो । यस निबन्धमा पृथ्वीनारायण शाहको उद्योगको फलस्वरूप विद्याको क्षेत्रमा आएको केही परिवर्तनको विषयमा विचार गरिन्छ ।

वीरपुस्तकालय, राष्ट्रिय पुस्तकालय आदि पुस्तकालयमा गएर हेर्‍यौं भने पृथ्वीनारायण शाहभन्दा अघि रचना गरिएका तथा सारिएका पुस्तकहरू हामी पाउँछौं । तर ती पुस्तकहरूमा नेपालको इतिहास, राजकाज तथा लौकिक कुरालाई आधार मानेर लेखिएका पुस्तक हामीहरू कम पाउँछौं । त्यहाँ रहेका धेरैजसो पुस्तकहरू तन्त्र, स्तोत्र, कर्मकाण्ड, काव्य, नाटक आदि विषयका छन् ।

बाह्र हजार घर भएको अर्थदृष्टिले कमजोर भएको गोरखाका राजा पृथ्वीनारायण शाहलाई अगाडि बढ्न निकै परिश्रम गर्नुपरेको थियो। उनको विजययात्रा केवल सैन्यशक्तिको भरमा मात्र भएको थिएन। निश्चित योजना लिएर त्यहीअनुसार काम गर्दै जाँदा पृथ्वीनारायण शाहले कलम पनि त्यत्तिकै चलाउन लागेका थिए । विभिन्न अवस्थामा लेखिएका विभिन्न विषयका पत्रहरूले पृथ्वीनारायण र उनका भारादारहरूको राजनीतिविषयको ज्ञान र प्रभावपूर्ण लेखनशैलीलाई देखाउँछन्। यी पत्रहरू व्याख्यासहित ऐतिहासिक पत्रसंग्रहहरूमा प्रकाशित हुँदैछन् । यसो हुँदा पृथ्वीनारायण शाहलाई पढेलेखेका कलम चलेका पण्डितहरूको पनि आवश्यकता भयो र उनको सहवास पाएका वा त्यस परम्परामा हुर्केका विद्वान्हरूको कलममा नयाँ मोड आउन थाल्यो । पृथ्वीनारायण शाहको पालामा र त्यसपछि लेखिएका ग्रन्थहरूको अध्ययन गरेर हेरेको खण्डमा यो कुरा स्पष्ट रूपमा देखापर्छ ।

वि. सं. १८२५ मा पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरेपछि लक्ष्मण कविले कवितानिकषोपल लेखे× त्यसमा चोखो राजनीति विषयका कुरा धेरै नभए तापनि राजनीतिविषयका केही कुरा पनि परेका छन्। त्यसको एक वर्षपछि वि. सं. १८२६ मा भक्तपुर विजय भएपछि ललितावल्लभले भक्तविजय काव्य लेखे +। त्यसको एक वर्षपछि वि. सं. १८२७ मा उनै कविले पृथ्वीन्द्रवर्णोदय काव्य लेखे*। भक्त विजयकाव्य तथा पृथ्वीन्द्रवर्णोदयको आधाजति भाग इतिहास र राजनीतिविषयका कुराले भरिएको छ। यही क्रमले पृथ्वीनारायणसँगको सहवास पाएका≉ राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले वि. स. १८४९ मा

---

× योगप्रचारिणी गोरक्षटिल्ला काशीबाट प्रकाशित कवितानिकषोपलको ४१,४३ पृष्ठ हेर्नुहोस्।

+जगदम्बा-प्रकाशनबाट प्रकाशित "इतिहास-संशोधनको प्रमाणप्रमेय"को ११६-११७ र २६७ पृष्ठ हेर्नुहोस् ।

*स्वस्ति श्रीशाके १६९२ मासे मार्गशीर्षे कृष्णपक्षे त्रयोदश्यां गुरुवासरे लिखितं कविना स्वयं।··· इति श्रीपृथ्वीन्द्रवर्णोदये काव्ये ललितावल्ल (भ) कविविरचिते।

[शाके १६९२ (वि.सं. १८२७) मार्गकृष्ण त्रयोदशी बृहस्पतिवारमा कवि ललितावल्लभले बनाएको पृथ्वीन्द्रवर्णोदय काव्य कविले आफैंले सारे ।]

≉ वीरपुस्तकालयबाट प्रकाशित श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनीको २,३९-४० पृष्ठ हेर्नुहोस् ।

जयरत्नाकर नाटक लेखे ÷ । वि. सं. १८४३ देखि १८४६ सम्म गोर्खालीहरूले गरेको विजययात्रालाई आधार मानी सो नाटक लेखिएको हो। यही परम्परामा जन्मेका + वाणीविलास पाँडेले तात्कालिक शासक भारादारहरूको प्रशस्ति वंशावली आदिलाई आधार बनाई आफ्नो कलम दौडाएका छन्।

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि. सं. १८१५-८८) लाई पनि यही परम्पराले अगाडि बढ्न प्रोत्साहन दिएको थियो । उनी बीस वर्षको उमेरदेखि नै ज्योतिषीको रूपमा लडाइँको मैदानमा गएका थिए। सल्ल्यान जाजरकोट आदि राज्यसङ्ग तथा कुमाउसंग सन्धि गराउनामा यिनको पनि हात थियो ×। लक्ष्मीपति पाँडेले ज्यौतिषसम्बन्धी यन्त्रहरू बनाएका थिए । उनले वि. सं. १८४७ मा बनाएको धूपघडी नेपाल म्यूजियममा छँदैछ= । यिनले ज्योतिषसम्बन्धी केही पुस्तकको रचना गरेका र केहीको टीका बनाएका थिए। आफ्नो समयका ऐतिहासिक तिथिमिति टिप्ने काम पनि लक्ष्मीपतिले गरेका थिए। सरकारबाट आफ्नो विद्याको कदर भएको अनुभव लक्ष्मीपतिले गरेका हुँदा आफ्ना भाइ छोराहरूले पनि सकभर ज्ञान हासिल गरून् भनी उनले आफ्ना भाइछोराहरूलाई लेखपढ गर्न प्रेरणा दिएको उल्लेख पाइन्छ ≥ ।

---

÷ नेपाल सांस्कृतिक परिषद्‌बाट प्रकाशित जयरत्नाकरनाटकको १६६ पृष्ठ हेर्नुहोस् ।

+वाणीविलासको पहिलो जीवनको बारेमा केही थाहा पाउन सकिएको छैन । तर ललितावल्लभको यस श्लोकले वाणीविलासको पृथ्वीनारायणसंग पनि सम्बन्ध भएको अडकल हुन्छ ।

नारायणीयगुणरत्नमयीं निबद्धां
शुद्धां सुयुक्तिललिताग्रिमवल्लभेन ।
वाणीविलासर(स)विज्ञजनेप्सितां स्या-
न्नारायणोभिमतदः कलयन्सुमालाम् ॥१२॥
(पृथ्वीन्द्रवर्णोदय २ सर्गबाट)

[भगवान् नारायण अथवा पृथ्वीनारायणको गुणरूपी रत्न जडेको ललितावल्लभले काइदासंग बनाएको शुद्ध (सफा) ; नवरसको कुरा जान्ने वाणीविलास यद्वा विद्यारसिकहरूलाई मन पर्ने यो (काव्यको) माला स्वीकार गरेर भगवान् नारायण अथवा पृथ्वीनारायणले मनोवाञ्छा पूरा गरिदिऊन्।]

तर अहिले अरू प्रमाण नपाइएसम्म पक्का गरी भन्न सकिंदैन ।

× 'जयतु संस्कृतम्' को ६ अङ्कमा छापिएको श्रीगुरु नयराज पन्तको "वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः" नामक लेखको ६-१० पृष्ठ हेर्नुहोस् ।

=इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातको ६ पृष्ठ हेर्नुहोस् ।

≥ गौरीपति आलस्य नगरस् रातो दिन् अध्ययनै गरस्.

(यो पत्र नेपाल सांस्कृतिक परिषद्‌बाट प्रकाशित ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग) को ४९-५० पृष्ठमा छापिएको छ ।)

नेपाल सरकारले पनि लेखपढ गर्नेहरूलाई सहायता गरी पढ्न प्रोत्साहन दिएको थियो भन्ने कुरा श्री ५ रणबहादुर शाहले काशीमा पढ्न बसेका गौरीपति पाँडे (लक्ष्मीपतिका भाइ)लाई लेखेको तलको पत्रबाट स्पष्ट हुन्छ + ।

श्रीदुर्गासहाय

१. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि–
२. विविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजा-
३. धिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहवादूर्समशेर्ज-
४. ङ्देवानां सदा समरविजयिनाम्
५. स्वस्तिश्रीसर्वोपमायोग्य विद्वज्जन गौरीपति पाँडे-
६. के प्रणामपूर्वकपत्रमिदं. इहा कुशल ताँहा कुशल चा-
७. हिय. पत्र आयो. हकिगत् * मालुम भयो. आगे इहाको स-
८. माचार भलो छ. उप्रांत हिजैदेषि हाम्रा पुर्षालाइ पालना
९ गरि शुभचिंतन गराउनुहुथ्यो. निमिषको सोझो गरि सक्य-
१०. भर सेवामा रुजु रह्याका थिया. आज पनि दाज्यु टहलमा
११. रह्याका छन्' बावा भन्या बृद्ध म भन्या विद्यार्थी दाज्युबाट
१२. क्या वियुक्ति पर्‍यो र षर्च आयेन. भिक्षावृत्ति गरि बाबाला (ई)
१३. पालु भन्या विद्याको व्यासग छुट्न्या भनि बिंति गरि पठा-
१४ य छौ योग्य हो. तम्रा बाबा जांदा पनि षर्च बक्सौंला भ-
१५. न्याको हो. पठायाको छैन. तिमि पनि ताँहा बसि शास्त्रको
१६. अध्ययन गर्छौ. ब्राह्मणको तसै हो. विद्या पढ्या हाम्रै का-
१७ ज लाग्न्याछौ. षर्च हामि अवस्य बक्सी पठाउला. संकटा-
१८. स्तुति ÷ बनाइ पठाइदियाछौ. आइपुग्यो. इति सम्वत् १८४५
१९. वैशाखशुक्लात्र्यतृतीयागुरौ मु. ललितपट्टन शुभम्

यहाँ लक्ष्मीपतिका भाइ गौरीपति पाँडेले छात्रवृत्ति मागेर पठाएकोमा तिमी राम्ररी पढ्दै गर; तिमीले पढ्यौ भने हामीलाई काम लाग्छ; पैसा पठाउँदै गरुँला भनी नेपाल सरकारले उत्तर दिएको छ ।

वि. सं. १८४९ मा त्यस वेलाका एक जना प्रसिद्ध भारादार दामोदर पांडेले यी गौरीपति पांडेलाई लेखिदिएको कागत पाइएको छ । त्यसबाट त्यस वेलाका भारादारहरू पढने लेख्ने पेशा गर्नेहरूको कदर गर्दथे भन्ने झल्कन्छ । सो यस प्रकारको छ × —

---

+ यो पत्र मोहननाथ पाँडेको पुख्यौंली संग्रहमा छ । * हालखबर ।

÷ यहाँ उल्लेख भएको यो संकटास्तोत्र मोहनाथ पाँडेको पुख्यौंली संग्रहमा छ ।

× यो पत्र मोहननाथ पाँडेको पुख्यौंली सङ्ग्रहमा छ ।

श्रीदुर्गासहाया

१. स्वस्ति श्रीकाजी दामोदर पांडेकस्य लिखापत्रम्—
२. आगे गौरीपति पाँडेके. मँ तिम्रो धर्मको बाबा भञा. तिमि मेरा
३. धर्मका पुत्र भयौ. पुत्रका बरोबर मँ तिमिलाई गरुला. तिम्रो≋ पु-
४. त्तपनाइ बढिया त्रहले गरुला. मेरा शुभ काममा जय क-
५. ल्याण मनाइ नित्य नित्य देस विदेस सुख दुषमाँ बरोबर भै
६. मेरो शुभ चिंतन गर. तिम्रो हाम्रो हिजोदेषि पनि एस्तै हो.
७. तद्विशेष तिमिलाई मैले लिञा. संदेह नराष सर्वथा ३
८. इति सम्वत् १८४९ साल आश्विनवदि ७ रोज ६
९. मुकाम चोकृदि भंज्याङ् शुभम्—

यस पत्रमा मुकाम चोकदि भञ्ज्याङ छ। यसले विशिष्ट घटनातर्फ सङ्केत गर्छ।

वि. सं. १८४६ मा नेपाल-चीनयुद्ध भएको थियो। वि. सं. १८४६ आषाढ ११ गते चिनियाँ फौजले कुकुरघाटमा आक्रमण गरी सो ठाउँ दखल गऱ्यो। चिनियाँहरूले नेपालीहरूलाई दपेट्दै वेत्रावती-सम्म ल्याए। यसरी शत्रुसैन्य र नेपालको राजधानीको बीचमा एक दिनको बाटो मात्रै फरक थियो। प्रशस्त सैन्यसाथ चिनियाँहरू अगाडि बढ्दै आएका हुनाले नेपालीहरूको मन अलि ढुकढुक हुन लागेको थियो। सो फौजसँग मुकाबिला गर्न यताबाट तीन जना सेनापतिको मातहतमा अन्तिम निर्णयको लागि फौज हिंड्यो। तिनमा एक जना सेनापति दामोदर पाँडे थिए। उनी चौकदेमा ससैन्य बसेका थिए। वि. सं. १८४६ भाद्र ८ गते वेत्रावती तरी चिनियाँ फौजले नेपालीहरूमाथि आक्रमण गऱ्यो। वेत्रावतीको युद्धमा नेपाली-हरूले चिनियाँ हरूलाई हराए। त्यसपछि सन्धिको कुरा तथा दूतमण्डली चीन जाने कुरा चल्यो। वि. सं १८४६ भाद्र १८ गते श्री ५ रणबहादुर शाहले दामोदर पाँडेलाई लेखेको पत्रमा यो सन्धिको तथा दूतमण्डली चीन जाने कुराको चर्चा परेको छ। वि. सं. १८४६ आश्विन २४ गते चिनियाँ सेनापति उजीर टुङथाङ नेपाली दूतमण्डलीसहित चीन फर्के=। यस कुराबाट वि. सं १८४६ भाद्र २६ गते लेखिएको यो पत्र युद्धक्षेत्रमै लेखिएको देखिन्छ।

त्यस ताका लडाइँमा जाँदा साइत हेर्ने आदि कामको लागि ज्योतिषीहरू पनि साथमा लैजाने चलन थियो। यस पत्रबाट दामोदर पाँडेले भरखर पढी फर्केका गौरीपतिलाई पनि साथै लगेको देखिन्छ।

भारादारहरू आफ्नो ज्यानको बाजी लगाएर लड्नुपर्ने वेलामा देवताको पूजा, दान, भाकल

---

≋ पालनपोषण।

= नेपाल सांस्कृतिक परिषद्बाट प्रकाशित ऐतिहासिक-पत्रसंग्रह ( पहिलो भाग ) मा प्रकाशित श्री ५ रणबहादुर शाहले कुमाउँ गढवाल विजय गर्न गएका भारादारहरूलाई लेखेको पत्र तथा व्याख्या हेर्नुहोस्।

इत्यादि गर्ने गर्दथे+ । यसै प्रसङ्गमा ब्राह्मणलाई धर्मपुत्र बनाए लडाइँमा भलो होला भन्ने दृष्टिले पनि गौरीपति पाँडेलाई दामोदर पाँडेले धर्मपुत्र बनाएको देखिन्छ । जे होस्; यसबाट पनि विद्या पढ्नेहरूको कदर भएको देखिन्छ ।

नेपालको एकीकरणको उद्योगको प्रसङ्गमा विभिन्नको ज्ञानको पनि आवश्यकता भएको हुँदा शासकको सहवास पाएका त्यस वेलाका पण्डितहरूले केवल पारलौकिक कुरालाई मात्र आफ्नो लेख-पढको विषय नबनाई राजनीति, इतिहास, सिद्धान्त ज्यौतिष आदि ऐहलौकिक विषयमा पनि केही काम गरेको कुरा माथि उल्लिखित अलिकता वर्णनबाट पनि बुझिन्छ । यस कारण नेपाल राज्यको एकीकरणको फलस्वरूप विद्याको क्षेत्रमा पनि केही अन्तर आएको थियो भन्ने स्पष्ट देखिन्छ ।

—०—

# वाणीविलास-सिद्धान्त

—नयनाथ पौडेल

ग्रन्थपरिचय—

वाणीविलास-सिद्धान्त नाम गरेको हस्तलिखित पुस्तक नेपाल राष्ट्रिय पुस्तकालयको २१२४ हस्त-लिखित संख्यामा छ । यो पुस्तकमा जम्मा ५६३ पत्र छन् । यी पत्र १६ अंगुल लामा र ७ अंगुल चौडा छन् । नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ । प्रत्येक पत्रमा एकातिर हरिताल लाएको छ । पहिलो तथा ५०३ र अन्तिम पत्रमा चाहिं एकातिर मात्र लेख लेखिएको छ । अन्यत्र सबैतिर दुवैतर्फ भरी लेख छ ।

यो पुस्तक २ थरी अक्षरले लेखिएको छ । १ देखि ५०२ पत्रसम्म मोटो राम्रो अक्षरले लेखिएको छ। यहाँ पहिलो पृष्ठमा १० पंक्ति छन् । दोस्रो पृष्ठमा ८ पंक्ति छन् । अरू पृष्ठमा ७ पंक्ति छन् । ५०३

---

+ "स्वस्ति श्रीसम्वत् १८४६ साल पौषवदि ३ शनिश्चरवारे. तस दिन श्रीश्रीश्रीङ्टेश्वरिप्रीति गरि वैबुंमा चिनियाको फौद आउन्दा घा गर्न (गई)मिलाईकन घर पुगदा… तुलाराम पाँडेको छोरा ङ्टटोलमा बष्न्या कपर्दार भोट्ट पाडेले प्रीति गरि गुठि गरि चह्राञु ।"

(वि. सं. १८५६ मा नरदेवीस्थानमा भोट्टु पाँडेले राखेको शिलापत्रबाट)

'चीनियाँहरूले नेपाल माथी हमला गर्दा हामीले ब्राह्मणहरुलाई दान गरेर औ धर्म गरेर ईश्वरको दया पाएथ्यौं औ ईश्वरका निगाहले र धर्मका वलले हाम्रो जीत भयेथ्यो।"

(काजी अमरसिंह थापाले श्री ५ गीर्वाणयुद्धविक्रमलाई वि. सं. १८७१ फाल्गुन २१ गते लेखेको पत्रबाट । सूर्यविक्रम ज्ञवालीको 'अमरसिंह थापा' नामक पुस्तकको १२५ पृष्ठबाट । )

पत्रदेखि ५६३ पत्रसम्म मसिनो अलि नराम्रो अकैं अक्षरले लेखिएको छ। यहाँ एक पृष्ठमा १० पंक्ति छन्। अन्तिम पृष्ठमा ४ पंक्ति छन्। पुस्तक अपूर्ण छ+।

यस पुस्तकमा जम्मा ४५ परिच्छेद छन् ×। प्रत्येक परिच्छेद सिद्धिंदा—

"इति श्रीमद्गौरीश्वरपण्डितप्रपौत्रराजीवलोचनपण्डितपौत्ररामहृदयपण्डितात्मजरामरतादेवीगर्भजवाणीविलासपण्डितकृते वाणीविलाससिद्धान्तनामके धर्मशास्त्रे चैत्रमासनिर्णयः"

(श्री गौरीश्वर पण्डितका पनाति; राजीवलोचन पण्डितका नाति; रामहृदय पण्डित र रामरता देवीका छोरा वाणीविलास पण्डितले बनाएको वाणीविलास-सिद्धान्त नाम गरेको धर्मशास्त्रमा चैत महीनाको निर्णय सिद्धियो।)

यस प्रकारका वाक्य छन्। यस पुस्तकमा भएका परिच्छेदहरू यी हुन्—

१. संवत्सरनिर्णयः
२. अयननिर्णयः
३. ऋतुनिर्णयः
४. शुद्धमासनिर्णयः
५. मलमासस्वरूपनिर्णयः
६. मलमासवर्ज्यावर्ज्यनिर्णयः
७. पक्षनिर्णयः
८. दिवसनिर्णयः
९. तिथिशब्दार्थनिर्णयः
१०. सामान्यतः सर्वतिथिनिर्णयः
११. एकभक्तकालनिर्णयः
१२. नक्तव्रतकालनिर्णयः
१३. अयाचितकालनिर्णयः
१४. उपवासतिथिनिर्णयः
१५. नक्षत्रव्रतकालनिर्णयः
१६. योगकरणव्रतकालनिर्णयः
१७. दानहोमादिकालनिर्णयः
१८. व्रतसंकल्पपारणाकालनिर्णयः
१९. सकलव्रतोपयोगिनी सामान्यव्रतपरिभाषा
२०. प्रतिपत्सामान्यनिर्णयः
२१. द्वितीयासामान्यनिर्णयः
२२. तृतीयासामान्यनिर्णयः

---

+श्रीगुरु पं. नयराज पन्तको संग्रहमा यो पुस्तकको अर्को प्रति छ। यसमा २०१ देखि ४१९ सम्म पत्र छन्। २५७, २५८, २५९ यी तीन पत्र दोहरिएका छन्। ३५५ पत्रपछि ३५६ संख्या भएका दुइटा पत्र छन्। यसरी त्यस पुस्तकमा जम्मा २२३ पत्र छन्। यी पत्र १६$\frac{3}{4}$ अंगुल लामा र ६$\frac{1}{2}$ अंगुल चौडा छन्। नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ। धेरैजसा पत्रमा एकातिर हरिताल लाएको छ। ४१९ पत्रको दोस्रो पृष्ठमा ३ पंक्ति मात्र लेख लेखिएको छ। अन्य दुवैतर्फ भरी लेख छ।

यो पुस्तक मसिनो मोटो टाँकाले फरक फरक गरी लेखिएको छ। कतै कतै राम्रो भए तापनि अक्षर प्रायः नराम्रा छन्। वरिपरि खाली रहेको ठाउँमा कतै कतै पंक्ति थपेको छ। बीचबीचमा केरेको पनि छ। पंक्ति नियमित छैनन्। यो प्रति खेस्रा जस्तो देखिन्छ।

× ४४ परिच्छेद पूरा गरी ४५ परिच्छेदको थालनी गरिएको छ।

२३. चतुर्थीसामान्यनिर्णय:
२४. पञ्चमीसामान्यनिर्णयः
२५. षष्ठीसामान्यनिर्णयः
२६. सप्तमीसामान्यनिर्णयः
२७. अष्टमीसामान्यनिर्णयः
२८. नवमीसामान्यनिर्णयः
२९. दशमीसामान्यनिर्णय.
३०. एकादशीव्रतोपयोगि कथनम्
३१. एकादशीव्रतनिर्णयः
३२. द्वादशीसामान्यनिर्णयः
३३. त्रयोदशीसामान्यनिर्णय–प्रदोषव्रतनिर्णयप्रादोषिकशिवपूजापद्धतिप्रभृतिकथनपरिच्छेद:
३४. चतुर्दशीसामान्यनिर्णयः
३५. पूर्णिमासामान्यनिर्णयः
३६. अमावास्यासामान्यनिर्णयः
३७. प्रकृतिकालनिर्णयः
३८. पिण्डपितृयज्ञकालः
३९. अमावास्याश्राद्धकालनिर्णय-तत्प्रसंगागतामश्राद्धकालनिर्णयभार्यारजोदर्शनविषयकप्रतिसांवत्सरिकादिश्राद्धकालनिर्णय-हेमश्राद्धश्राद्धानुकल्पश्राद्धसंक्षिप्तसंकल्प-श्राद्धतत्पद्धतिकथनम् ।
४०. चैत्रमासनिर्णयः
४१. वैशाखमासनिर्णयः
४२. ज्येष्ठमासनिर्णयः
४३. आषाढमासनिर्णयः
४४. श्रावणमासनिर्णयः
४५. अथ भाद्रपदमासनिर्णयः

ग्रन्थकारपरिचय—

श्रीमत्काश्यपगोत्रसद्गुणपयोराशेः कलानां निधिः·········
श्रीगौरीश्वरपण्डितोऽजनि जनाज्ञानान्धकारापहः ॥
विद्वन्मण्डलमण्डनस्य नितरां गौरीगुरोर्गह्वरे
गौरीसेवनतो दिशो दश यशोवासोभिराशोभिताः ॥४॥
योभूद्भूमिभृतां गुरुर्गुरुतपोराशिश्चतुर्विंशतेः ॥५॥
राजीवलोचनबुधोऽस्य सुतो बभूव··· ॥६॥
तस्याभूत्तनयोथ रामहृदयो लोकोदयोद्यन्मति—
र्दीनानाथदयोऽत्र गोशततुलाधान्याद्रिदानादिकृत् ।
शास्त्राम्भोनिधिपारगो गुणमणिग्रामाभिरामो महा—
धामा स्वीयकुलेष्टदैवतपुरश्चर्याभिरामोदयः ॥७॥
तत्पत्नी गुणशालिनी सुरधुनीनीरामला पावनी······
नाम्ना रामरता बभूव जननीत्रापन्नसंपालिनी ॥८॥
तस्यां पण्डितवर्यरामहृदयश्शीलेन लोकप्रियो
दाता साधुरुदारधीरजनयत्पुत्रावसाधारणौ ।
ज्यायांस्तत्सुतयोर्गुणावलियुतो वाणीविलासभिधो
मातापित्रतिसेवनैकनिरतः श्रीवाग्विलासोऽनुजः ॥९॥

यस्य प्राणसमो निजानुजसुतो गौरीविलासाभिध-
स्तद्वद्ब्रह्मविलास औरसवरो विद्याविलासोऽपरः॥
एतैरद्भुतबुद्धिवैभवयुतैर्भक्तैर्विनीतैः सुतैः
संप्रीतोऽत्र विभाति कान्तिनगरे वाणीविलासो बुधः ॥१०॥

[ समुद्रमा चन्द्रमा झैं काश्यप गोत्रमा जन्मेका, मानिसहरूको अज्ञानरूपी अन्धकारलाई हटाइदिने श्रीगौरीश्वर पण्डित हुनुभयो ।

ठूला विद्वान् उहाँले हिमालयको गुफामा भगवतीको आराधना गर्नुभएको हुनाले उहाँको यश चारैतिर फैलियो ।।४।।

ठूला तपस्वी उहाँ गौरीश्वर चौबीसी राजाहरूका गुरु हुनुहुन्थ्यो ॥ ५ ॥

उहाँका छोरा राजीवलोचन पण्डित हुनुभयो ।। ६ ॥

उहाँका छोरा; संसारको भलो गर्न मन लाउने; दुःखी अनाथमाथि दया गर्ने; सय गाईं, तुलादान, धान्यपर्वत आदि दान गर्ने; शास्त्रमा पारंगत भएका; गुणी; तेजिला; आफ्नो कुलदेवता र इष्टदेवताको पुरश्चरण गर्नाले उन्नति भएका रामहृदय पण्डित हुनुभयो ॥ ७ ॥

उहाँकी पत्नी; गुण भएकी; गंगाजीको जल जस्तै पवित्र भएकी; आमाले जस्तै दुःखीहरूलाई पालना गर्ने रामरता हुनुभयो ॥ ८ ॥

शीलस्वभावले गर्दा सबैका प्यारा; दानी; असल; उदार बुद्धि भएका रामहृदय पण्डितले उहाँ रामरताबाट असाधारण दुइ छोरा जन्माउनुभयो । तिनमा जेठा गुणी वाणीविलास भए । कान्छाचाहिं मातापिताको सेवामा लागेका वाग्विलास भए ।।९।।

जसका ( वाणीविलासका ) भाइका छोरा गौरीविलास प्राण जस्ता प्यारा छन् । त्यस्तै प्यारा आफना जेठा छोरा ब्रह्मविलास तथा अर्का छोरा विद्याविलास छन् । गजबको बुद्धि भएका; पढेगुनेका; भनेको मान्ने यी तीन छोराहरूको सहवासले प्रसन्न भएका वाणीविलास पण्डित कान्तिपुरमा बसिरहेछन् ॥१०॥]

यति कुराबाट वाणीविलासका प्रपितामह गौरीश्वरदेखि वाणीविलासका एक जना भतिजा र दुइ जना छोरासम्मको सामान्य परिचय पाइन्छ×।

ग्रन्थरचनाहेतु—

धर्मकर्म पूजापाठ गर्दा गराउँदा कहिले गर्ने, कसरी गर्ने भन्ने प्रश्न बराबर उठिरहन्छन् । शास्त्रमा पनि अनेक मतमतान्तर पाइने हुँदा बराबर यस्ता विवाद पनि उठिरहन्छन् । यस्तो वेलामा निर्णय दिनु धर्मकर्म गराउने पेशा लिएका पण्डितहरूलाई आवश्यक भइरहन्छ । यसै कारण पौरोहित्य वृत्ति

×वाणीविलासका पाइएसम्मका ग्रन्थबाट पाइने परिचय र उनका अभिलेख, उनका वा उनका पुर्खाका नाउँमा भएका लालमोहरहरू, तथा चिठीपत्रहरूसमेतको विचार लिई उनको परिचय पछि तयार गरिनेछ ।

पनि भएका पण्डित वाणीविलासले धर्मकर्म गर्दा विवाद उठिरहने अनेक कुरामा धेरै शास्त्रहरू हेरी निर्णय दिएका छन्। यसबाट पछि पछि कुनै कुरामा निर्णय गर्नुपरे अनेक ग्रन्थ हेरी रहन नपरोस् भन्ने आशयले शास्त्रको आधारमा निर्णय गरी यो वाणीविलास--सिद्धान्त बनाइएको देखिन्छ । स्वयं उनले पनि यस ग्रन्थको रचनाको हेतु यसरी दिएका छन्—

सो ऽसौ विद्वान् दयालुःकलियुगमहिमध्वस्तशास्त्रश्रमाणाम्
लोकानां प्रीणनायाखिलबुधविविधग्रन्थनिर्णीतसारम् ॥
संगृह्यैवात्र सर्वं विरचयति यथाबुद्धि वाणीविलास-
सिद्धान्ताख्यं निबन्धं मुनिवचनगतानुद्धरंस्तान् विरोधान् ॥ ११ ॥

[ यी दयालु वाणीविलास पण्डितले कलियुगको प्रभावले गर्दा शास्त्र पढ्ने मिहिनेत गर्न नसक्ने मानिसहरूलाई सजिलो होस् भन्नाका लागि सबै विद्वान्हरूको अनेक ग्रन्थहरूद्वारा निर्णय गरिएका सार कुरालाई आफ्नो बुद्धिले भ्याएसम्म एक ठाउँमा संग्रह गरी ऋषिमुनिका वचनमा देखिन आएका परस्परमा विरोध परेका कुराको उद्धरण तथा समाधान गरी यो वाणीविलास--सिद्धान्त नाम गरेको ग्रन्थ बनाएका हुन् । ]

—o—

## आत्मसंशोधन—

**पूर्णिमाको पहिलो अङ्कमा प्रकाशित " पं. वाणीविलास पाँडेको प्रशस्तिरत्नावली ( पत्रबोध ) " भन्ने मेरो निबन्धमा प्रशस्तिरत्नावलीको मूलमा "श्रीकृष्ण शाह कृष्ण शाह" दुवै नामको प्रयोग भएकोले अनु ादमा पनि दुवै नामको प्रयोग गरिएको थियो ।**

तात्कालिक प्रामाणिक कागतपत्रहरूमा श्रीकृष्ण शाह नै लेखिएको पाइँदा उनको नामको विषयमा भ्रम पर्न ाने सम्भावना भएकोले अहिले यो आत्मसंशोधन प्रकाश गरिएको छ।

ती कागतपत्रहरूमा उनको नाम यसरी लेखिएको छ—

मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा रहेको भारदारहरूको जन्मसंवत् टिपिएको कागतमा "शाके १६८८ वि. सं. १८२३ श्रीकृष्ण साह" लेखिएको छ ।

"श्रीश्रीकृस्न साहके सलाम"

( श्री ५ रणबहादुर शाहले बलभद्र शाहलाई वि. सं. १८३४ मा पठाएको पत्रबाट । " ऐतिहासिक पत्रसंग्रह पहिलो भाग " को ४१–४२ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ । )

**वि. सं. १८४५** मा श्री ५ रणबहादुर शाहले लक्ष्मीपति पाँडेलाई गरिदिएको कागतमा रुजु भई सही गर्दा "श्रीकृष्ण शाह" नै लेखिएको छ। अप्रकाशित यो पत्र मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा छ ।

"— — श्रीकृष्ण साहहरुलाई बटोलेर — —
— — श्रीकृष्ण साहलाई अड्याईकन — —
— — श्रीकृष्ण साहलाई ठड्याई — —"

( रणबहादुर शाहले काजी बखतावरसिंह बस्न्यातलाई काशीबाट वि.स. १८५८मा पठाएको पत्रबाट। यो पत्र "इतिहास-प्रकाश" १ अङ्क को १५-१८ पृष्ठमा छापिएको छ )

"श्रीकृष्ण साह बलभद्र साहमा एक भाईलाई रजाई एक भाईलाई चौतराई दिन भनी··· ···"

( श्री ५ रणबहादुर शाहले चित्रादेवीलाई काशीबाट वि. सं. १८५८ मा पठाएको पत्रबाट। यो पत्र "इतिहास–प्रकाश १ अङ्क" को १७–१८ पृष्ठमा छापिएको छ )

" अफ पनि पांड्याहरू श्रीकृष्णया र मिश्रहरूलाइ बटुलिकन "

( श्री ५ रणबहादुर शाहले शेरबहादुर शाहलाई काशीबाट वि. सं. १८५८ मा पठाएको पत्रबाट। यो पत्र " श्री ५ रणबहादुर शाह " को १३६–३७ पृष्ठमा छापिएको छ )

"··· ··· श्रीकृष्ण साहलाई उठाईकन ··· ···"

( श्री ५ रणबहादुर शाहले बखतावरसिंहलाई काशीबाट वि. सं. १८५६ मा पठाएको पत्रबाट। यो पत्र "इतिहास-प्रकाश १ अङ्क"को १९-२० पृष्ठमा छापिएको छ। )

यस कारण उनको शुद्ध नाउँ श्रीकृष्ण शाह नै देखिन्छ।

—o—

# नेवारी भाषाको तामाङ भाषा तथा लिम्बू भाषासँगको सादृश्य

—गौतमवज्र वज्राचार्य

नेपालराज्य अघि ठूलो थियो। भारतका गुप्तसम्राट् समुद्र गुप्त ( वि. सं. ३८७-४३२ )को प्रयागको स्तम्भलेखमा कामरूप ( आसाम ) र कर्तृपुर ( कुमाउँगढवाल )को बीचको देशलाई नेपाल भनी लेखिएको छ। नेपालका लिच्छवि राजा मानदेवले पश्चिममा गण्डकीपारिका आफ्ना सामन्त राजालाई कज्याएको वर्णन उनको चाँगुको स्तम्भलेखमा गरिएको छ। विक्रमको सातौं शताब्दीको अन्त्यतिर भारतमा आएका प्रसिद्ध चिनिया यात्री युआनच्वाङ्गले नेपालको घेरा ४००० ली ( =५८६ कोश ) जति छ भनी आफ्नो यात्रावर्णनमा लेखेका छन्। यताबाट प्राचीन कालमा नेपालखाल्डोलाई मात्र नेपाल भन्ने चलन थिएन भन्ने कुरा थाहा हुन्छ।

नेपालका लिच्छवि राजा नरेन्द्रदेवसँग सात हजार अश्वारोही सैन्य थिए भन्ने उल्लेख पाइन्छ। नेपाल खाल्डोमात्र नेपाल भएको भए यो कुरा संभव थिएन। एक प्राचीन संस्कृत पद्यमा हिमालयका पाँच खण्डमध्ये कुमाउँदेखि पूर्वको भाग नेपाल भनी लेखिएको छ। यताबाट पनि नेपाल

भन्नाले ठूलो नेपाल हो भन्ने अनुमान गर्न सकिन्छ । आफ्नो राज्यभित्र पस्तै आएका काश्मीरी राजा जयापीडलाई नेपाली राजा अरमुडिले कालीगण्डकीको किनारामा कैद गरेको उल्लेख कह्लणको राजतरङ्गिणीमा पाइन्छ । यसबाट कालीगण्डकीभन्दा परसम्म नेपालराज्य पुगेको थियो भन्ने देखिन्छ । नेपालमा कस्तूरी प्रशस्त पाइन्छ भन्ने कुराको वर्णन संस्कृतवाङ्मयमा जतातते पाइन्छ । नेपाल–खाल्डोमा कस्तूरी नपाइने हुँदा नेपाल भनेको नेपालखाल्डो मात्र होइन भन्ने बुझिन्छ । इत्यादि कुरामा ध्यान दिएर हेर्दा प्राचीन कालमा नेपाल भन्नाले नेपाल उपत्यकालाई मात्र होइन कि विशाल नेपाललाई बुझाउँथ्यो भन्ने कुरा स्पष्ट हुन्छ+ ।

विक्रमको बाह्रौं शताब्दीको उठानमा भएका नेपालका राजा शङ्करदेवको राज्य लमजुङमा पनि थियो भन्ने कुरा तात्कालिक हस्तलिखित पुस्तकले देखाउँछ× । परन्तु पछिका मनुष्यहरूले 'नेपाल' शब्दको अर्थ विशाल नेपाल हो भन्ने कुरा बिर्सी नेपालउपत्यकालाई मात्रै नेपाल संझन थाले । यस्तो किन भयो भन्ने कुरा बुझ्नाको लागि नेपालराज्यको त्यस वेलाको अवस्था बुझ्नु आवश्यक छ ।

लिन्छविहरूको शासन समाप्त भएपछि मूल राजधानी नेपालउपत्यकाका शासकहरूमा कमजोरी आउन थाल्यो र पूर्वपश्चिमका सामन्तहरूलाई राम्ररी अँठ्याई शासन चलाउन उनीहरूले सकेनन् । यसै बीच कर्णालीप्रस्रवणक्षेत्रमा एउटा बलियो खसराज्य खडा भयो र त्यस राज्यका शासकहरूले आफ्नो पूर्वपश्चिमका प्रदेशहरू आफ्नो अधीनमा पार्न थाले । ती खस राजाहरूले नेपालउपत्यकामा पनि आक्रमण गर्ने गरेका थिए । यसो हुँदा नेपालउपत्यकाका शासकहरूको शक्ति झन् क्षीण हुँदै गयो । नेपालउपत्यकाभन्दा बाहिरका ती खस आदि शासकहरू आफूलाई नेपालका राजा भन्दैनथे । प्रत्युत नेपाललाई हामीले करद पारेका छौं भन्ने गर्व गर्न थाले= । नेपालउपत्यकाका शासकहरू पनि

+यस विषयको सप्रमाण चर्चा "इतिहास–संशोधनको प्रमाण-प्रमेय'को २१-२८ पृष्ठमा हेर्नुहोस् ।

×वि. सं. ११२६ मा लमजुङका गङ्गा राना भन्नेले सारेको एक हस्तलिखित पुस्तकमा यस्तो लेखिएको छ—

"सम्वत् १८९ भाद्रपद···(दिव)से श्रीमच्छङ्करदेवराज्ये श्रीलंजुगुङ्कवास्तव्यगङ्गराणकेन लिखितमिदम्"

(भोटको ङोरमठमा रहेको "अष्टसाहस्रिका प्रज्ञापारमिता" मा लेखिएको यो वाक्य राहुल सांकृत्यायन र लुशिएनो पेटेकद्वारा भिन्नाभिन्नै प्रकाशित भएको छ । पेटेकको "नेपालको मध्यकालको इतिहास"को ४५–४६ पृष्ठ हेर्नुहोस् )

[ने. सं. १८९ (वि. सं. ११२६) भाद्र··· दिनमा श्रीशङ्करदेवको राज्यमा श्रीलंजुगुङ्क(लमजुङ)–मा बस्ने गङ्गा राना (मगर?)ले यो पुस्तक लेखेका हुन् । ]

=करदीकृत···मिथिल ··· नेपाल ··· मेदिनीनाथसंसेव्यमानास्थानीनिकेतनाजिरे । श्रीमति सेंजापुरे । श्रीपुण्यमल्लदेवाः सान्तःपुरसकुमाराः सुचिरं विजयिनो भवन्तु । श्रीशाके १२५९ वैशाषसुदि १३ रवौ

["हिमवत्संस्कृति १ वर्ष १ अङ्क"मा योगी नरहरिनाथद्वारा यो अभिलेख प्रकाशित भएको छ । ]

"स्मस्तनेपाल⋯नवकोटभुक्तीप्रजंत राज कृतम्" भनी नुवाकोटसम्म आफ्नो राज्य पुग्नु पनि ठूलो गौरवको कुरा संझन थाले≶। यसरी नेपालउपत्यकाबाहिरका अरू शासकहरू र उपत्यकाका शासकहरू पनि नेपालउपत्यकालाई मात्रै नेपाल भन्न थाले।

यक्ष मल्लपछि त नेपालउपत्यकाको पनि तीन भाग लाग्यो। पूर्वपश्चिममा पनि नयाँ नयाँ राज्य बढ्दै गए। यो अवस्था गोरखाली राजा श्री ५ पृथ्वीनारायण शाहले वि. सं. १८०१ देखि नेपालराज्यको एकीकरण शुरू नगरेसम्म रहिरह्यो। त्यस वेला नेपालराज्यभित्र ५० भन्दा बढी राज्य खडा भएका थिए। नेपाल भन्नाले नेपालउपत्यकाबाहेक टुक्रेर गएका अरू कुनै राज्यहरू आउँदैनथे। यसै हुँदा नेपालउपत्यकाका मल्ल राजाहरूले आफूलाई नेपालेश्वर भनेकोमा कसैको विरोध भएन। विशाल नेपालका पुनर्निर्माता पृथ्वीनारायण शाहले पनि नेपालउपत्यकालाई नै नेपाल भनेका छन्।

नेपालउपत्यकाका मल्ल राजाहरूको पालामा लेखिएका अभिलेखहरूमा नेवारी भाषालाई कतै देशभाषा कतै नेपालभाषा भनेर लेखिएको पाइन्छ। नेपालउपत्यकाभित्र नेवारी भाषा बोल्ने जनता बढी मात्रामा हुनाले त्यस वेलाको नेपाल शब्दको अर्थअनुसार नेवारी भाषाको यो नाउँ सार्थकै थियो।

नेवार शब्द नेपाल शब्दकै अपभ्रंश हो। नेवार जातिको वर्गीकरण भाषाको आधारमा भएको देखिन्छ। शैवधर्मावलम्बी तथा बौद्धधर्मावलम्बी दुवै थरी यस जातिमा संमिलित छन्। आफूलाई सूर्यवंशी भन्ने मल्ल राजाका सन्तानहरू पनि नेवारै भएर बसेका छन्। यस कारण जसजसको मातृभाषा नेवारी छ; त्यो त्यो नेवार कहिन्छ। धर्म वा वर्णसंग यसको केही सम्बन्ध देखिंदैन।

नेवार भन्ने नाउँ रहनुभन्दा अगाडि अथवा नेपाल भन्नाले विशाल नेपाल संझिने समयमा यस जातिको नाउँ के थियो भन्ने कुरा पत्ता पाउन सकिएको छैन। लिम्बूहरू नेवारहरूलाई 'भिङ्हेक्पा' भन्दछन्। तामाङहरू फेरि नेवारलाई 'भाइ' भन्दछन् *। एउटै जातिको संज्ञामा पनि यो भिन्नता किन भयो भन्ने कुरा ध्यान दिन योग्य छ।

---

[कर दिने पारिएका मिथिला, नेपालका राजाहरूले हाजिर पुऱ्याउन आइरहने सभागृहको चोक भएको सुन्दर सेंजापुरमा बडामहारानी र युवराजसमेतका राजा पुण्य मल्लको धेरै कालसम्म जय भइ-रहोस्। शकसंवत् १२५६ (वि. सं. १३६४) वैशाखशुक्ल त्रयोदशी आदित्यवारका दिन।]

≶ "इतिहास-संशोधनको प्रमाणप्रमेय" को २३४ पृष्ठ हेर्नुहोस्।

*यस निबन्धमा परेका लिम्बू भाषाका शब्दहरू ईमानसिंह चेमजोङ्को नेपाल एकेडेमीबाट प्रकाशित "लिम्बू-नेपाली-अँगरेजी-शब्दकोश" बाट लिइएका हुन्। तामाङ भाषाका शब्दहरू चाहिं संशोधनमण्डलका सदस्य देवीप्रसाद भण्डारी तथा वटुटोलमा बस्ने धनबहादुर तामाङसँग सोधेर राखिएका हुन्।

नेपालमा लिच्छविहरूको समयमा सबै राजकीय व्यवहार संस्कृत भाषाद्वारा हुन्थे। मल्लकालमा पनि संस्कृतभाषाको ठूलो स्थान थियो। तथापि तात्कालिक नेवारी भाषाको राम्रो ज्ञानविना मल्लकालका सबै कुरा बुझ्नु असंभव छ। मल्लकालको इतिहास तयार पार्ने प्रसङ्गमा पत्ता लागेका नेवारी भाषाका केही कुरालाई लिएर यो निबन्ध प्रस्तुत गरिएको छ।

प्राचीन नेवारी भाषा र वर्तमान नेवारी भाषामा धेरै अन्तर परिसकेको छ। यस कारण विशेष अध्ययनविना प्राचीन नेवारी भाषा सरसरी बुझ्न सकिँदैन। यसो त परिभ्रंश हुँदै जाने भाषाको स्वभाव हुनाले कुनै पनि भाषा एउटै रूप लिएर बस्न सक्तैन। किन्तु अहिले नेवारी भाषामा जुन अन्तर देखिएको छ, त्यो केवल परिभ्रंश हुँदै जानाले मात्र भएको होइन।

बोलचालको भाषालाई भन्दा वाङ्मय समेत तयार गर्ने भाषालाई वढी शब्दहरूको आवश्यता हुन्छ। नेवारी भाषामा ग्रन्थ तयार पार्न लाग्दा यही परिस्थिति आइपरेको देखिन्छ▱। यस कारण नेवारी भाषाले अरू भाषाका शब्दहरू सापट लिन थाल्यो।

प्राचीन कालदेखि नेपालराष्ट्रको राजधानी नेपालउपत्यकाभित्रै रहेर आएको देखिन्छ। देशका अरू भागमा भन्दा राजधानीभित्र अरू अरू जातिको विशेष आउनुजानु भइरहने हुनाले र नेवारीभाषा धेरै शताब्दीअघिदेखि नेपालउपत्यकाको मूल भाषाको रूपमा रहेर आएको हुनाले पनि यस भाषामा अरू भाषाको प्रभाव पर्नु स्वाभाविक छ। इत्यादि कारणले गर्दा नेवारी भाषाको रूप फेरिँदै गयो। विशेष गरेर संस्कृत परिवारको भाषाको प्रभाव नेवारी भाषा पर्‍यो। उदाहरणका लागि त्यस्ता केही शब्द तल दिइन्छन्—

| संस्कृत | वर्तमान नेवारी [१] | प्राचीन नेवारी [२] | नेपाली |
|---|---|---|---|
| चन्द्रमा | चन्द्रमा | लनि | चन्द्रमा |
| भर्ता | भात | कैंमो | लोग्ने |
| धनु | धनुष | लि | धनु |
| चिक्कणम् वा तैलम् | चिकन | सौ | तेल |
| भल्लूकः | भालु | वंसु | भालु |
| व्याधः | ब्याधा | अहह्नि | ब्याधा |
| वृद्धः | बुढ़ा | वामि | बूढा |

▱ यस विषयमा भिन्नै निबन्धमा विचार गरिनेछ।

१ यस निबन्धमा परेका वर्तमान नेवारी भाषाका शब्दहरू पन्नाप्रसाद जोशीको "संक्षिप्त नेपालभाषा शब्दकोश" भन्ने नेवारी भाषाको कोशको आधारमा लेखिएका छन्।

२ यहाँ उद्धरण गरिएका प्राचीन नेवारी भाषाका शब्दहरू नेवारी भाषामा अर्थ लेखिएका पुराना हस्तलिखित अमरकोशको आधारमा यहाँ दिइएका हुन्। प्राचीन नेवारी भाषाको अध्ययन गर्न ती अमरकोश ज्यादै उपयोगी छन्, वीरपुस्तकालयमा त्यस्ता अमरकोशहरू धेरै छन्।

माथिका उदाहरणबाट वर्तमान नेवारी भाषाले संस्कृतभाषाको प्रभावमा परेर आफ्नो भएको शब्द छोडेको स्पष्ट देखिन्छ। यस्तै शब्दहरू देखेर मानिसहरू नेवारी भाषा पनि सर्वात्मना संस्कृतपरिवारको भाषा हो भन्ने भ्रममा पर्दछन् ।

अब यहाँ तामाङ भाषा तथा लिम्बू भाषाका शब्दहरूसंग नेवारी भाषाको सम्बन्ध देखाउनाको लागि उदाहरणको रूपमा तत्‌तत्‌भाषाका केही शब्दहरू प्रस्तुत गरिन्छन्—

| नेवारी भाषा | तामाङ भाषा | नेपाली भाषा |
|---|---|---|
| अय्‌लाख | आइरग | रक्सी |
| कथि | काडी | लट्‌ठी |
| का | का | धागो |
| खिति | खिति | मैल |
| मि | मे | आगो |
| सिं | सिङ् | काठ |
| न्या | तारङा | माछा |
| छय् | छाय् | नाती |
| तुफि | फ्या | कुचो |
| देमा | दे़र्मा | थाल |
| पुलि | पुइ | घुँडो |
| मिखा | मि | आँखा |
| यँ | याम्बु | काठमाडौं |
| खोप | ख्वपाङ | भक्तपुर |

नेवारी भाषामा त्यस्ता क्रियापद पनि छन्; जो तामाङ भाषाका क्रियापदसंग मेल खान्छन् । जस्तै—

| नेवारी भाषा | तामाङ भाषा | नेपाली भाषा |
|---|---|---|
| छात | छाजि | चढायो |
| सित | सिजि | मर्‍यो |
| सिल | सेजि | जान्यो |
| न्यन | ङोन्‌जि | सोध्यो |

नेपालउपत्यकाका तीनै शहरका वरिपरि तामाङहरूको प्रशस्त बस्ती छ । यस कारण तामाङ भाषा नेवारी भाषाको छिमेकी भाषा हो ।

कोशीप्रस्रवणक्षेत्रतिरका वासिन्दा लिम्बूहरूको भाषासंग पनि नेवारी भाषाको सम्बन्ध देखिएको छ। जस्तै—

| नेवारी भाषा | लिम्बू भाषा | नेपाली भाषा |
|---|---|---|
| निनि | निया | फुपू |
| न्हि | नेहिक् | सिंगान |
| फा | फाक् | सुँगुर |
| फोगिं | फुङ्गु | फोगिन |
| पों | फोन | असिना |
| लँ | लाम् | बाटो |
| लो | लुङ् | ढुङ्गा |
| हो | होङ् | प्वाल |
| वा | वाहित् | वर्षाको पानी |

नेवारी भाषा, तामाङ भाषा, लिम्बू भाषा यी तीनै भाषाको परस्परमा सम्बन्ध छ भन्ने कुरा तलको उदाहरणले देखाउँछ—

| नेवारी भाषा | तामाङ भाषा | लिम्बू भाषा | नेपाली भाषा |
|---|---|---|---|
| लकाम | लाखम् | लाङ्खोप्पा | कुत्ता |
| ला | ला | ला | महीना |
| मिखा | मि | मिक् | आँखा |
| सि | से | सि | जुम्रा |
| सी | सिला | सी | मर्छ |

लेख टुङ्ग्याउनुभन्दा अगाडि अब यहाँ तामाङ भाषाका त्यस्ता केही शब्द अगाडि राख्न चाहन्छु ; जुन शब्दहरू अन्य भाषाका प्रभाव पर्नुभन्दा अगाडिको नेवारी भाषासंग मेल खान्छन् । जस्तै—

| वर्तमान नेवारी भाषा | प्राचीन नेवारी भाषा | तामाङ भाषा | नेपाली भाषा |
|---|---|---|---|
| चन्द्रमा | लनि | लनि | चन्द्रमा |
| धनुष् | लि | धलि× | धनु |
| बजि | फल्के | फलकि÷ | च्यूरा |
| भालू | वंसु | तावम् | भालु |

×लिम्बूहरूचाहि धनुलाई ली नै भन्दछन् ।

÷'फल्के फं १००'(=१०० पाथी च्यूरा) यसै गरी गोपालराजवंशावलीमा अन्त पनि 'फल्के' शब्दको उल्लेख आउँछ । पुरन्दरसिंहको मङ्गलबजार नरसिंहमन्दिरको वि. सं. १६४६ को शिलालेख (अभिलेख संग्रह छैटौं भागमा प्रकाशित)मा पनि 'फलके कुड १'(=१ कुरुवा च्यूरा) भनी लेखिएको छ ।

यताबाट संस्कृत आदि अन्य परिवारको भाषाको प्रभावमा परेर नेवारी भाषाले आफ्नो रूप फेर्दै आएको स्पष्ट देखिन्छ ×। यस्ता उदाहरण अरू पनि कति होलान्। प्राचीन नेवारी भाषा तथा तामाङ आदि अरू भाषाको गहिरो अध्ययन गर्दै जान सकेको खण्डमा ती कुरा पत्ता लाउँदै जान सकिएलान् भन्ने आशा छ।

—०—

# द्रव्य शाहदेखि रुद्र शाहसम्मका निश्चित संवत् र तिथिमितिहरू

—देवीप्रसाद भण्डारी

शुद्ध इतिहास तयार पार्नाको निमित्त नयाँ नयाँ सामानको अनुसन्धानको साथसाथै पाइएका सामानहरूको छानबीन गरी अध्ययन गर्दै जानु अत्यावश्यक हुन्छ। पाइएका सामानहरूका तिथिमिति मिल्छन् वा मिल्दैनन् भन्ने कुराको परीक्षा गर्नाको निमित्त पञ्चाङ्गगणना आवश्यक हुन आउँछ। यस कारण इतिहासको अन्वेषणकार्यमा पञ्चाङ्गगणना पनि एउटा मुख्य अङ्गको रूपमा रहेको हुन्छ।

पुराना अभिलेख, चिठीपत्र तथा वंशावली आदिमा उल्लेख गरिएका तिथिमिति प्रायः चान्द्रमान-अनुसारका छन्। तिनमा पनि प्रायः मल्लकालमा अमान्त चान्द्रमानको प्रचलन भएको र शाहकालमा प्रायः पूर्णान्त चान्द्रमानको प्रचलन भएको देखिन्छ। कतै कतैचाहिं सौरमानअनुसार महीना, गते वारको उल्लेख पनि भेटिन्छ।

अहिलेलाई गोरखाली राजा द्रव्य शाहदेखि रुद्र शाहसम्मका पाइएका ऐतिहासिक सामानहरूका निश्चित संवत् र तिथिमितिहरूको गणना प्रस्तुत गरिएको छ। यहाँ दिइएको तिथिमितिसहितको प्रत्येक घटनालाई गतेको रूपमा दिई साथै त्यसको प्रमाण पनि दिइएको छ। प्रमाणको आधारमा इतिहास पढ्न र लेख्न खोज्नेहरूलाई यो उपयोगी सिद्ध होला भन्ने आशा छ।

---

× एकदेखि नौसम्मका संख्यालाई नेवारी भाषामा क्रमशः छिं, नसि, सों, पि, न्या, खु, न्हस, च्या, गुँ भनिन्छ। तामाङहरूचाहिं कि, ङि, सों, प्लि, ङा, ढु, ङिस्, ब्रे, कु भन्दछन्। यसरी नेवारी भाषा र तामाङ भाषाका संख्यावाचक शब्दहरूमा धेरै समानता पाइन्छ। किन्तु नेवारी भाषामा आफ्ना संख्यावाचक शब्दको प्रयोग क्रमशः हट्दै गइरहेको देखिन्छ। विक्रमको पन्ध्रौं शताब्दीमा लेखिएको गोपालराजवंशावलीमा पनि कतै कतै "खशिया वव…सम्वच्छर चारिसय आठ" "ग्वलया सर्व्वभण्डार कोस एक बीस" इत्यादि लेखिएको पाइन्छ।

पृ. ७

## द्रव्य शाह

**वि. सं. १६१६ भाद्र २५ गते शुक्रवारको दिन द्रव्य शाह गोरखाको राजसिंहासनमा बसे।**

"श्रीराजकुमार द्रव्य शाहकन सिंहासनमा बसाईं शाके १४८१ भाद्रवदि अष्टमी तिथि रोहिणी नक्षत्र बुधवारका दिन श्रीनारायण पण्डितले राज्याभिषेकको काम छिनिसक्या।"

( भाषावंशावलीबाट )

"श्रीशाके १४८१ सालमा गोर्षाका गादिमा श्री ५ महाराज द्रव्यशाह राजगर्नु भयाको हो"

( गोरखावंशावली ५–७ पृष्ठबाट )

यस दिनको गणना गर्दा आएका पञ्चाङ्ग तल दिइन्छन्—

विक्रमसंवत् १६१६ शकसंवत् १४८१ पूर्णान्तमानले भाद्रकृष्ण

| तिथि | वार | घडी पला | नक्षत्र | घडी पला | श्रावण |
|---|---|---|---|---|---|
| अष्टमी | बृहस्पति | ५२।१४ | भरणी | २६।१६ | २८ गते |

विक्रमसंवत् १६१६ शकसंवत् १४८१ अमान्तमानले भाद्रकृष्ण

( पूर्णान्तमानले आश्विनकृष्ण )

| तिथि | वार | घडी पला | नक्षत्र | घडी पला | भाद्र |
|---|---|---|---|---|---|
| सप्तमी | शुक्र | २२।४१ | रोहिणी | ४६।४ | २५ गते |

यहाँ पूर्णान्तमानको भाद्रकृष्णसप्तमी र अष्टमी दुवै तिथिमा रोहिणी नक्षत्र पर्न आउँदैन। अमान्तमानको भाद्रकृष्णमा भने सप्तमी २२ घडी ४१ पलाउप्रान्त अष्टमी लाग्ने र सो दिन ४६ घडी ४ पलासम्म रोहिणी नक्षत्र रहने भएको हुनाले सप्तमीउप्रान्त अष्टमी लाग्ने दिनमा तिथि नक्षत्र मिल्न आए। वारचाहिं कहीं पनि मिल्दैन ×। त्यस कारण विक्रमसंवत् १६१६ भाद्र २५ गते शुक्रवारको दिन द्रव्य शाह गोरखाको राजसिंहासनमा बसेका देखिन्छन्।

× × ×

## राम शाह

**वि. स. १६७१ मा गोरखा पोखरीथोकमा राम शाहले मुरलीधर नारायण स्थापना गरे।**

" यिन राजाले गोरखा पोखरीथोकमा श्रीमुरलीधर नारायण स्थापना गर्‍या। त्यस देवताका शिलापत्रमा लेखियाको +—

---

× यसको विशेष चर्चा श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५४७–४६ पृष्ठमा गरिएको छ। सो ग्रन्थ प्रकाशित हुँदैछ।

+ यो अभिलेख इतिहासप्रकाश १ अङ्क ४० पृष्ठमा पनि प्रकाशित भएको छ।

विधुगिरिरसपृथ्वी ( १६७१ ) चिन्हिते विक्रमाब्दे
गतवति नृपरामो मानदः सज्जनानाम् ॥
मठमधिकविधिज्ञो दिक्षु विख्यातकीर्ति–
र्गणपतिप्रभृतीनां देवतानामकार्षीत् ॥ १ ॥ ”
( भाषावंशावलीबाट )

[ विक्रमसंवत् १६७१ मा सज्जनहरूको मानमर्यादा गर्ने, देशविदेशमा कीर्ति फैलिएका, धेरै विधिविधान जान्ने राजा राम शाहले गणेश आदि देवताहरूको मठ (मन्दिर) बनाउनुभयो । ]

**राम शाहले जयभद्रलाई मेघदूत काव्यको चारित्रवर्द्धनको टीका सार्न लाएका थिए। वि. सं. १६७५ पौष १८ गते बृहस्पतिवारको दिन सो सारिसिद्धिएको थियो ।**

“ इति श्रीचारित्रवर्द्धनविरचिता मेघदूताख्यकाव्यस्य टीका सम्पूर्णा ॥ ॥ समाप्तोऽयं ग्रन्थः ॥ ॥ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतपारकोटीयवंशोद्भवमहाराजाधिराजश्रीमद्रामसाहनृपस्येदं पुस्तकं लेखापितं ॥ ॥ लिखितं जयभद्राख्यविप्रेण ॥ शाके १५४० पौषशुक्ल ११ गुरुदिने ॥ शुभं ॥ ”

( मेघदूतकाव्यको यो वाक्य संस्कृतसन्देश १ वर्ष ८ अङ्कको ३० पृष्ठमा योगी नरहरिनाथद्वारा प्रकाशित भएको छ । )

[ मेघदूतकाव्यको श्रीचारित्रवद्‌र्धनले बनाएको टीका सम्पूर्ण भयो । यो ग्रन्थ सकियो ॥ स्वस्तिश्री पहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, पारकोटवंशमा पैदा भएका महाराजाधिराज श्रीरामशाहबाट यो पुस्तक लेखाइयो ॥ ॥ ब्राह्मण श्रीजयभद्रले लेखियो ॥ श्रीशाके १५४० ( वि. सं. १६७५ ) पौषशुक्ल एकादशी बृहस्पतिवारको दिनमा सिद्धियो । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

विक्रमसंवत् १६७५ शकसंवत् १५४० पौषशुक्ल

| तिथि | वार | घडी पला | |
|---|---|---|---|
| एकादशी | बृहस्पति | ४८।१ | } पौष १८ गते |

**वि. सं. १६७८ आश्विन २६ गते शुक्रवारका दिन राम शाहको राज्यकालमा गोरखामा बसी जयभद्र शर्माले रुद्रानुष्ठानपद्धति लेखी सिध्याए।**

“ संवत् १६७८ शाके १५४३ समये कार्तिकवदि ८ नक्षत्रे ७ शुक्रवासरे गोर्षाग्रामे रामसाहिभुज्यमानराज्ये जयभद्रशर्मणा लिखितमिदं पुस्तकं शुभमिति ॥ ॥ ”

[रुद्रानुष्ठानपद्धतिको यो वाक्य इतिहास–प्रकाश २ अङ्क ३ भागको ५५२ पृष्ठमा प्रकाशित भएको छ । ]

[ वि. सं. १६७८ शकसंवत् १५४३ कार्तिककृष्ण अष्टमी पुनर्वसु नक्षत्र शुक्रवारका दिनमा गोरखा भन्ने गाउँमा रामशाहको राज्यमा जयभद्र शर्माले यो पुस्तक लेखियो । कल्याण होओस् ॥ ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १६७८ शकसंवत् १५४३ कार्तिककृष्ण

(अमान्तमानले आश्विनकृष्ण)

| तिथि | वार | घडी पला | नक्षत्र | घडी पला | |
|---|---|---|---|---|---|
| अष्टमी | शुक्र | ४६।२१ | पुनर्वसु | ४६।३ | आश्विन २९ गते |

**वि.सं. १६७९ श्रावण ३२ गते बुधवारका दिन राम शाहले आफूलाई पढ्नाका निमित्त मिश्रमाधवद्वारा लेखाइएको राघवपाण्डवविजयकाव्य सम्पूर्ण भयो ।**

" शाके १५४४ श्रावणमासे शुक्लपक्षे पंचमी बुधवासरे ॥ श्रीरामसाहस्य पुस्तकमिदं पाठार्थे लेखापितं तथा परोपकाराय ॥ हिमालैकदेशगोरषास्थाणे लेखक मिश्रमाधव ॥ "

( वीरपुस्तकालय तेस्रो ६८ संख्याको राघवपाण्डवविजयकाव्यको अन्तिम पृष्ठबाट । शंकरमान राजवंशीद्वारा यो प्राप्त भएको हो । )

[ शकसंवत् १५४४ (वि. सं. १६७९) श्रावणशुक्ल पञ्चमी बुधवारका दिन हिमालयको एक भाग गोरखामा राम शाहले आफूलाई पढ्न र अरूको उपकारका लागि समेत लेखाइएको पुस्तक यो हो । सार्ने मिश्रमाधव । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १६७९ शकसंवत् १५४४ श्रावणशुक्ल

| तिथि | वार | घडी पला | |
|---|---|---|---|
| चतुर्थी | बुध | ४७।१४ | श्रावण ३२ गते |

**वि. सं. १६६३ श्रावण १८ गते आदित्यबारका दिन राम शाहले गोरखा पोखरीथोकमा मन्दिर बनाए ।**

गोरखा पोखरीथोकमा मन्दिर बनाई राम शाहले राखेको शिलालेख यस प्रकारको छ× —

" वसुबाणशिवाननचन्द्रयुते
नृपशालिबाहसमये विगते ।
विदधे नृपराम मठं कुतुकात्
शुचिदशामीयुक्तरवौ नभसि ॥१॥

श्रीशाके १५५८ ॥ ॥ रामश्वाङ्करसेंद्वतीतसमये श्रीविक्रमार्कस्य वै
शुद्धे श्रावणमासि भानुदिवसे युक्तेद शर्म्यां तथा ।

× यसको विशेष चर्चा श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५५८–६० पृष्ठमा गरिएको छ ।

चक्रे राममहीपतिर्मठमसावानन्दसन्दोहनं
श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ॥२॥
(इतिहासप्रकाश १ अङ्क ४० पृष्ठबाट)

[शाके १५५८ श्रावण महीनामा आषाढ दशमी आदित्यवारका दिन (धर्म गर्ने) चौचौ भएका राजा राम शाहले मन्दिर बनाउनुभयो ॥१॥

त्यस्तै श्रीशाके १५५८ वि. स. १६९३ आषाढ दशमी आदित्यवारका दिन श्रीशिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएका, सधैं शत्रुलाई जित्ने उहाँ राजा राम शाहले आनन्द दिने मन्दिर बनाउनुभयो ॥२॥ ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १६९२ शकसंवत् १५५८
आषाढकृष्ण ( पूर्णान्तिमानले श्रावणकृष्ण )

| तिथि | वार | घडी पला | |
|---|---|---|---|
| दशमी | आदित्य | ३३।२३ | श्रावण १८ गते |

× × ×

## डम्बर शाह

**वि. सं. १६९२ माघ १५ गते बुधवारका दिन युवराज डम्बर शाहलाई पाठ गर्नाका निमित्त ज्योतिषी अनन्तदेवद्वारा सार्न लाइएको गङ्गासहस्रनामस्तोत्र सम्पूर्ण भयो।**

" इति श्रीस्कन्दपुराणे काशीखण्डे गंगासहस्रनाम समाप्त ॥ ॥ ··· ··· श्रीशाके १५५७ माघवदि १ बुधे लिखितं श्रीमड्डम्बरसाहिपाठार्थे ज्योतिर्विदनन्तदेवेन + ॥ ॥

( वीरपुस्तकालय तेस्रो ८१ संख्या गंगासहस्रनामस्तोत्रबाट ।
शंकरमानराजवंशीद्वारा यो प्राप्त भएको हो। )

[ श्रीस्कन्दपुराणअन्तर्गत काशीखण्डको गङ्गासहस्रनामस्तोत्र लेखिसकियो। श्रीशकसंवत् १५५७ ( वि. सं. १६९२ ) माघकृष्ण प्रतिपदा बुधवारका दिन श्रीडम्बर शाहलाई पाठ गर्नाका निमित्त ज्योतिषी अनन्तदेवले सारे।]

---

+ वि. सं. १६९३ मा राम शाहले गोरखा पोखरीथोकमा राखेको शिलापत्रबाट वि. सं. १६९३ सम्म राम शाहले राज्य गरिरहेका थिए भन्ने कुरा सिद्ध हुन आएको र वि. सं. १६९२ मा डम्बर शाहलाई पाठ गर्न भनी लेखिएको यस ग्रन्थमा डम्बर शाहको विशेषण पनि राजोचित नभएको हुनाले त्यस वेला डम्बर शाह युवराज नै थिए भन्ने देखिन्छ।

यस कुराको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ५५८–६० पृष्ठमा र ५६४ पृष्ठमा गरिएको छ।

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

विक्रमसंवत् १६६२ शक संवत् १५५७ माघकृष्ण
( अमान्तमानले पौषकृष्ण )

| तिथि | वार | घडी | पला | |
|---|---|---|---|---|
| प्रतिपदा | बुध | १५ | ६ | } माघ १५ गते |

× × ×

## रुद्र शाह

वि.सं. १७३० ज्येष्ठ २१ गते सोमवारको दिन रुद्र शाहले पर्तिमन उपाध्यायलाई स्याहा-मोहर गरिदिएका थिए ।

छाप

१. स्वस्तिश्रीगिरिराज चक्रचूडामनि (णि) नरनारायने (णे) त्या-
२. दिविधु(वि)धविरुदावलिविराजमानमानोन्नतमहारा-
३. जाधिराजश्रीश्रीमद्रुद्रसाहदेवानां सदासमरविजइ (यि)-
४. नां लि— — — — — — — — —
५. श्रोपर्तिमन पाध्याक कर्ज लिहल रुपैया येक सय बि-
६. स अंकेपि १२०५ भाका ब्याज अदर्धसवाइ देना,संवत्
७. १७३० ज्येष्ठशुदि १४ रोज २ मुकाम गोर्षा शुभं

[ मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहबाट । यो पत्र ऐतिहासिक पत्र–संग्रह २ भागमा व्याख्यासहित १०–१५ पृष्ठमा प्रकाशित भएको छ ]

यसमा लेखिएका तिथिमितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १७३० ज्येष्ठशुक्ल

| तिथि | वार | घडी | पला | |
|---|---|---|---|---|
| चतुर्दशी | सोम | ३१ | ३४ | } ज्येष्ठ २१ गते |

—o—

# हात्तीखेदा गर्ने खर्चको निमित्त वि. सं. १७७३ मा गरिदिएको महीन्द्रसिंह (भास्कर मल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या

–शङ्करमान राजवंशी

## परिचय—

यो ताम्रपत्र कान्तिपुरका मल्ल राजा महीन्द्रसिंह (भास्कर मल्ल) ले तुलाराम उपाध्यायलाई जग्गा दिई गरिदिएका हुन्। यसको लम्बाइ १४½ अंगुल छ। चौडाइ ६¾ अंगुल छ। लेख १० पंक्ति छन्। लिपि नेवारी छ। यसमा साक्षी जगज्जय मल्ल छन्। यस ताम्रपत्रको छेउमा बाटुलो छाप छ। छापको बीचमा देवीको मूर्ति अङ्कित छ। देवीको वरिपरि "श्रीश्रीमहीन्द्रसिंहदेव" लेखिएको छ। छापमा संवत् छैन। यो पत्र बत्तीसपुतलीमा बस्ने रामप्रसाद उपाध्यायबाट प्राप्त भएको हो।

## मूलभाग—

(१) ॐ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशीरोरूह[१] श्रीमन्मानेश्वरीष्टदेवतावरलम्द[२] प्रसाद–

(२) देदीप्यमानमान्नत्[३]श्रीरघुवंशावताररविकूलतिरक[४]हनूमध्वज[५]नेपारेश्वर[६] महाराजाधि–

(३) राजराजराजेन्द्रसकर[७]राजचक्राधीश्वरस्वविक्रमोपार्ज्जितगजपतिपदविराजमान–

(४) श्रीश्रीजयमहीन्द्रसिंहदेवपरमभट्टारकदेवानां, सदा समलविजयीनां[८] प्रभु थाकूलसन

(५) श्रीमत्कान्तिपूर[९] महानगरे, मिथानकोस चोङ, विप्रश्रीतुराराम उपाध्यानाम्ने प्रसादिकृतं ॥ तेमा

(६) लब्यामिया दरिबुक्षत्रनामसंज्ञकं ॥ नद्यायां, पश्चिमत, श्रीराजकूलन, उत्तरतः पूर्व्वत, ग्राहकया

(७) क्षत्रेण, दक्षिणत, एतेखां मध्ये थ्वते चात्राघातन दु बुरो ३० ततः क्षत्रस्य यथादेशकालप्रवर्तमा-

(८) नसंचारार्घेण सुवर्णमूल्य, अष्टशत, महिन्द्रसिंहीटका ८०० मादाय स्वधिनानवतुकन्यायन क्र-

(९) यन विक्रीदितं भवति ॥ देही कर्ष२ घल्यालि कर्ष २॥ थ्वते दूकास्यं सर्व्वसुद्धान पाचू॥ प्रतित, हाति-

(१०) खेदायात, खर्च्च काया ॥ अत्र पत्रार्थे दृष्टसाक्षि, श्रीजगत्जय मल्ल ॥ सं॰ ८३७ माघशुद्धि १२ ॥ शुभ ॥

## अनुवाद—

ॐकल्याण होओस्। श्रीपशुपतिको चरणकमलको धूलोले कपाल फुलो भएका, श्रीमानेश्वरी इष्टदेवता-बाट वरप्रसाद पाएका, उज्याला, ठूलो इज्जत भएका, रघुकुलमा जन्मेका, सूर्यवंशका टीका जस्ता, हनूमद्ध्वज

१. शिरोरुह २. लब्ध ३. मानोन्नत ४. रविकुलतिलक ५. हनूमद्ध्वज ६. नेपालेश्वर ७. सकल ८. समरविजयिनां ९. कान्तिपुर

(ध्वजामा हनूमान भएका) नेपालेश्वर (नेपालका राजा), महाराजाधिराज, राजामा श्रेष्ठ, सबै राजाहरूका मालिक, आफ्नो पुरुषार्थले कमाएको गजपति(हात्तीका धनी) भन्ने पदले सुहाएका,सधैं लडाइँ जित्ने, श्रीश्री-जयमहीन्द्रसिंहदेव परमभट्टारक प्रभु ठाकुरले श्रीकान्तिपुर शहरको मिथानको भन्ने ठाउँमा बस्ने ब्राह्मण श्रीतुलाराम उपाध्यायलाई तिमालव्यासीको= दखिु खेत निगाह गरी दिनुभयो। नदीदेखि पश्चिम राजकुल-देखि उत्तर पूर्व, ग्राहकको खेतदेखि दक्षिण, यसमध्ये यति ४ किल्लाभित्रको ३० रोपनी खेत देशकालको चलनचल्तीअनुसार उचित मोल महीन्द्रसिंही रुपिया ८०० लिएर आफ्नो हकको न्यायअनुसार बेचबिखन गर्न पाउने गरी डिही ( पाखाको जग्गा ) २ कर्ष ( आधा रोपनी ) घडेरी ( घरसँगैको जग्गा ) २ कर्ष (आधा रोपनी) यति सबै तरहले फछ्यौंट गरी दिइयो। हात्तीखेदाको निमित्त यो खर्च लिइएको हो। यस पत्रमा दृष्ट साक्षी श्रीजगज्जय मल्ल। ने. सं. ८३७ (वि.सं. १७७३) माघशुक्ल द्वादशी ॥शुभम्॥

व्याख्या—

यी महीन्द्रसिंह कान्तिपुरका प्रसिद्ध राजा प्रतापमल्लका पनाती तथा भूपालेन्द्र मल्लका छोरा हुन्। यिनको जन्म वि. सं. १७५३ कार्तिकमा भएको हो+ । वि. सं. १७५७ मा यिनका बाबु भूपालेन्द्र मल्लको मृत्यु भएपछि यिनी राजा भएका थिए। राजा हुँदा यिनको उमेर ४ वर्षको थियो।

मल्ल राजाहरू आफूलाई पशुपति चरणकमलको धूलोले कपाल फुस्रो भएका भनी लेखाउँथे। त्यसैले यिनीहरू शैवसंप्रदायलाई मान्दथे भन्ने स्पष्ट छ। तर यिनीहरू केवल शैवसंप्रदायलाई मात्रै होइन, शाक्त संप्रदायलाई पनि उत्तिकै मान्दथे। यिनीहरूका इष्टदेवता मानेश्वरी भएकी र महीन्द्रसिंहको यस ताम्रपत्रमा अङ्कित छाप देवीको मूर्ति हुनाले पनि यो कुरो स्पष्ट हुन्छ। छापमा रहेको देवीको मूर्ति मानेश्वरीको हुन सक्छ। सो देवीको मूर्तिको ध्यान यस प्रकारको छ-

उड्केला (कुकुर्च्याले भुइँमा नछुने गरी ढुक्रुक्क बस्नु) मारेर बसेकी ती देवीका चार हात छन्। दाहिनेपट्टिको माथिल्लो हातमा खड्ग र तल्लो हातमा पात्र समाई अघिल्तिर पारिएको छ। देब्रेपट्टिको माथिल्लो हातले लिएको चीज छापमा अस्पष्ट छ, शायद ढाल हो कि। तल्लो हातचाहिं पात्रको माथिपट्टि पर्ने गरी बिन्दुमुद्रामा[1] रहेको छ।

मल्लकालमा मल्ल राजाहरूले जग्गा बेच्दा प्रमाणपत्र पाको कागतमा वा ताडपत्र ताम्रपत्रमा[2] प्रायः

---

= ताम्रपत्रका धनीले यो जग्गा पूर्व १ नं. पलाञ्चोकको आसपासमा छ भनी भन्नुभएको थियो। नक्सामा तिमाल भन्ने थुम काभ्रेपलाञ्चोक जिल्लामा छ। यो थुम पलाञ्चोक र चौरीथुमदेखि दक्षिण धुलिखेलथुमदेखि पूर्व पाँगुथुमदेखि उत्तरमा रहेको छ।

+ यसको विशेष विवरण ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ४७-४८ पृष्ठमा परेको छ।

१. तर्जन्यङ्गुष्ठसंयोगादग्रतो बिन्दुमुद्रिका

( वीरपुस्तकालयद्वारा प्रकाशित मुद्राचित्रसंग्रहको अन्तिम पृष्ठबाट )

[ अगाडिपट्टि चोरऔंला र बूढीऔंलाको संयोग भएपछि बिन्दुमुद्रा बन्दछ। ]

२. यसका उदाहरण पुरातत्त्वविभागबाट प्रकाशित पुरातत्त्वपत्रसंग्रहको पहिलो भागमा पाइन्छन्।

लेखिदिने चलन थियो। यो तामापत्र पनि जग्गा बेचेर गरिदिएको हो। मल्ल राजाहरूले जग्गा बेची गरिदिएका तामापत्रहरूमा पहिले प्रशस्ति, त्यसपछि जग्गाको विवरण, अनिपछि सबभन्दा तल साल मिति लेख्ने शैली छ। प्रशस्तिचाहिं संस्कृतभाषामा हुन्छ। त्यसपछि अरू विवरण मल्ल राजाहरू प्रायः नेवारीमिश्रित भ्रष्ट संस्कृतभाषामा[१] लेख्छन् । तिनताका लेखिने भाषामा 'र' 'ल'को भेद हुँदैनथ्यो। त्यसको उदाहरण यही ताम्रपत्र नै छ।

यस ताम्रपत्रमा महीन्द्रसिंहले हात्तीखेदा गर्न,खर्च चाहिएर जग्गा बेचेको कुरो परेको छ। त्यस कारण यी महीन्द्रसिंहलाई हात्तीखेदा गर्ने सोख थियो भन्ने कुरो स्पष्ट हुन्छ।

नेपालउपत्यकामा हात्ती[२] पाइँदैन। किनभने हात्ती घना जङ्गलमा मात्रै हुन्छन्। नेपालउपत्यकामा त्यस्तो घना जङ्गल छैन। मल्ल राजाहरूले हात्ती ल्याउन तराइमा जानुपर्दथ्यो। उपत्यकाको दक्षिण तराइ-प्रदेश तिनताका मकवानी राजाको अधीन थियो[३]। त्यस कारण मल्ल राजाहरूले प्रायः मकवानपुरका राजाहरूसंग मिली हात्तीखेदा गरी हात्ती ल्याउँथे। वि. सं. १७६८ मा भक्तपुरका राजा भूपतीन्द्र मल्लले मकवानपुरका राजा माणिक्य सेनसँग मिली हात्तीखेदा गरेका थिए[४]। हात्ती ल्याउन तिनताका

१. कतै कतै नेपालीमिश्रित भ्रष्ट संस्कृतभाषामा पनि पाइन्छ। पु. वि. द्वारा प्रकाशित पुरातत्त्व-पत्र–संग्रह पहिलो भाग हेर्नुहोस्।

२. हात्ती दुइ प्रकारका हुन्छन्। पहाडी प्रदेशमा हुने एक थरी र नदीको आसपासमा हुने एक थरी। सो कुरो कौटल्यले यसरी बोलेका छन्—

दन्तमूलपरीणाहद्विगुणं प्रोज्भय कल्पयेत्
अब्दे द्वयर्धे नदीजानां पञ्चाब्दे पर्वतौकसाम् ॥ २५ ॥
(कौटलीय अर्थशास्त्र २ अधिकरण ३२ अध्याय)

[नदीका आसपासमा हुने हात्तीको अढाइ अढाइ बर्षमा तथा पहाडी प्रदेशमा हुने हात्तीको पाँच पाँच वर्षमा फेदको मोटाइको दोबर भाग छोडेर दाँत काट्नू।]

यो कुरो भोलानाथ धनवज्रको इतिहास-संशोधन ५१ संख्यामा पनि परेको छ।

आमृष्यन्तमथ स्वविक्रममसौ नेपालपक्षस्थितं
माकन्दावनिपं कुटुम्बसहितं बध्नन् हि दिग्बन्धनम्।
सर्वं तद्विषयं स्वकीयमकरोद् यस्मान्नृपेणाऽमुना
प्राप्यन्ते प्रतिवर्षमेव शतशः स्तम्बेरमा उत्तमाः ॥४४॥
(पृथ्वीन्द्रवर्णोदय १ सर्गबाट)

[मकवानपुरका राजा दिग्बन्धन सेन नेपालखाल्डाका राजासँग मिलेका थिए, पृथ्वीनारायणको भलो हेर्न सक्दैनथे। यस कारण सपरिवार दिग्बन्धनसेनलाई पृथ्वीनारायणले पक्रनुभयो, तिनको जम्मै मुलुकलाई आफ्नो राज्यमा मिलाउनुभयो। त्यस राज्यबाट वर्सेनि सयौं असल हात्ती पृथ्वीनारायण शाहको हात लाग्छन्।]

४ "इतिहास-संशोधनको प्रमाणप्रमेय" को १७६ पृष्ठ हेर्नुहोस्।

गाह्रो थियो । त्यस कारण मल्ल राजाहरू हात्ती ल्याउनु ठूलो पुरुषार्थ सम्झन्थे । भूपतीन्द्र मल्लका बाबु जितामित्र मल्लले पनि हात्ती दान गर्न सकेका हुनाले आफ्नो प्रशस्तिमा "पात्रसात्कृतगजेन्द्र ×" भन्ने पद लिएका छन् ।

यी महीन्द्रसिंहले पनि आफैंले हात्तीखेदा गरी हात्ती ल्याउन सकेका हुनाले आफ्नो प्रशस्तिमा "स्वविक्रमोपार्जितगजपतिपदविराजमानश्रीश्रीजयमहीन्द्रसिंहदेव" भनी लेख्न लागेका हुन् । यिनले आफैंले हात्ती ल्याउन सकेका हुनाले नै यिनको नाम महीन्द्रसिंह भनी प्रख्यात भएको हो । पहिले त यिनको नाम भास्कर मल्ल थियो । सो कुरा वंशावलीमा यसरी लेखिएको छ–

"अस्य पुत्र महीन्द्र मल्ल । यिनका अघिको नाम भास्कर मल्ल भोगवर्ष २, ...... एक दिन तीनै सहरका राजा एक भई मिलिरहदा समय भक्तपुरका राजा र कान्तिपुरका राजा भास्कर मल्ल सिंधुलीको बाटो गरी चारकोश झाडीतिर हात्तीखेदा जाँदामा भास्कर मल्लले १२ हात्ती समाई नेपालमा ल्याइपुर्‍याया। भक्तपुरका राजाले मात्र एक हात्ती पनि ल्याउन सकेनन् । यसैमा भास्कर मल्ल अतिशूरा प्रतापी ठहर्न जाँदा पण्डितहरू राजद्वारमा आई राजाको वर्णन गरी राजा गजपति महीन्द्र मल्ल भनी नाम राखी प्रख्यात गर्‍या।,,

( भाषावंशावलीबाट )

महीन्द्रसिंह तथा भास्कर मल्ल एकै व्यक्ति हुन् भन्ने कुरो अरू प्रामाणिक तात्कालिक अभिलेख तथा ठ्यासपुमा टिपिएका टिपोटहरूबाट पनि सिद्ध हुन्छ । जस्तै—

" महाराजाधिराजराजराजेन्द्रसकलराजचक्राधीश्वरश्री२जयभास्करमल्लदेवप्रभुथाकुलस्य विजयराज्ये ॥ ...सम्वत् ८३५ कातिकमासे शुक्ल (पक्षे) पूर्णमास्यां तिथौ कृतिकनक्षत्रे शिवयोगे (बु)द्धवासरे "

( वी. पु. को संग्रहमा रहेको कान्तिपुर वटुटोल चिधबहालको अभिलेखबाट )

[महाराजाधिराज राजामा, श्रेष्ठ, सबैराजाहरूका मालिक श्रीश्रीजयभास्कर मल्लदेव प्रभु ठाकुरका विजय-राज्यमा... नेपाली सवत् ८३५ ( वि सं. १७७१ ) कार्तिकशुक्ल पूर्णिमा कृत्तिका नक्षत्र शिव योग बुधवारमा+ ]

---

× भोलानाथ पनवज्रको इतिहास–संशोधन ५१ संख्याको ४६ पृष्ठ हेर्नुहोस् ।

+ गणना गर्दा आएको यस दिनको पञ्चाङ्ग यस प्रकारको छ –

ने. सं. ८३५ (वि. सं. १७७१) कार्तिकशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १० | बुध | पूर्णिमा | ३१ | ० | कृत्तिका | ३४ | ५ | परिघ | ६ | ४१ |

यहाँ परिघ योग ६ घडी ४१ पलासम्म छ । त्यस कारण त्यतिउप्रान्त शिव योगमा यो अभिलेख राखिएको हुनुपर्छ ।

"शुभ सम्वत् ८३५ पौखकृष्ण षष्ठि हस्त नक्षत्र शुकर्म्म जोग ॥ शुक्रवार प्रतिस्था दिन ···श्रीश्रीमहिन्द्रसिंहदेव मह्ल माहाराज प्रभु थाकुरस विजयराज्ये"

( वी. पु. को संग्रहमा रहेको चाबहिल खेतको अभिलेखबाट )

[ ने. सं. ८३५ (वि. सं. १७७१) पौषकृष्ण षष्ठी हस्त नक्षत्र सुकर्म योग शुक्रवारका दिन[1] प्रतिष्ठा (भयो) ··· श्रीश्रीमहीन्द्रसिंहदेव मल्ल महाराज प्रभु ठाकुरको विजयराज्यमा]

" महाराजाधिराजराजराज्येन्द्रसकरराजचक्राधिश्वरश्रीश्रीजयमहिन्द्रसिंहमल्लदेवप्रभुथाकुरस्य विजयराज्ये ··· ··· स्वस्ती संवत् ८३८ माघशुक्ल त्रयोदसि पुष्य नक्षत्र आदित्यवार श्व कुन्हु प्रतिष्ठा याङा दिन जुरो ॥ ".

( वी. पु. को संग्रहमा रहेको विष्णुमती लघुतीर्थको चैत्यको अभिलेखबाट )

[महाराजाधिराज, राजामा श्रेष्ठ, सबै राजाहरूका मालिक श्रीश्रीजयमहीन्द्रसिंहमल्ल देव प्रभु ठाकुरको विजयराज्यमा··· ने. सं.८३८ (वि. सं. १७७४) माघशुक्ल त्रयोदशी पुष्य नक्षत्र आइतवारको दिन[2] प्रतिष्ठा भयो ।]

"सम्वत् ८३९ वैशाषशुक्र त्रितियान्तिथौ रोहिणीनक्षत्रे यथाकनमुहुतरे शनिचरवारसरे······ श्री २ भास्करमल्लदेवस्य विजयराज्ये ···"

(वी. पु. को संग्रहमा रहेको ज्ञानेश्वर मैतीथानको अभिलेखबाट)

[ने. सं. ८३९ (वि. सं. १७७६) वैशाखशुक्ल द्वितीया रोहिणी नक्षत्रमा पर्नु पर्ने मुहूर्तमा शनिवारमा[3] ··· श्रीश्रीभास्कर मल्लदेवको विजयराज्यमा ।]

---

१. गणना गर्दा आएको यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८३५ (वि. सं. १७७१) पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण)

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माघ | १६ | शुक्र | षष्ठी | ६० | ० | हस्त | ३६ | ४५ | सुकर्मा | १० | १६ |

२. गणना गर्दा आएको यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८३८ (वि. स. १७७४) माघशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | ६ | आदित्य | त्रयोदशी | २५ | ६ | पुष्य | ४८ | ३५ |

३. गणना गर्दा आएको यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं ८३९ (वि. सं. १७७६) वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | १३ | शनि | तृतीया | ५३ | २७ | कृत्तिका | ११ | ५६ |

यहाँ कृत्तिका ११ घडी ५६ पलासम्म छ । त्यस कारण त्यतिउप्रान्त रोहिणी नक्षत्रमा यो अभिलेख राखिएको हुनुपर्छ ।

"श्रीश्रीमहीन्द्रसिंहदेवस काजि झगल थाकुल थ्व वेलस सम्वत् ८४० वैशाखशुक्ल दशमी उत्तलफाल्गुणी नक्षत्र वज्र योग शुक्रवार थ्व कुन्हु पतिस्था"

(वी. पु. को संग्रहमा रहेको चावहिल चन्द्रविनायकमन्दिरको अभिलेखबाट)

[श्रीश्रीमहीन्द्रसिंहदेवका काजी झगल ठाकुरको पालामा ने. सं. ८४० ( वि. सं. १७७७ ) वैशाखशुक्ल दशमी उत्तरफाल्गुनी नक्षत्र वज्र योग शुक्रवारको दिन+ प्रतिष्ठा भयो ]

"सम्वत् ८४२ भाद्रपद दशमि थ्व श्री ३ भास्कर मल्ल अभाग जुओ"

(देवहर्ष वज्राचार्यको संग्रहको थ्यासफुबाट)

[ने. सं. ८४२ (वि. सं. १७७९) भाद्र महीना दशमीमा श्री ३ भास्कर मल्लको मृत्यु भयो ।]

यदि भास्कर मल्ल र महीन्द्रसिंह एउटै व्यक्ति नहुँदा हुन् त उपर्युक्त अभिलेख तथा थ्यासफुमा उल्लिखित लेखहरूमा वि. सं. १७७१ मा भास्कर मल्ल वि. सं. १७७१ मै तथा वि. सं. १७७४ मा महीन्द्रसिंह, वि. सं. १७७६ मा फेरि भास्करमल्ल, वि. सं. १७७७ मा महीन्द्रसिंह, वि. सं. १७७९ मा फेरि भास्कर मल्ल यस्तो अनर्थ उल्लेख हुने थिएन। त्यस कारण भास्कर मल्ल तथा महीन्द्रसिंह भिन्नाभिन्न व्यक्ति होइनन्, एउटै व्यक्ति हुन् भन्ने कुरो सिद्ध हुन्छ ।

## आत्मसंशोधन

सच्चा विद्या प्रकाश होस् भनी इच्छा गर्ने मानिसले आफ्नो भूल थाहा पाउनासाथ त्यसको संशोधन गर्नु उसको परम कर्तव्य हो। मैले वि. सं. २०२० मा वीरपुस्तकालयबाट सेनवंशावली भन्ने पुस्तक सम्पादन गरी प्रकाशित गराएको थिएँ । त्यसमा अहिले देखिन आएका अशुद्धिको संशोधन यहाँ प्रकाश गराएको छु ।

२८ पृष्ठमा गुल्मीसेनवंश भन्ने शीर्षक नचाहिने ।

२८ पृष्ठको ४१ श्लोकमा गुल्मी जित्ने भनी वर्णन गरिएका मुकुन्द सेन प्रथम होइनन्, द्वितीय हुन्। यस कारण २८–२९ पृष्ठमा दिइएका त्यस विषयका टिप्पणी अनावश्यक तथा अशुद्ध हुन गएका छन् ।

३१ पृष्ठमा दिइएको वंशवृक्षमा मुकुन्द सेनबन्धु उग्र सेन होइनन्, द्वितीय मुकुन्द सेन हुन्।

३६ पृष्ठमा दिइएको टिप्पणी अनावश्यक तथा अशुद्ध हुन गएको छ।

—o—

+ गणना गर्दा आएको यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८४० (वि. सं. १७७७) वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | ८ | शुक्र | दशमी | ३२ | ५७ | उ. फा. | ४४ | ५८ | हर्षण | १ | १४ |

यहाँ हर्षण योग १ घडी १४ पलासम्म रहन्छ। त्यस कारण त्यतिउप्रान्त वज्रयोगमा यो अभिलेख राखिएको हुनुपर्छ ।

# वि. सं. १८४३ मा भएका केही मुख्य घटना

—रामजी तेवारी

वि. सं. १८४३

ज्येष्ठ १० गते शनैश्चरवार नेपाली सैन्यले कालीगण्डकी तऱ्यो ।
ज्येष्ठ १० गते शनैश्चरवार राती गुल्मीका राजा भागे ।
ज्येष्ठ ११ गते आदित्यवार नेपाली सैन्यले गुल्मी विजय गऱ्यो ।
भाद्र २५ गते बुधवार नेपाली सैन्य अर्घातर्फ हिंड्यो ।
भाद्र २६ गते बृहस्पतिवार नेपाली सैन्यले अर्घा विजय गऱ्यो ।
भाद्र २७ गते शुक्रवार राती खाँचीका राजा भागे ।
भाद्र २८ गते शनैश्चरवार नेपाली सैन्यले खाँची विजय गऱ्यो ।
आश्विन २ गते बृहस्पतिवार नेपाली सैन्यले धुरकोट विजय गऱ्यो ।
आश्विन ४ गते शनैश्चरवार नेपाली सैन्यले दिउँसो साढे ११ बजेदेखि २ बजेतक लडी इस्मा विजय गऱ्यो ।
आश्विन १४ गते मङ्गलवार नेपाली सैन्यले पर्वत विजय गऱ्यो ।
कार्तिक १६ गते बुधवार नेपाली सैन्यले प्यूठाना विजय गऱ्यो ।
कार्तिक २६ गते बुधवार नेपाली सैन्य दाङतर्फ हिंड्यो ।
कार्तिक २६ गते शनैश्चरवार नेपाली सैन्यले दाङ विजय गऱ्यो ।
मार्ग २ गते मङ्गलवार नेपाली सैन्यले रोल्पा विजय गऱ्यो ।
मार्ग ७ गते आदित्यवार नेपाली सैन्य विजय गर्दै भेरी नदीसम्म पुग्यो ।

## विवरण र प्रमाण

श्री ५ पृथ्वीनारायण शाहले वि.सं. १८०१ देखि विजययात्रा शुरू गरेका हुन् । उनी ज्योतिषीहरूलाई साइत हेराईकन लडाइँको थालनी गर्दथे ।

जस्तै—

"येक दिन कचहरिमा बस्याको थिञाँ.तान्रा लागेछ र तान्रैमा ता ईन्द्रायनिका स्थानमा बस्याको रहेछुँ. आजका साता दिनमा ठुलो सायेत छ.तेसै दिनको सायतले नुहाकोट साध्ये हुन्याछ भन्याको सुन्या र पात्र हेरन

जैसि भन्या र पात्रो हेऱ्या र आजका साता दिन बिहाउडो सनिश्चरवार ठुलो सायेत रहेछ भनी बिन्ति गऱ्या र उहि साहेतमा महामण्डलमा उक्लेउ र तरवार पऱ्यो र हाम्रा नुन्का सेषले झुकाईदिने पंथ बाह्रै बर्षमा मेरा भाई दलमर्दन् साहले जेठि तरबार रानाको थापलामा हाल्यो र नुहाकोट साधे गरि बढाई गरेउ. ”

( श्री ५ पृथ्वीनारायण शाहको उपदेशबाट )

“ ( श्री ५ पृथ्वीनारायण शाहको प्रशस्ति )

स्वस्ति श्रीसर्वोपमायोग्य निखिलगुणगरिष्ठ राजभारासामर्थ्य श्रीराजीवलोचन पण्डितके प्रणामपूर्वकपत्रमिदं •••उप्रान्त आउँदा जीवपक्षमा काज हवस् भनि आग्या गरि पठाउनुभएछ, भलो आज्ञा गरि पठाउनुभएछ ··· ”

( श्री ५ पृथ्वीनारायण शाहले कास्कीका पण्डित राजीवलोचनलाई लेखेको पत्रबाट । यो पत्र ऐतिहासिक पत्रसग्रह पहिलो भागको १९–२३ पृष्ठमा व्याख्यासमेत छापिएको छ । )

“ स्वस्ति श्रीसर्वोपमायोग्यसकलगुणगरिष्ठश्रीनीलकण्ठज्योतिर्विसु स्वस्ति श्रीगिरिराजेत्यादिश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयीनां प्रणामपूर्वकपत्रमिद.

··· ··· पत्र आयो, अर्थ पाञौ, ··· ···

आहा दश् आठ ठाना हाल्याथ्यौ, फिरि छेकनाकन आईतवार गौटा २ ठाना हाल्न सराजाम् गऱ्यौं, तसै बिच कटक् आयो र ठाना हाल्न भयेन. बाहादेषि दिन् पाईयनन्. लाग्यो मेला छेकौं भन्या हुन्यै थियो तर मृतपक्ष पनि लाग्यो. मलमास पनि लाग्यो. ”

( श्री ५ पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई लेखेको पत्रबाट । यो पत्र ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ६८–७२ पृष्ठमा व्याख्यासमेत छापिएको छ ।)

“ राज्ञाथ दैवज्ञकुलावतंसः पृष्टः कुलानन्द इति श्रुतः सः ।
लक्ष्मीशतिथ्याश्रितपौष्णभाद्यं लग्नं समूचे रिपुभक्तसाध्यम् ॥ १६ ॥
तस्मिन् स भक्तं परराजयुक्तं सद्योऽरुणद् भूरिबलैः प्रशक्तम् ।

( श्री ५ पृथ्वीनारायण शाहको पालामा वि. सं. १८२६ मा ललितावल्लभले बनाएको भक्तविजय काव्यबाट )

[ त्यसपछि ज्योतिषीहरूमा मुख्य कुलानन्द ढकालसँग राजाले शत्रुको भक्तपुर विजय गर्ने साइत सोद्धा उनले द्वादशीयुक्त रेवतीनक्षत्रको पूर्वभागको लग्न बताए॥ १६ ॥

त्यही लग्नमा प्रशस्त फौजले गर्दा ज्यादै बलियो र अरू राजा ( काठमाडौं र पाटनका राजा )-हरू समेत भएको भक्तपुरलाई पृथ्वीनारायणले उन्निखेरै घेरा हाल्नुभयो । ]

( इतिहास--संशोधनको प्रमाण-प्रमेय को ११६–११७ पृष्ठ हेर्नुहोस् । )

पृथ्वीनारायण शाहपछिका नेपालका शासकहरू पनि साइत हेराईकन लडाइँको थालनी गर्थे । जस्तै—

“ ( श्री ५ रणबहादुर शाहको प्रशस्ति )

स्वस्ति श्रीसर्वोपमायोग्य विद्वज्जन श्रीकालु पाडेके प्रणामपूर्वकपत्रमिद इहाँ कुसल ताहा कुसल चाहिये

आगे इहाको समाचार भलो छ उप्रान्त तिमि भन्याका हाम्रा पुराना शुभचिंतक ब्राह्मण हौ. पश्चिम तिरको काज परिआया गर्नु भनि इहाँबाट भरभारा भला मानिस गोर्षा आया. तुम्रा छोरा लछिमापति पाँडेलाइ पनि साथ पठायाको छ. नया उध्याका ज्योतिषी छन्. तिमिले अघिदेषि गरिआयाको छ. तसर्थ तहाँ गोर्षाभारादारका साथ बसि मुसायत् हेरि विचार गरिदिन्या गर. तुम्रो सेवन हामि देषन्या-छौं. ताहाको काज वनाव. तुम्रो दर्द बनाइबक्सौला. सम्वत् १८३५ अगहनवदि १० रोज ६ सुभम् ।"

(श्री ५ रणबहादुर शाहले कालु (कृष्णानन्द पाँडे)लाई लेखेको पत्र । यो पत्र वि. सं. २०१७ आश्विन महीनाको "जयतु संस्कृतम्"को ६ पृष्ठमा छापिएको छ। )

"समरयात्रासल्लग्ने शुभांशक एकादशे कुमुदिनीनायके प्रत्यूहव्यूहविघाताय हेरम्बं समरजयाय दुर्गां च मंगलमाल्यार्घ्यगन्धादिभिः फलसमर्पणादिभिश्च संपूजयेति कुलपुरोधसं राजपुत्र उवाच ।"

(श्री ५ रणबहादुर शाहको पालामा वि. सं. १८४६ मा राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले बनाएको जयरत्नाकर नाटकबाट)

[युद्ध यात्राको असल लग्नमा शुभग्रहको नवमांशकमा एकादश चन्द्र पारी सबै विघ्ननिवारण गर्नालाई गणेशलाई र लडाइँ जित्नालाई दुर्गालाई मङ्गल दिने माला, अर्घ, चन्दन, फलफूल आदि समर्पण गरी पूजा गर्नुहोस् भनी राजकुमार बहादुर शाहले आफ्ना कुलपुरोहितलाई अह्राउनुभयो ।]

(जयरत्नाकर नाटकका ३०, ३१, ७७, १८२ पृष्ठ हेर्नुहोस् )

साइत हेरेर लड्न गएका कुराहरू "श्री५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" मा र भाषा-शावलीहरूमा पनि प्रशस्त पाइन्छन् ।

गोरखा गाइखुरमा कृष्णानन्द (कालु) पाँडे बस्तथे । ज्योतिष उनको कुलपरम्पराको विद्या थियो । उनका ५ जना छोरा थिए । तिनीहरूमा माहिला लक्ष्मीपति वि. सं. १८१५ मा जन्मे । परम्परादेखि आफ्नो कुलले पढ्दै आएको सिद्धान्त, संहिता, होरा तीन विभाग भएको ज्योतिषशास्त्र, काव्य र व्याकरणका साधारण नियमहरू बालककालदेखि नै लक्ष्मीपतिले पढ्न थाले । २० वर्षका लक्ष्मीपति आफ्नो बुद्धिले ज्यौतिष विद्यामा र संस्कृत गद्य पद्य रचना गर्ने काममा पनि केही निपुण भए ।

पृथ्वीनारायण शाहले देखाएको बाटोमा हिंड्ने भारादारहरू लडाइँको सफलताको निमित्त लडाइँको साइत दिन सक्ने ज्योतिषीलाई आफ्नो साथमा राख्तथे । वि.सं. १८३५ मा महाराजाधिराज रणबहादुर शाहका प्रतिनिधिले २० वर्षका लक्ष्मीपतिलाई पश्चिमको लडाइँको साइत हेर्ने काममा खटाई पठाए । यस वेलादेखि राजकीय कामको निमित्त यताउता जानुपरे तापनि लक्ष्मीपतिले नेपालको राजधानी काठमाडौंलाई आफ्नो वासस्थान बनाए ।

पाँच छ वर्षसम्म साइत हेर्ने काम गर्दै आएका लक्ष्मीपति ग्रन्थ हेर्नाले, ग्रन्थ सार्नाले, नयाँ ग्रन्थ बनाउनाले र विद्वान्‌को संसर्गले पनि आफ्नो विद्यालाई बढाउँदै राजकाजको कामलाई पनि अभ्यास गर्दै प्रसिद्ध हुँदै गए । केही कालपछि लक्ष्मीपतिले श्री ५ रणबहादुर शाहबाट दैवज्ञशिरोमणि भन्ने पद पाए ।

पृथ्वीनारायण शाहका कान्छा छोरा राजप्रतिनिधि बहादुर शाहले लक्ष्मीपतिलाई जैसीकोठाको (परराष्ट्रविभागको) तालुकवाला बनाए।

वि. सं. १८४३ मा राजप्रतिनिधि बहादुर शाहले पश्चिम विजय गर्ने योजना बनाए। सो विजयको निमित्त सल्यान जाजरकोट आदि राज्यलाई नेपालको अनुकूल बनाउन लक्ष्मीपतिलाई बहादुर शाहले राजदूत बनाई पठाए । लक्ष्मीपतिले आफ्नो बुद्धिले सो काम पुऱ्याए।

वि. सं. १८४३ मा नेपालको सीमाना भेरीसम्म पुऱ्याउन उठाइएको लडाइँको काममा ज्योतिषीको काम र दूतको काम लिएर लक्ष्मीपति सेनासँग हिंडे।

( वि. सं. २०१७ आश्विन महीनाको "जयतु--संस्कृतम्"मा छापिएको "वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः" भन्ने निबन्धको आधारमा )

वि. सं. १८४३ को लडाइँको काममा जाँदा लक्ष्मीपतिले अत्यन्त आवश्यक संझेका घटनालाई आफ्नो पात्रोमा टिपेर राखेका छन्। तिनबाट नेपालराज्यको एकीकरणको केही कुरा बुझिने हुनाले ती तिथि मिति यहाँ अहिले दिइएका छन्।

संवत् १८४३ शाके १७०८ नेपाली संवत् ९०६ कलिगत वर्ष ४८८७

ज्येष्ठकृष्ण उत्तराषाढामा राहु

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | ८ | बृ. | ५ | २७ | ४६ | उ.षा. | ४१ | १२ | कर्त्तरी |
| ज्येष्ठ | ९ | शु. | ६ | २६ | ११ | श्र. | ४१ | ५४ | जीवपक्षः |
| ज्येष्ठ | १० | श. | ७ | २३ | २४ | ध. | ३९ | ५५ | दिनको यात्रा १७ कालीतरणं |
| ज्येष्ठ | ११ | आ. | ८ | १९ | ४१ | श. | ३७ | ५८ | दिनगतघटी १५ गुल्मीसहरप्रवेशः |

हाम्रो प्रवेश होला भन्याका २ घडीअघी गुल्मी सहरमा गिद्ध घुम्न लाग्या। गुल्मीका राजाले गुल्मी छोड्याको शनैश्चरवार राति घरी एकमा हो भनी हरिदत्त भंथ्या।

छाता फर्क्यो पा

छताको कलश् षस्यो. जी-

भाद्रशुक्ल उत्तराषाढामा राहु

| गते | | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाद्र | २३ | सो. | ११ | २५ | १६ | उ. षा. | ५२ | ४९ | कर्त्तरी |
| भाद्र | २४ | म. | १२ | २५ | १४ | श्र. | ५८ | ४९ | जीवपक्षः |
| भाद्र | २५ | बु. | १३ | २४ | २ | ध. | ५८ | ३८ | रात्रिगतघटी ५।२ अर्घाका लडाइँको यात्रा |
| भाद्र | २६ | बृ. | १४ | २१ | ३५ | श. | ५७ | ९ | |
| भाद्र | २७ | शु. | १५ | १८ | ६ | पू. भा. | ५५ | ११ | रात्रिमा पौंची भाग्यो |

बृहस्पतिवार चतुर्दशीका दिन १८ घरी दिनमा अर्घासूर प्रवेश भयो

आश्विनकृष्ण — उत्तराषाढामा राहु

| गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|
| भाद्र २८ | श. | १ | १३ | ४४ | उ. भा. | ५२ | १७ | शनैश्चरवार ब्यहान ४ घरी बिताइ हाम्रा फौजको घाँचीमा प्रवेश भयो. |
| आश्विन २ | बृ. | ७ | ३६ | २ | रो. | ३२ | १४ | दिन ग. घ. १६ धुर्कोटप्रवेशः |
| आश्विन ४ | श. | ६ | २८ | ५४ | आ. | २५ | ४३ | दिनगतघटी १४ लगायत २० घरीतक् लडाइ २१ घरीमा इस्मासूरप्रवेशः |
| आश्विन ६ | सो | ११ | २२ | २ | ति | २२ | २६ | मृतपक्षः |

आश्विनशुक्ल — उत्तराषाढामा राहु

| गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|
| आश्विन १४ | मं. | ४ | ३६ | ४६ | वि. | ५२ | ३५ | दिनगत घटी २ मा पर्वत् फत्य भयो. |

कार्तिकशुक्ल — उत्तराषाढामा राहु

| गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|
| कार्तिक १६ | आ. | ७ | ३२ | २८ | उ. षा. | ३४ | ० | कर्त्तरी |
| कार्तिक १७ | सो. | ८ | ३१ | ३५ | श्र. | ३५ | ३६ | जीव |
| कार्तिक १९ | बु. | १० | २८ | ११ | श. | ३५ | ६ | प्युठानु फत्य भयाको |

मार्गकृष्ण — उत्तराषाढामा राहु

| गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|
| कार्तिक २६ | बु. | ३ | ४६ | ४६ | रो. | ११ | २५ | दाँगकन यात्रा १३ दिं. |
| कार्तिक २९ | श. | ६ | ३३ | ६ | पुनर्. | १ | ३६ | ग्रस्तभं दाँग फत्य भयो. |
| | | | | | | | | पूर्वाषाढामा राहु |
| मार्ग २ | म. | ९ | २८ | २६ | पू. फा. | ६० | ० | रोल्पा अंबल भयो. |
| मार्ग ७ | आ. | १४ | ४४ | ३० | स्वा. | २० | ५ | भेरी पुग्यूँ |

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको वि. सं. १८४३ को पात्रोबाट। यो पात्रो मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा छ)

यस विषयमा भाषावंशावलीमा यस्तो लेखिएको छ–

''शाके १७०८ (वि. सं. १८४३) मा श्री ५ महाराज रणबहादुर शाह गोर्खा पाउलाग्नुभयो। बहादुर शाह पाल्पा गई विवाह गरी आयापछि भरभारादारहरूलाई दियाका तैनाथहरू पनि सबै झिकी गोर्खामा पजनी भयो।

फेरि लडाईंको उद्योग चल्यो। काजी जीव शाह, काजी शिवनारायण खत्री, सर्दार पारथ भंडारी, सर्दार अम्बरसिंह राना, सुब्बा योगनारायण मल्ल, श्रीनाथ कंपनीका सुबेदार अजप, सबुज कंपनीका सुबेदार भारत, वरख कंपनीका सुबेदार नरसिंह, श्रीजङ कंपनीका सुबेदार चक्रपाणि उपाध्याय, रणभीम

कंपनीका सुबेदार अङ्गद, नयाँ गोरखका सुबेदार भास्कर राना, पुराना गोरखका सुबेदार बदलसिंह राना, श्रीमेहेरका सुबेदार चिन्तामणि, भवानीबक्सका सुबेदार केहेरसिंह राना, दुर्गाबक्स कंपनीका सुबेदार भोट्ठु बाज्यू, रामदल कंपनीका सुबेदार बदलसिंह बस्न्यात थरघर उमरासमेत कास्कीकोटमा गई बस्या। फेरि काली तरी गुल्मी गया। राजा भाग्या। गुल्मी सर भयो।

सर्दार अम्बरसिंह राना कंपनी ३ ली चन्द्रकोटमा गया। सुब्बा योगनारायण मल्ल खाँची गया। काजी जीवशाह काजी शिवनारायण खत्री,सर्दार पारथ भंडारी थरघरले अर्घा हानी फेरि रेसुंगा हानी बस्या। त्यस्तै बीचमा कौड्याको ठानु स्यार्तानी, सल्ल्यानी कुथ्र्या। त्यहाँ पर्वतले हान्दा गुहार नपुग्दै कौड्या छिन्यो। द्वान्या सबलसिंह शाहि, नराज लामा घा लागी पक्री पर्वत लैगया। गुहारी फर्की रेसुंगैमा आया। अर्घातोसमा वैरीको भारी फौज थियो। त्यहाँ कम्पनी १ राखी सबै लस्कर अर्घामा बस्याका थिया। बेहान हुँदा अर्घातोसको वैरी निस्की अर्घामा बस्न्या गोर्खाका लस्करलाई हान्न आउँदा ठूलो लडाइँ भयो। जिती अर्घा सर भया।

फेरि इस्मामा ठूलो लडाइँ भयो, सर पनि भयो।

त्यहाँपछि कम्पनी १ राखी चन्द्रकोटदेखि सर्दार अम्बरसिंह राना,खाँचीदेखि सुब्बा योगनारायण मल्ल–समेत सामेल भई बल्हेवा बाग्लुङ पुग्यापछि काजी दामोदर पाँडे, काजी जगजीत पाँडे, सर्दार प्रबल राना, फौदसिंह श्रीनाथ कालीदल २ कम्पनी लिई पल्लो बाटो जाँदा दुल्लुगाउँमा ठूलो लडाइँ भयो। जिती वेणीमा साँघु बनाउन लाग्या। पर्वत हान्न उछिनापछिना थियो। त्यस्तै बीचमा बल्हेवा बाग्लुङ पुग्याका लस्करले पर्वत छिन्या। पाँडे काजी मुख परी वाँही सामेल भया। काजी शिवनारायण खत्री नेपाल गया। कालीदल कंपनीका जमादार तुल्या थापा मऱ्यो। फेरि सबै भारादार थरघर उमरा श्रीनाथ,सबुज,वरख, श्रीजङ, रणभीम, नयाँ गोरख, श्रीमेहर, भवानीबक्स, दुर्गाबक्स, रामदल यति कम्पनी र नेपालबाट पर्वत हान्न गयाका काजी दामोदर पाँडे, काजी जगजीत पाँडे, सुब्बा फौदसिंह, कालीदल कम्पनीका सुबेदार बदलसिंह थापा, नयाँ श्रीनाथसमेत सामेल भई धुरकोटको बाटो गरी प्युठाना हान्न गया। त्यहाँपछि विना तरवारैले प्युठाना सर भयो।

त्यहाँदेखि काजी दामोदर पाँडे, सरदार प्रवल राना,सुब्बा फौदसिंह थापा,सुबेदार दलसिंह थापा नयाँ श्रीनाथ कालीदल कम्पनी लिई दाङ सर गरी सल्यानीलाई सौंपी फिऱ्या। काजी जीव शाह सर्दार अम्बरसिंह राना, सर्दार पारथ भण्डारी, सुब्बा योगनारायण मल्ल सर्खीको बाटो गरी जाहारी पुगी भेरीमा खाँडो पखाल्या।

जाजरकोटसँग बन्दोबस्त गरी सल्यानाको बाटो गरी दुवै मुखको लस्कर प्युठानामा जम्मा भया। काजी दामोदर पाँडे, काजी जगजीत पाँडे, सुब्बा फौदसिंह नयाँ श्रीनाथ नेपाल फिऱ्या।

फेरि भगौडाका राजा जम्मा भई तापामा आउँदा २ कम्पनी गई धपाया। फेरि दाङका चौघरामा सल्ल्यानीलाई घेर्दा कम्पनी ३ लिई हस्तदल शाहि गई काटी धपाया। काजी जीव शाह हस्तदल शाहि नेपाल गया।"

अर्को वंशावलीमा—

शा. १७०८ ज्येष्ठकृष्ण सप्तमी रोज ७ घडी १४ मा कालि तऱ्याको। भोलिवेर आदित्यवार अष्टमी गुल्मी फत्य।

शा. १७०८ ज्येष्ठशुदि १२ रोज ५ रेशुंगा मिची अर्जुगामा ठाना हाल्या ।

शा. १७०८ भाद्रशुक्ल १४ रोज ५ अर्घाप्रवेश । भोलिबेर पूर्णमासिका दिन अर्घातासर प्रवेश। आश्विन कृष्ण परेबा शनिश्चरवार षाँचि फत्य ।

शा. १७०८ आश्विनशुक्ल १ रोज ७ लस्कोटप्रवेश ।

शा. १७०८ आश्विनशुक्ल ४ रोज ३ श्रीरणबहादुर साह पर्वतप्रवेश ।

शा. १७०८ मार्गकृष्ण ३ रोज ४ मा फलंवा फत्य ।

शा. १७०८ मार्गकृष्ण ६ रोज ३ मा रोलपा फत्य ।

शा. १७०८ मार्गकृष्ण १४ रोज १ भेरी साँध भयो ।

काली–भेरीमध्यका राजा मार्‍या

| | | | | |
|---|---|---|---|---|
| गुल्मी— १ | अर्घा— २ | षाँची— ३ | धुर्कोट— ४ | इस्मा— ५ |
| पर्वत— ६ | पिउठाना— ७ | गजुल— ८ | दाङ— ९ | सल्यान— १० |
| कौवाङ— ११ | रोल्पा— १२ | रुगुम्— १३ | जहारी— १४ | मुसीकोट— १५ |
| दार्मा— १६ | धुंम्रि— (मारी जाजरकोटकन दिया) १७ | | | |

बाकि रह्याका राज्य ९

पालपा—१ मुसिकोट—२ गलकोट—३ छिल्लि—४ सल्ल्यान—५ ... ६
थपला—७ ...८ ...९ ''

वि. सं. १८४३ का यी लडाइँविषयका केही कागतपत्र पनि प्रकाशित भएका छन् । तिनबाट तलका कुरा बुझिन्छन्—

काजी जीव शाह, काजी जगजीत पाँडे, काजी दामोदर पाँडे, काजी शिवनारायण खत्री, सर्दार पारथ भंडारी, सर्दार अम्बरसिंह राना, सर्दार प्रबल रानाहरू वि. सं. १८४३ मा कालीदेखि पश्चिम विजय गर्न गएका थिए । विजय भएपछि तिनीहरूले विजित प्रदेशमा आफ्ना सैनिकहरूलाई लूटपीट, हल्लाखल्ला केही नगर्नू, असूल तहसील गर्ने काम तिमीहरूले केही गर्नुपर्दैन । खरीदार ×लक्ष्मीपति पाँडे ( निजामती अधिकारी ) लाई यो काम सुम्पिएको छ भन्ने आदेश दिएका थिए । ( ऐतिहासिक पत्रसंग्रह पहिलो भागको ४८-४९ पृष्ठ हेर्नुहोस् )

---

× बहादुर शाहको पालाको शासनव्यवस्थाको अलिकता वर्णन कर्कपेट्रिकले आफ्नो ग्रन्थ '' यॉन् एकाउन्ट् अफ् किङ्डम् अफ् नेपाल (नेपालराज्यको वर्णन) '' को १९६–२०३ पृष्ठमा गरेका छन् । त्यहाँ राज्यका मुख्य अधिकारीहरूका पदका नाउँ तथा क्रम तल दिएबमोजिमका छन्—

| | | | |
|---|---|---|---|
| १ चौतारा | २ काजी | ३ सरदार | ४ खरीदार |
| ५ कपरदार | ६ खजाञ्ची | ७ टक्सारी | ८ धर्माधिकार |
| ९ विचारी | १० डिट्ठा | ११ जेठाबूढा | १२ सुब्बा |
| १३ उमरा | | | |

# नेपाल–अंग्रेजयुद्धको तयारी

## जर्नेल भीमसेन थापा र काजी रणध्वज थापाले काजी बखतबारसिंह बस्न्यातलाई वि. सं. १८७१ मा लेखेको पत्र र त्यसको ऐतिहासिक व्याख्या

—महेशराज पन्त

**पत्र–**

पत्र आयो. अर्थं पाञ्. उप्रान्त बोलाहटको मोहर[१] आयो. पालो दिन्या आइपुग्यापछि बुझाउन्या कुरा बुझाइ आउंला भनी लेष्याका अर्थ(क)न ए(ता)बाट जाँदा बाटमा[२] बेरामी भै ढिल[३] भयाको

---

कर्कपेट्रिकको वर्णनअनुसार प्रधानमन्त्रीको काम चौताराले, राज्यका मन्त्री सेनापतिको काम काजी सरदारले ≠ 'परराष्ट्रविभागको तालुकवालाको काम खरीदारले, राजाका लुगा गहना र भान्साको देखरेख गर्ने काम कपरदारले, कोषाध्यक्षको काम खजाञ्चीले, टक्सारको हाकिमको काम टक्सारीले,प्रधान न्यायाधीशको काम धर्माधिकारले, न्यायाधीशको काम विचारीले, पुलीसविभागको असूल तहसीलको तथा बही बुझ्ने कामको तालुकवालाको काम डिट्ठाले, गाह्रोसाह्रो परिआउँदा सल्लाह दिने र सरकारी आज्ञा जिल्ला जिल्लामा पठाउने काम जेठाबूढाले, जिल्लाको बडाहाकिमको काम सुब्बाले, बाहिरिया किल्लाको रक्षकको का उमराले गरेको देखिन्छ।

यो क्रममा बराबर केही तलमाथि पनि पर्दो हो। किनभने पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा डि[ट्ठा] माथि विचारी मनि भनी बोलेका छन्। तर यहाँ कर्कपेट्रिकले भने विचारीको क्रम नवौं र डिट्ठाको क्रम दशौं देखाएका छन्।

"इतिहास–प्रकाश" १ अङ्कको १२९ पृष्ठमा वि. सं. १८५३ का केही अधिकारीहरूका पदका नाउँ दिइएका छन्। त्यहाँ अधिकारीहरूका पदका नाउँक्रम मिलाई लेखिएका देखिंदैनन्।

जे भए तापनि काजी, सरदार, खरीदार, सुब्बा यी पद उहिलेदेखि अहिलेसम्म चलिआएका छन् तापनि यिनको अर्थ उहिले र अहिले एकैनासका छैनन् भन्ने कुरा स्पष्ट छ।

उनताका परराष्ट्रविभागको नाउँ जैसीकोठा भएको र त्यहाँका अधिकारी खरीदार भएकाले परराष्ट्र विभागका तालुकवाला नै उनताका खरीदार कहलाउँथे भन्ने कुरो स्पष्ट छ। —सम्पादक

---

≠ उहिलेका ४ काजी, कम्यान्डिङ जनरलका रूपमा र सरदार अरू जनरलका रूपमा राणाकालमा रहेका देखिन्छन्।

१ मोहर=लालमोहर । २ बाटमा=बाटोमा । ३ ढिल=ढीलो

षबर सुन्दा परदेसको वास्ता मुहुडामा[४] पुग्या(कामका)जका सुरले हत्पत् अवाइ नभया[५] बितवल्[६] पर्ला भन्नानिमित्त मर्जिमाफिक[७] बोलाइटको ला(लमोहर भै) गयाको हो.

ञाहाँ पालपा बुटौलतरफ तराइमा सिवानाबापत[८] तकरार लाग्याको[९] ताहाँ पनी[१०] (मा)लुमै[११] छ. आजकाल फिरंगीका[१२] पल्टन्समेत आई हाम्रा तरफका थानेदारलाइ धम्की देषाइ उठाउन्या र आफ्ना थाना राष्न्या काम गर्न्या डवल्[१३] गर्‍यो भन्या षबर आउँदा एताबाट श्रीमेहर पल्टन्समेत का(जी भक्त)बीर थापा र भैरव बीरभद्रजङ् कंपनीसमेत सर्दार सम्सेर रानालाइ पालपा. दुर्गाब(कस गुरुबकस) कंपनीसमेत काजी रणजित्कवरलाई पिउठांना जानाको मर्जि भयो र बिदा भै हिंड्या. ञाहाँ-(प)छिको षवर जो आवला सो लेषौंला.

बाँकी तपाइँलाइ बोलाटको मोहर गयाको छ. ञाहाँ भन्या दोसिवानामा (तक)रार लागीरहेछ. अंगरेजले निसाफ छोडी तराइकी दावा रावी चिह्राउन्या[१४] काम गर्‍यो भन्या कतिसंम(यो प)र्छ. तसर्थ बोलाहट गयाको छ तापनी गढकुमाउ[१५] डोटि जाहाँ आफुलाइ सजिलो र आराम् हुंछ. (ताहाँ)गइ बस्न्या काम गर्नुहोला. यो झगरा साम्य भयापछि हजूरमा[१६] बिन्ती गरी झिकाउन्या पाठ गरौंला[१७] ताहाँतक[१८] गढकुमाउमा आइ बस्नुहोला. ज्यादा देसाबरको[१९] हालसुरत[२०] र आफ्नु कुशल छेम[२१] लेषृतै रहनु चाहिंछ[२२] सुभम्+ ———

व्याख्या—

यो पत्र काजी × बखतबारसिंह बस्न्यातलाई लेखिएको हो । मस्यौदा भएको हुनाले पत्रमा शिर-वेहोरा लेखिएको छैन। पठाउनेको नाउँ नदिई दर्जाबाटै काम चलाइएको छ । पठाउनेको र पाउनेको ठेगाना लेखिएको छैन । पठाउनेको दर्जा र पाउनेको नाउँ तथा मिति पनि लेख्नुपर्ने ठाउँमा लेखिएका छैनन्

---

४ मुहुडामा=सिमानामा । ५ अवाइ नभया=नआए । ६ बितवल्=बित्यास । ७ मर्जिमाफिक=श्री ५ महाराजाधिराजको हुकूमबमोजिम । ८ सिवानाबापत=सिमानाको विषयमा । ९ तकरार लाग्याको= झगडा उठेको । १० ताहाँ पनी=तपाईंलाई पनि । ११ मालुमै=थाहै । १२ फिरंगीका=अंग्रेजका। १३ डवल्=छाँट । १४ चिह्राउन्या=चिढाउने (शत्रु बनाउने) । १५ गढकुमाउ=गढवाल र कुमाउ । १६ हजूरमा=श्री ५ महाराजाधिराजको हजूरमा । १७ पाठ गरौंला=बन्दोबस्त गरौंला । १८ ताहाँतक= त्यस वेलासम्म । १९ देसाबरको=देशविदेशको । २० हालसुरत=हालखबर । २१ कुशल छेम= सञ्चो बिसञ्चो । २२ रहनु चाहिंछ=रहनुपर्छ ।

+मस्यौदारूपको यो पत्र रामजी तेवारीको संग्रहमा छ । यसै वेहोराको अर्को पत्रको आधारमा यहाँ कोष्ठभित्रका अक्षर थपिएका हुन् । सो पत्र पछि छापिनेछ ।

× तात्कालिक पत्रहरूमा यिनको नाउँमा बखतवार बखताबर दुवै रूपको प्रयोग भएको देखिन्छ । "बख्तावर" फारसी शब्द हो । यसको अर्थ भाग्यमानी भन्ने हुन्छ । यसैका विकृत रूप बखतबार बखताबर हुन् ।

पत्रको माथिपट्टि " काजी बखतबारसिं बस्न्यातके जर्नैल र कारोबारी काजीबाट ७१ शाल जेठ सु ११ रो १ को " भनी लेखिएको छ।

यताबाट वि. सं. १८७१ ज्येष्ठशुक्ल एकादशी आदित्यवारको दिन यो पत्र लेखिएको देखिन्छ। वि. सं. १८७१ को पात्रो पल्टाउँदा ज्येष्ठशुक्ल एकादशी आदित्यवार, जेठ १८ गते पर्छ। यसरी वि. सं. १८७१ जेठ १८ गते यो पत्र लेखिएको देखिन्छ।

पत्र पठाउने जर्नेल र कारोबारी काजीको विषयमा केही कुरा लेख्नाले पत्र पठाउनेको परिचय पाइने हुनाले अब जर्नेल र कारोबारी काजीको विषयमा केही कुरा लेखिन्छ।

कम्पनीसरकारका प्रधान शासकको पद " गभर्नर जनरल " भएकोले त्यसैको नक्कलमा नेपालका प्रधान शासक भीमसेन थापा वि. सं. १८६८ मा जर्नेल बने +। भीमसेन थापा जर्नेल हुनुभन्दा अघि नेपालमा जर्नेल पद चलेको थिएन। यसैले भीमसेन थापा जर्नेल भन्ने पदले नै प्रख्यात भएका थिए।

बूढा काजी अमरसिंह थापाकी साहिंली मुखिनी धर्मदेवीतर्फका छोरा रणध्वज थापा × भीमसेन थापाका मुख्य सहायक ÷ भएका थिए। यसैले कारोबारी काजी रणध्वज थापा नै हुन् भन्ने अनुमान हुन्छ।

अब पत्र पाउने काजी बखतबारसिंह बस्न्यातको विषयमा केही कुरा लेखिन्छ।

साँगाचोकको लडाइँमा परेका शिवरामसिंह बस्न्यातका माहिला छोरा केहरसिंह बस्न्यात *

---

+ "गल्लीमा फ्याँकिएका कसिंगर" उपोद्घातका १२ र १२३ पृष्ठ हेर्नुहोस्।

× " इतिहास–प्रकाश " २ अङ्क ३ भागका ३१४--१६ पृष्ठ हेर्नुहोस्।

÷ खोटाङमा बसेका काजी बखतबारसिंह बस्न्यातलाई वि. सं. १८६६ वैशाख १७ गते काजी भीमसेन थापा र रणध्वज थापाले संयुक्त रूपले लेखेको पत्र, डोटीमा बसेका काजी बखतबारसिंह बस्न्यातलाई वि. सं. १८७१ पुस १७ गते जर्नेल भीमसेन थापा र काजी रणध्वज थापाले संयुक्त रूपले लेखेको पत्र, गढवालको श्रीनगरमा बसेका काजी बखतबारसिंह बस्न्यातलाई वि. सं. १८७२ असोज ६ गते जर्नेल भीमसेन थापा र काजी रणध्वज थापाले संयुक्त रूपले लेखेको पत्र " इतिहास-प्रकाश " १ अङ्कका २२--२४ पृष्ठमा छापिएका छन्। ल्हासाबाट बलभद्रले जर्नेल भीमसेन थापा र काजी रणध्वज थापालाई संयुक्त रूपले लेखेको पत्र तथा ल्हासाबाट रामसुन्दरले वि. सं. १८७२ असार १७ गते जर्नेल भीमसेन थापा र देवान रणध्वज थापालाई संयुक्त रूपले लेखेको पत्र " जनरल भीमसेन थापा र तत्कालीन नेपाल " का ३०६–९ पृष्ठमा छापिएका छन्। पालपाका शासक अमरसिंह थापा ( भीमसेन थापाका बाबु )ले वि. सं. १८७० पुस २६ गते भीमसेन थापा र रणध्वज थापालाई संयुक्त रूपले लेखेको पत्र रामजी तेवारीको संग्रहमा छ। त्यस पत्रको शिरबेहोरा यस प्रकारको छ—" स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादिराजभारासामर्थ: चिरंजिव श्रीभिमसेन थापा चिरंजिव श्रीरणधोज थापाके ईत श्रीअमरसिंहथापाकस्य सुभासिक्पूर्वक-पत्रमिदम्. "

* "संस्कृत-सन्देश" १ वर्ष ५ अङ्कका ४--१३ पृष्ठ हेर्नुहोस्।

वि. सं. १८२८ पुसमा सतहूँको लडाइँमा परे≋ । यसपछि केहरसिंह बस्न्यातका छोराहरू नाबालक हुँदा श्री ५ पृथ्वीनारायण शाहको आश्रयमा हुर्के* । केहरसिंह बस्न्यातको मृत्यु हुँदा उनका कान्छा छोरा बखतबारसिंह बस्न्यात ६ महीनाका बालक थिए ÷ ।

स्वामी रणबहादुर शाह आफ्नै दुर्विनयले नेपालमा टिक्न नसकी वि. सं. १८५७ जेठ ८ गते भीमसेन थापा आदि केही अनुयायी लिई काशी हिंडे +।

रणबहादुरले नेपालमा आई फेरि उत्पात मच्चाउलान् भन्ने डरले रणबहादुर नेपाल आउन नपाऊन् भन्ने दामोदर पाँडे आदि भारादारको विचार थियो । यता कम्पनीसरकारले पनि नेपालको राजकाजमा हात हाल्न खोजिरहेको थियो । यही कारणले वि. सं. १८५८ कार्तिक १२ गते नेपालसरकार र कम्पनीसरकारको बीच सन्धि भयो । रणबहादुरलाई कम्पनीराज्यमै रोक्ने, नेपालसरकारले वर्षको ८२ हजार रुपियाँ उठ्ने जग्गा रणबहादुरलाई दिने, कम्पनीराज्यमा नेपाली दूत तथा नेपालराज्यमा कम्पनीका दूत राख्ने,अवध र नेपालको बीचमा सीमाविवाद उठ्यो भने नेपालतर्फका दूत र अवधतर्फका दूत आई कम्पनीतर्फका दूतको मध्यस्थतामा सीमाविवाद टुङ्ग्याउने, नेपालसरकारले कम्पनीसरकारलाई मकवानपुरबापत बर्सेनि बुझाउने गरेको हात्ती अबदेखि बुझाउनु नपर्ने आदि कुरा त्यस सन्धिपत्रमा परेका छन्= ।

यही सन्धिबमोजिम रणबहादुर काशीमै रोकिए तथा कप्तान नक्स कम्पनीका दूत भई वि. सं. १८५६ को आरम्भतिर × काठमाडौं आए ।

मूलकाजी बखतबारसिंह बस्न्यातलाई दामोदर पाँडेसँग फुटाई आफूपट्टि मिलाउन पाए आफू नेपाल फर्कन सजिलो पर्ने हुनाले दामोदर पाँडेसँग बखतबारलाई फुटाउन रणबहादुरले सकेसम्म कोशिश गरे । "जेठो छोरो राजा,कांछो छोरो तँ भईस्.···जहाँसम्म मेरा सन्तानको रजाई, तहाँसम्म तेरो र तेरा संतानको कजाँई र पाँडेको बिर्ताभन्दा ३ गुण बिर्ता बक्सियो. यो निश्चय जान" आदि कुरा लेखी रणबहादुर

---

≋ "त्रिरत्नसौन्दर्यगाथा" का १४२-४३ पृष्ठ हेर्नुहोस् ।

* "ऐतिहासिक पत्रसंग्रह" दोस्रो भागका ६४-६६ पृष्ठ हेर्नुहोस् ।

÷ बख्तवारसिंह बस्न्यात् १६९३ श्रावणकृ १२ जन्म

(मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहबाट)

[बखतबारसिंह बस्न्यातको जन्मसमय-शाके १६९३ (वि. सं. १८२८) श्रावणकृष्ण द्वादशी]

+ "त्रिरत्नसौन्दर्यगाथा" को १६३ पृष्ठ हेर्नुहोस् ।

= सी. यू. एटकिन्सनको "ए कलेक्शन् अफ् ट्रिटीज्, एन्गेजमेन्ट्स् यॉन्ड् सनदस् (सन्धिपत्र, प्रतिज्ञापत्र र सनदपत्रहरूको संग्रह)" चौथौं भागका ४९—५४ पृष्ठ अथवा काशीप्रसाद श्रीवास्तवको "नेपाल की कहानी" का २४०--४४ पृष्ठ हेर्नुहोस् ।

× ह्यामिल्टनको "एकाउन्ट् अफ् नेपाल ( नेपालवर्णन )" को २५५ पृष्ठ हेर्नुहोस् ।

बखतबारलाई आफूपट्टि मिलाउन उनलाई वारन्तार चिठी लेख्न लागे ()।

भीमसेन थापाले पनि रणबहादुरको पक्षमा बखतबारलाई मिलाउन बखतवारलाई "कान्छा बाबा" भनी नातो जोडी चिठी लेखेका छन् []।

रणबहादुरले अरू अरू भारादारहरूलाई पनि आफ्नो पक्षमा मिलाउन कोशिश गरेका थिए×।

नेपालमा बसेका आफ्ना दूतद्वारा नेपाली भारादारहरूलाई नेपालको विरुद्ध भड्काई आफ्नो पक्षमा मिलाउने कम्पनीसरकारको उद्देश्य दामोदर पाँडेहरूको देशभक्तिले र राजभक्तिले गर्दा पूरा हुन पाएन*। यस कारण वि. सं. १८५९ को चैतमा कप्तान नक्सले काठमाडौं छोडे÷। वि. सं. १८५८ कार्तिक १२ गतेको सन्धि वि. सं. १८६० माघ १३ गते कम्पनीसरकारले भङ्ग गर्‍यो र रणबहादुरलाई नेपाल फर्कन अनुमति दियो+। कम्पनीसरकारले अनुमति दिएकोले र यता नेपालमा केही भारादार आफूपट्टि लहसिएकाले पनि वि. सं. १८६० फागुनमा† रणबहादुर काठमाडौं आए। दामोदर पाँडे आदि केही भारादार मारिए%।

रणबहादुरलाई नेपाल फर्काउने काममा भीमसेन थापाको ठूलो हात थियो=। यसैले भीमसेन थापा वि. सं. १८६१ मा जेठमा काजी बने≋।

वि. सं. १८६३ वैशाख १४ गते राती भारादारी भइरहेको वेलामा सौताने भाइ चौ. शेरबहादुर शाहको हातबाट स्वामी रणबहादुर शाहको मृत्यु भयो। त्यही वेला काजी बालनरसिंह कुँवर (जङ्गबहादुरका बाबु)ले शेरबहादुरलाई मारिदिए।

---

() "इतिहास-प्रकाश" १ अङ्कका १५-१७, १९-२१ पृष्ठ हेर्नुहोस्।

[] "इतिहास-प्रकाश १ अङ्क" को १८ पृष्ठ हेर्नुहोस्।

× "इतिहास-प्रकाश" १ अङ्कको २० पृष्ठ, चित्तरञ्जन नेपालीको "जनरल भीमसेन थापा र तत्कालीन नेपाल" का २४९-५२ पृष्ठ तथा "श्री ५ रणबहादुर शाह" का १३६-३७ पृष्ठ हेर्नुहोस्।

* "त्रिरत्नसौन्दर्यगाथा" को उपोद्घातको ६० पृष्ठ हेर्नुहोस्।

÷ ह्यामिल्टनका २५७-५८ पृष्ठ तथा "ट्रिटीज् एन्गेजमेन्ट्स् यॉन्ड् सनदस्" चौथौं भागको ३७ पृष्ठ हेर्नुहोस्।

+ "ट्रिटीज् एन्गेजमेन्ट्स् यॉन्ड् यॉन्ड् सनदस्" को चौथौं भागको ३७ पृष्ठ हेर्नुहोस्।

† "त्रिरत्नसौन्दर्यगाथा" को १७३ पृष्ठ हेर्नुहोस्।

% "त्रिरत्नसौन्दर्यगाथा" को १८५-८७ पृष्ठ, ह्यामिल्टनका १७५, २५९ पृष्ठ तथा "इतिहास-प्रकाश" १ अङ्कको ४२ पृष्ठ हेर्नुहोस्।

= "त्रिरत्नसौन्दर्यगाथा" का १७१-७२, ३०९-११ पृष्ठ तथा "इतिहास-प्रकाश" १ अङ्कका ४१-४२ पृष्ठ हेर्नुहोस्।

≋ "जनरल भीमसेन थापा र तत्कालीन नेपाल" का २५२-५३ पृष्ठ हेर्नुहोस्।

रणबहादुर मारिएपछि हर्ताकर्ता भएका काजी भीमसेन थापाले चौ. विदुर शाह (शेरबहादुरका दाजु), काजी त्रिभुवन प्रधान, काजी नरसिंह गुरुङ आदिलाई शेरबहादुरका मतियार हुन् भन्ने दोष लाई मराए×।

काजी त्रिभुवन प्रधान र काजी नरसिंह गुरुङ, काजी भीमसेन थापासरहका काजी थिए* । यसरी आफूभन्दा माथिका तथा आफूसरहका आफ्नो मतमा नमिलेका भारादारहरूलाई मार्नामा नेपाल-राज्यलाई आफ्नो र आफ्ना अनुयायीको मात्र एकलौटी पार्ने भीमसेन थापाको नीतिले काम गरेको देखिन्छ ।

भीमसेन थापाले आफ्नो हातमा अधिकार आएपछि अनुभवी भारादारहरूलाई पन्छ्याउने नीति लिएका थिए । उनको यही नीतिस्वरूप चौ. बम शाह गढकुमाउका शासक बनाइएका थिए । काजी बखतबारसिंह बस्न्यातचाहिं किरातप्रदेशका शासक बनाइएका थिए () ।

वि. सं. १८७० तिर बखतबार पश्चिमतिर खटिएका थिए । उनलाई सदरबाट बोलाहट गएपछि 'पालो फेर्ने मान्छे आएपछि मालसामान उसको जिम्मा लाई आउँछु" भनी बखतबारले सदरमा लेखे । तर कम्पनीसरकारसँग बुटवलतिर सिमानासम्बन्धी गडबडप रेकोले बोलाहट गएको भए तापनि गडबड साम्य नभएसम्म गढकुमाउतिरै बस्नुहोला । गडबड साम्य भएपछि यहाँलाई काठमाडौं झिकाउँला भनी अहिले व्याख्या गरिरहेको पत्रमा लेखिएको छ [] ।

---

× "त्रिरत्नसौन्दर्यगाथा" को १६२–६३ तथा २६१ पृष्ठ, "श्री ५ रणबहादुर शाह" को १४१-४७ पृष्ठ हेर्नुहोस् ।

* रणबहादुरको ऋण तिर्न भारादारहरूबाट पैसा उठाइएको थियो । काजी भीमसेन थापा, काजी त्रिभुवन प्रधान, काजी नरसिंह गुरुङले ५००॥ का दरले सलामी बुझाउनू भन्ने कुरा वि. सं. १८६१ जेठ २७ गतेको रुक्कामा लेखिएको छ । (" श्री ५ रणबहादुर शाह " को १३९-४१ पृष्ठ हेर्नुहोस् ।) यताबाट यी तीनैजना काजी एकै श्रेणीका देखिन्छन् ।

() " इतिहास–प्रकाश" १ अङ्कको २२ र १०४ पृष्ठ हेर्नुहोस् ।

[] गढकुमाउमा जहाँ आफूलाई अनुकूल पर्छ; त्यहाँको संभार गरी बस्नू भन्ने लालमोहर पनि बखतबारलाई गयो। सो लालमोहरबमोजिम बखतवार गढवालको श्रीनगरमा आई बसे। हन्डुरका पदच्युत राजा रामशरण आदिले अंग्रेजसँग सम्बन्ध राखेको कुरा बुझी बखतवारले सदरमा लेखी पठाए । देहरा-दूनमा लड्न आएको अंग्रेजी फौज फर्केपछि बखतवारलाई बोलाहटको लालमोहर गयो । तर कम्पनी-सरकारले त्यतातिरका रजौटाहरूलाई आफ्नो पक्षमा मिलाएको र गढकुमाउमा फौज कम भए हमला गर्ने कम्पनीसरकारको इरादा पनि सदरमा थाहा पाइएकोले बखतबारलाई उतै रोकी बूढा काजी अमरसिंह थापाका सल्लाहबमोजिम काम गर्नू भन्ने कुरा वि. सं. १८७१ कार्तिक १७ गते बखतबारलाई गएको लालमोहरमा परेको छ । (" इतिहासप्रकाश" १ अङ्कको २२ पृष्ठ हेर्नुहोस् ।)

"आहां पालपा बुटौलतरफ तराइमा सिवानाबापत तकरार लाग्याको ताहाँ पनी मालुमै छ. आजकाल फिरंगीका पल्टन्समेत आई हाम्रा तरफका थानेदारलाइ धम्की देषाइ उठाउन्या र आफ्ना थाना राषन्या काम गर्दा डवल् गऱ्यो" भनी अहिले व्याख्या गरिरहेको पत्रमा लेखिएको छ । यो कुरा बुझ्न त्यस ताकाको बुटवलतिरको स्थिति बुझ्नु आवश्यक छ ।

चौ. बहादुर शाहको शासनकालमा पालपाली राजा महादत्त सेन नेपालका आश्रित मित्र भए × ।

महादत्त सेनपछि उनका छोरा पृथ्वीपाल सेन पालपाको गद्दीमा बसे + । वि. सं. १८५५ फागुन २८ गते गीर्वाणयुद्धको राज्याभिषेक भयो () । यस उत्सवमा पालपाली राजा पृथ्वीपाल पनि डाकिएका थिए । रणबहादुरले पृथ्वीपालको हातबाट गीर्वाणयुद्धको राज्यतिलक सम्पन्न गराए [] । राज्याभिषेकको उत्सवमा आएका पृथ्वीपाललाई रणबहादुरले नजरबन्द गराए ❁ । राजराजेश्वरीको हातमा शासनसूत्र आएपछि मात्र वि. सं. १८५९ को हिउँदमा छुटकारा पाई पृथ्वीपाल पालपा गए + ।

काशीबाट फर्केपछि स्वामी रणबहादुरले पृथ्वीपाललाई उनकी बहिनीसँग विवाह गर्ने निहुँ गरी काठमाडौं झिकाए । पृथ्वीपाल काठमाडौं आएपछि उनलाई र उनका ठूलठूला भारादारलाई रणबहादुरले नजरबन्द गरे × । यसपछि वि. सं. १८६१ को बर्खामा पालपाराज्य नेपालराज्यमा मिल्यो= ।

रणबहादुरलाई मार्नामा पृथ्वीपालको पनि हात छ भनी भीमसेन थापाले पृथ्वीपाललाई र उनीसँगै नजरबन्दमा परेका उनका भारादारलाई मराए≋ ।

दिल्लीका बादशाह द्वितीय शाह आलम, अवधका नवाब शुजाउद्दौला तथा बङ्गालका भूतपूर्व नवाब मीर कासिमको संयुक्त सेनालाई वि. सं. १८२१ मा बक्सरको लडाइँमा हराएपछि कम्पनीसरकारको

---

×"कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या" २ संख्याको ६–८ पृष्ठ तथा ह्यामिल्टनको १७३ पृष्ठ हेर्नुहोस् ।

+शङ्करमान राजवंशीद्वारा सम्पादित "सेनवंशावली"को २९ पृष्ठ तथा ह्यामिल्टनको १७४ पृष्ठ हेर्नुहोस् ।

()"इतिहास-संशोधनको प्रमाणप्रमेय" को १६५–६७ पृष्ठ हेर्नुहोस् ।

[]ह्यामिल्टनको १७४ र २५२ पृष्ठ हेर्नुहोस् ।

❁ह्यामिल्टनको १७४–७५ पृष्ठ हेर्नुहोस् । "पाल्पाली राजालाई पनि ताहाबाट नघुस्काऊ. (रणबहादुरले बख्तवारलाई काशीबाट वि. स. १८५८ फागुन ६ गते लेखेको पत्रबाट) "इतिहास-प्रकाश" १ अङ्कको १६ पृष्ठ हेर्नुहोस् ।) यस वाक्यले ह्यामिल्टनको वाक्यलाई पुष्टि गर्छ ।

+ ह्यामिल्टनको १७४–७५ पृष्ठ हेर्नुहोस् ।

× ह्यामिल्टनको १७५–७६ पृष्ठ तथा के. सी. चौधुरीको "यॉङ्लो-नेपलीज् रिलेशन्स्" ( अंग्रेज-नेपाल-सम्बन्ध ) को १४३ र १६३ पृष्ठ हेर्नुहोस् ।

= ह्यामिल्टनको १७७ पृष्ठ हेर्नुहोस् ।

≋ "त्रिरत्नसौन्दर्यगाथा" को १९३ पृष्ठ तथा ह्यामिल्टनको १७६ र २६१ पृष्ठ हेर्नुहोस् ।

दबदबा बढ्यो*। यसपछि कम्पनीसरकारले अवधसँग सन्धि गरी अवधमा आफ्नो दूत राख्यो× ।

कम्पनीसरकारले मराठाको डर देखाईं अवधका नवाबलाई तर्साएर वि. सं. १८३० देखि अवधको पैसाले अवधमा कम्पनीको पल्टन राख्ने प्रबन्ध मिलायो+ ।

वि सं. १८५६ मा अवधको फौज घटाई घटाइएको फौजको सट्टामा अवधको पैसाले कम्पनी-सरकारको फौज अवधमा राख्ने प्रस्ताव कम्पनीसरकारले राख्यो ।

अवधका नवावले कम्पनीसरकारको यो शर्त मान्न निकै आनाकानी गरे । तर कम्पनीसरकारले २ पल्टन पठाई "कि राज्यै छोडिदेऊ; कि हामीले पठाएको पल्टन राखी आधा राज्य हामीलाई देऊ" भनी लेख्यो । यसरी अकरमा परी विवश भएर वि. सं. १८५८ मङ्सीर १ गते आफ्नो आधा राज्य कम्पनीसरकारलाई दिने सन्धिपत्रमा सही गरेपछि आजभोलिको उत्तरप्रदेशको निकै भाग कम्पनी-सरकारको अधीन भयो★ । अब कम्पनीराज्य र नेपालराज्यको पश्चिममा पनि सिमाना जोडियो ।

नेपालराज्य र कम्पनीराज्यको सिमानाका केही जग्गालाई लिई ती दुइ राज्यमा कचिंगल उठिरहेका थिए । ती कचिङ्गललाई साम्य पार्न दुवैतर्फका अधिकारी बसी पुर्पक्ष गरी निर्णय गर्थे । तैपनि निकै ठाउँमा कचिङ्गल बाँकी नै थिए卐 ।

पालपाराज्य नेपालराज्यमा मिलेपछि पालपाको तराई बुटवल पनि नेपालमा मिलेको थियो । बुटवल कम्पनीराज्यपट्टि पर्ने हो कि, नेपालराज्यपट्टि पर्ने हो भन्ने विषयमा कम्पनीसरकारले विवाद उठायो। कम्पनीसरकारका गभर्नर जनरल लर्ड मिन्टोले बुटवल र शिवराज फर्काउन वि. सं. १८६० को बर्खामा नेपालसरकारलाई पत्र लेखे । बुटवल र शिवराजमा आफ्नो हकको दावी गरेर वि. सं. १८७० को हिउँदमा नेपालसरकारले त्यस पत्रको जवाफ दियो❦ ।

सीमाविवादलाई निर्णय गर्न वि. सं. १८७० को अन्त्यमा नेपालतर्फका र कम्पनीतर्फका अधिकारीको बैठक बस्यो । तर कम्पनीतर्फका अधिकारीले बैठकमा नेपाली अधिकारीलाई अपमान गरे । बैठकमा कुनै काम पनि नगरिएकोले नेपाली अधिकारी सभा छोडी आए▱ ।

---

* "अर्वाचीन भारत का इतिहास" को ७६-८० पृष्ठ हेर्नुहोस् ।

× "भारत में अङ्गरेजी राज्य" को ४९४ पृष्ठ हेर्नुहोस् ।

+ "अर्वाचीन भारत का इतिहास" को १०१ पृष्ठ हेर्नुहोस् ।

★ "भारत में अङ्गरेजी राज्य" को ४९६–५०२ पृष्ठ हेर्नुहोस् ।

卐 "भारत में अङ्गरेजी राज्य" को ६२६–३० पृष्ठ तथा "अमरसिंह थापा" को ५०–५४ पृष्ठ हेर्नुहोस् ।

❦ "अमरसिंह थापा" को ५४–५८ पृष्ठ हेर्नुहोस् ।

▱ "भारत में अङ्गरेजी राज्य" को ६३१ पृष्ठ तथा "अमरसिंह थापा" को ५८ पृष्ठ हेर्नुहोस् ।

यसपछि कम्पनीका गभर्नर जनरल लर्ड हेस्टिङ्सले तुरुन्त बुटवल र शिवराज छोड्नू भनी नेपाललाई पत्र लेखे। आजका २५ दिनभित्र नेपालले बुटवल र शिवराज छोडेन भने गोरखपुरबाट कम्पनीको पल्टन पठाएर ती दुवै प्रदेश कब्जा गर्नू भन्ने गभर्नर जनरलको आदेश गोरखपुरका हाकिमकहाँ गयो। गोरखपुरका हाकिमलाई गभर्नर जनरलले पठाएको पत्रको नक्कल पनि नेपाल पठाइएको थियो।

२५ दिनभित्र नेपालले बुटवल र शिवराज नछोडेकोले कम्पनीको फौजले वि. सं. १८७१ को वैशाखमा बुटवल र शिवराज कब्जा गर्‍यो⧉।

कम्पनीसरकारले बुटवल र शिवराज कब्जा गरेको खबर सदरमा आएपछि नेपालसरकारले काजी भक्तवीर थापाको मातहतमा १ पल्टन र सरदार शमशेर रानाको मातहतमा २ कम्पनी फौज पाल्पा पठायो। काजी रणजित् कुँवरको मातहतमा २ कम्पनी फौज प्यूठाना गयो।

काजी भक्तवीर थापा, काजी रणध्वज थापाका भाइ हुन्। काजी रणजित् कुँवर जङ्गबहादुरका पितामह हुन्।

वि. सं. १८७१ जेठ १८ गते लेखिएको यस पत्रमा यही कुरा परेको छ।

—०—

⧉ "ट्रिटीज् एन्गेज्मेन्ट्स् यॉन्ड् सनदस्" को ३८ पृष्ठ "भारत में अङ्गरेजी राज्य" को ९३१–३२ पृष्ठ तथा "अमरसिंह थापा" को ५६ पृष्ठ हेर्नुहोस्।

# त्रिकोणमिति [ज्योत्पत्ति]

–नयराज पन्त

[ वि. सं. १२०७ मा भास्करले बनाएको सिद्धान्त–शिरोमणि सिद्धान्तज्यौतिषको पढाइमा मुख्य ग्रन्थ भएर रहेको छ। सिद्धान्तशिरोमणिका ४ अध्यायमध्ये २ अध्याय लीलावती ( पाटीगणित ) र बीजगणित पूर्वमध्यमाका पाठ्यग्रन्थ भएर रहेका छन्। तिनको विशेष व्याख्याचाहिं शास्त्रीको प्रथम वर्षमा पर्छ। सिद्धान्तशिरोमणिका बाँकी रहेका २ अध्याय ग्रहगणित र गोलाध्याय शास्त्रीका मुख्य ग्रन्थ भएर रहेका छन्[१]।

क्षितिजे ऽजादिं कृत्वा गोलं भ्रमयन् प्रदर्शयेत् सर्वम्।
उक्तमनुक्तं चान्यच्छिष्याणां बोधजननार्थम् ॥२३॥

( गोलाध्याय त्रिप्रश्नवासनाधिकार )

[ क्षितिजमा मेष आदि राशिलाई पारी गोल घुमाउँदै माथि भनिएका यी कुरा र अरू कुरा पनि चेलाहरूलाई बुझाउँदै देखाउनू। ]

कोटिर्नरः शङ्कुतलं च बाहुश्छेदः श्रुतिस्त्र्यस्रसहस्रमेवम्।
उत्पाद्य सद्यः स्फुटगोलविद्यैः शिष्याय शास्त्रं प्रतिपादनीयम् ॥४९॥

( गोलाध्याय त्रिप्रश्नवासनाधिकार )

[ शङ्कु कोटि हुन्छ, शङ्कुतल भुज हुन्छ, छ्रति कर्ण हुन्छ। यस्ता हजारौं त्रिभुज खरखर बनाउँदै राम्ररी गोलविद्या जान्ने गुरुले चेलालाई शास्त्र पढाउनुपर्छ। ]

भास्करका यी उक्तिबाट उनले आफ्नो ग्रन्थ गुरुहरूलाई बाटो देखाइदिन बनाएका रहेछन् भन्ने देखिन आउँछ।

भास्करले आफ्नो ग्रन्थ सिद्धान्तशिरोमणिको ग्रहगणित र गोलाध्यायको व्याख्या आफैंले लेखेका छन्। त्यस विषयमा उनले तलको कुरा बोलेका छन्—

अथ निजकृतशास्त्रे तत्प्रसादात् पदार्थान्
शिशुजनघृणयाऽहं व्यञ्जयाम्यत्र गूढान्।
विमलितमनसां सद्वासनाभ्यासयोगै-
र्हृदि भवति यथैषां तत्त्वभूतार्थबोधः ॥

( ग्रहगणितको उठानमा )

---

१. अहिलेको पाठ्यक्रमअनुसार गोलाध्यायचाहिं आचार्य प्रथम वर्षको पाठ्यग्रन्थ भएर रहेको छ।

[ सूर्यको निगाहबाट म आफूले बनाएको ग्रन्थमा रहेका कठिन कुराहरूलाई बालकहरूमाथि दया लिई स्पष्ट गराउँछु । राम्रोसँग उपपत्तिको अभ्यास गरी मन सफा बनाएका केटाकेटीहरू यसबाट वास्तव कुरा बुझ्न सक्नेछन् । ]

यसरी भास्करले आफ्नो ग्रन्थ सुबोध बनाउने चेष्टा गरेको देखिन्छ । यो कुरो अरू प्रमाणबाट सिद्ध हुन्छ ।

वि. सं. ५५६ का आर्यभटले आफ्नो गणितग्रन्थमा योग, अन्तर, गुणन, भागको चर्चा नगरी वर्ग वर्गमूलबाट गणितको उठान गरेका छन् । ( आर्यभटीयको गणितपाद हेर्नुहोस् । ) वि. सं. ६८५ का ब्रह्मगुप्तले भिन्नको योगबाट आफ्नो गणितको उठान गरेका छन् । ( ब्राह्मस्फुटसिद्धान्तको गणिताध्याय हेर्नुहोस् । ) यी आचार्यहरूले सूत्रसम्म दिएका छन्, उदाहरणको चर्चा पनि गरेका छैनन् । यस्तै अरू आचार्यले पनि गरेका छन् [१] । भास्करले सूत्रका साथसाथै उदाहरण पनि दिएका छन् । जस्तै—

(१) २, ५, ३२, १९३, १८, १०, १०० यिनको योग गर ।

(२) माथि आएको योगलाई १०००० बाट घटाऊ ।

(३) १३५ लाई १२ ले गुन ।

(४) माथि आएको गुणनफललाई १२ ले भाग लेऊ ।

यी उदाहरण भास्करले दिएका छन् ।

( लीलावतीको परिकर्माष्टक हेर्नुहोस् )

तर यत्ति उदाहरणका भरमा जतिसुकै प्रतिभाशाली विद्यार्थी पनि योग, अन्तर, गुणन, भाग गर्न जान्ने बन्न सक्तैन ।

यस कारण भास्करका ग्रन्थ पढ्दा पनि बाहिरका उदाहरण तथा परिभाषाहरू अभ्यास गर्नैपर्छ । त्यसो नगरी मूल ग्रन्थ मात्रकै भरमा पढ्ने आग्रह गर्दा विद्या आउन सक्तैन । किनभने प्राचीन ग्रन्थमा दुनोटको चर्चा पाइँदैन । तर दुनोट नपढी कसैले पनि गुणनको अभ्यास गर्न सक्तैन ।

घोक्न उघ्रन सजिलो होस् भनी हाम्रा प्राचीन आचार्यहरूले ग्रन्थ छोट्ट्याउने प्रयत्न गरेका हुन् । लीलावतीभन्दा आकारप्रकारमा दश गुना जति भएको अङ्कगणितमा लीलावतीको चौथाइ जति भाग मात्र परेको छ । समग्र लीलावतीलाई कण्ठस्थ गरी दिनहुँ उघ्रन सकिन्छ । तर अङ्कगणितलाई कण्ठस्थ

---

१. भास्करभन्दा अघिका श्रीधर, श्रीपतिहरूले उदाहरण हाली गणितग्रन्थ बनाएका छन् तापनि गुरुकै लागि ती पुस्तक बनाइएका देखिन्छन् । ती ग्रन्थ लीलावतीभन्दा साना छन्, लीलावती जस्ता परिष्कृत पनि छैनन् ।

गर्नु वा दिनहुँ उध्नु सम्भव छैन । यही अवस्था अरू अरू शास्त्रमा पनि छ । जस्तै—

**अकः सवर्णे दीर्घः**

( अष्टाध्यायी ६।१।१०१ )

यस सूत्रको व्याख्या यस्तो हुन्छ—

अ अथवा आदेखि अ अथवा आ पर भएमा दुवै मिलेर आ हुन्छन् । जस्तै—

मम + अश्वः = ममाश्वः । अत्र + आगच्छति = अत्रागच्छति । सदा + अहम् = सदाहम् । राजा + आसीत् = राजासीत् ।

इ अथवा ईदेखि इ अथवा ई पर भएमा दुवै मिलेर ई हुन्छन् ।

जस्तै—

भवति + इति = भवतीति । कवि + ईश्वरः = कवीश्वरः । देवी + इच्छति = देवीच्छति । नारी + ईक्षते = नारीक्षते ।

उ अथवा ऊदेखि उ अथवा ऊ पर भएमा दुवै मिलेर ऊ हुन्छन् ।

जस्तै—

भानु + उदयः = भानूदयः । तरु + ऊर्ध्वम् = तरूर्ध्वम् । वधू + उक्तिः = वधूक्तिः । वधू + ऊरुः = वधूरुः ।

ऋ अथवा ॠ देखि ऋ अथवा ॠ पर भएमा दुवै मिलेर ॠ हुन्छन् ।

जस्तै—

पितृ + ऋणम् = पितॄणम् । पितृ + ॠकारः = पितॄकारः । कॄ + ऋकारः = कॄकारः । गॄ + ॠकारः = गॄकारः ।

प्राचीन शैलीका ग्रन्थहरू कण्ठस्थ गर्ने र व्याख्याग्रन्थ अभ्यास गर्ने प्रणालीबाट शिक्षा दिन लिन सके विद्यार्थीहरू कर्मठय हुन्छन् भन्ने मेरो विश्वास छ । आफ्नो संपर्कमा आएका विद्यार्थीहरूलाई मैले सकेसम्म यही प्रणालीबाट शिक्षा दिने प्रयत्न गरेको छु ।

सिद्धान्तशिरोमणिमा २४ वटा ज्या दिइएका छन । तिनलाई गणना गरी ल्याउन केही दिन परिश्रम गर्नु पर्छ । वि. सं. २००८–९ मा नानी शङ्करमान राजवंशीले ज्योत्पत्ति पढ्दा ती ज्याहरूलाई गणना गरी ल्याएका थिए । अहिले नानी मङ्गलदास प्रधानाङ्गले २४ वटा ज्याको आफूले गरेको गणितलाई शङ्करमानको गणितसँग मिलाई सकेसम्म शुद्ध ज्या ल्याउने प्रयत्न गरेका छन् । ती २४ ज्या अब आउने अङ्कहरूमा प्रकाशित हुनेछन् । त्यस कामको पूर्वरूप अहिले प्रकाश हुन लागेको भागमा परेको छ । यस काममा रुचि देखाई गणित गर्ने ती दुवै यथोचित धन्यवादका पात्र छन् । ]

# त्रिकोणमिति (ज्योत्पत्ति)


## पहिलो अध्याय

[क्रमागत]

७ प्रक्रम—

**कोणको मान**—कोणलाई नाप्न कोणबिन्दुलाई केन्द्र मानी इष्ट त्रिज्याले वृत्त बनाउनू । कोण बनाउने दुइवटा रेखालाई त्यस वृत्तका त्रिज्या-रूप गराउनू । ती दुई त्रिज्याको बीचमा पर्न आएको चापमा रहेको अंशादि सो कोणको मान हुन्छ ।

जस्तै:—आ के भ्र कोणको मानलाई आ भ्र चापको अंशादिले देखाउँछ ।




[८ चित्र]

चापप्रान्तद्वन्द्वमाप्ते त्रिभज्ये ये स्यातां तद्योगजः केन्द्रसंस्थः ॥
कोणो यः स्यात् तस्य कोणस्य मानं ज्ञेयं चापस्थेन भागादिकेन ॥११॥

[चापको दुइ प्रान्तमा गएका दुइवटा त्रिज्याबाट केन्द्रमा बनेको कोणको मान सो चापमा रहेको अंशादिले जान्नुपर्छ ।]

८ प्रक्रम—

**६० अंशको पूर्णज्या ल्याउने रीति ।**




[९ चित्र]

इ क घ ग वृत्त छ । त्यसको केन्द्र अ तथा अर्धव्यास अ इ छ । त्यस अर्धव्यासको प्रान्तको इ बिन्दुलाई केन्द्र मानी अ इ त्रिज्याले अ क उ ग वृत्त बनाऊ । सो वृत्तको परिधिले अघिको वृत्तको परिधिलाई क तथा ग बिन्दुमा काट्छ । त्यसपछि अघिको वृत्तमा अ क अर्धव्यास हाल । अ क उ ग वृत्तमा पनि इ क अर्धव्यास हाल । यसरी दुइ वृत्तको बीचमा अ क इ त्रिभुज बन्दछ ।

अ क इ त्रिभुजमा—

अ इ = अ क [ इ क घ ग वृत्तका त्रिज्या भएकाले ]

अ इ = इ क [ अ क उ ग वृत्तका त्रिज्या भएकाले ]

∴ इ क = अ इ = अ क

∴ क अ इ कोण = अ क इ कोण = अ इ क कोण

... ... रेखागणित १ अ. ६ प्र.

परन्तु, क अ इ कोण + अ क इ कोण + अ इ क कोण = २ समकोण

= १८०°

... ... रे. ग. १ अ. ३२ प्र.

∴ ३ क अ इ कोण = १८०°

यस कारण, क अ इ कोण = $\frac{१८०°}{३}$ = ६०°

यसबाट क अ इ कोणको सम्मुखमा रहेको इ क चाप ६० अंश रहेछ भन्ने सिद्ध हुन्छ। यस चापको पूर्णज्या इ क रेखा छ। यो इ क रेखा इ क घ ग वृत्तको त्रिज्याले बराबर छ। यस कारण ६० अंशको पूर्णज्या त्रिज्याले बराबर हुन्छ।

[ यो कुरो रेखागणितको ४ अ. १५ प्र. को अनुरूप हो ]


षष्ठो भागः पालिजः षष्टिरंशा-
स्तत्पूर्णज्या त्रिज्यका संप्रदिष्टा ॥ ११ $\frac{१}{३}$ ॥

[ परिधिको छैटौं भाग ६० अंश हुन्छ। ६० अंशको पूर्णज्या त्रिज्याले बराबर हुन्छ। ]

६ प्रक्रम—

९० अंशको पूर्णज्या ल्याउने रीति।

पू उ प द वृत्त छ। सो वृत्तको केन्द्र के छ। पू प पूर्वापर-व्यास तथा उ द याम्योत्तर-व्यास छन्। ती दुइ व्यासका योगबाट केन्द्रमा बनेको




[१० चित्र]

पू के उ कोणको सम्मुखको चाप परिधिको चौथाइ (९० अंश) छ । पू उ ९० अंश चापको पूर्णज्या पू उ रेखा हुन्छ ।

उ के पू जात्यत्रिभुजमा—

$\text{पू के}^2 + \text{उ के}^2 = \text{पू उ}^2$ ··· ··· ··· रे. ग. १ अ. ४७ प्र.

$\therefore \text{पू उ} = \sqrt{\text{पू के}^2 + \text{उ के}^2} = \sqrt{\text{त्रि}^2 + \text{त्रि}^2}$

$= \sqrt{2\,\text{त्रि}^2}$

$\therefore 90^\circ$ को पूर्णज्या $= \sqrt{2\,\text{त्रि}^2}$

त्रिज्याकृत्या द्व्याहतायास्तु मूलं
पूर्णज्या स्याच्छून्यरन्ध्रांशकानाम् ॥१२॥

[त्रिज्याको वर्गलाई २ ले गुनी गुणनफलको मूल लिनू , ९० अंशको पूर्णज्या हुन्छ ।]

## ६—प्रश्नमाला

(१) १ त्रिज्या भए ९० अं को पूर्णज्या कति होला ?

(२) २४ त्रिज्या भए ९० अं को पूर्णज्या कति होला ?

(३) ६० त्रिज्या भए ९० अं को पूर्णज्या कति होला ?

(४) ६० अं को पूर्णज्या १२० भए ९० अं को पूर्णज्या कति होला ?

(५) ६० अं को पूर्णज्या १५० भए ९० अं को पूर्णज्या कति होला ?

(६) ६० अं को पूर्णज्या १९१ भए ९० अं को पूर्णज्या कति होला ?

(७) ६० अं को पूर्णज्या ३४३८ भए ९० अं को पूर्णज्या कति होला ?

## उत्तर

(१) $\sqrt{2}$ । (२) ३३·९४१ । (३) ८४·८५३ । (४) १६९·७०६ (५) २१२·१३२ । (६) २७०·११५। (७) ४८६२·०६६ ।


—o—

१० प्रक्रम—

**अभीष्ट चापको पूर्णज्या जानी त्यस चापको आधा चापको ज्या ल्याउने रीति।**

पू क च अभीष्ट चाप छ। त्यसको पूर्णज्या पू च रेखा छ। यी दुइवटा ( चाप र पूर्णज्या ) थाहा पाई पू क च चापको आधा पू क चापको ज्या ल्याउनु-परेको छ।

के बिन्दुबाट के क रेखा हाल। यो रेखाले पू च चापलाई आधा पारेको हुनाले पू क चापको सम्मुखमा रहेको पू के क कोण तथा क च चापको सम्मुखमा रहेको क के च कोण बराबर हुन्छन्। [७ प्रक्रमबाट]




[११ चित्र]

के ग पू त्रिभुज र के ग च त्रिभुजमा—

के पू=के च [एउटै वृत्तका त्रिज्या भएकाले]

के ग उभयनिष्ठ

पू के क कोण=च के क कोण

∴ के ग पू त्रिभुज=के ग च त्रिभुज [रे. ग. १ अ. ४ प्र.]

∴ पू ग=च ग

के ग पू कोण=के ग च कोण

यसबाट के क रेखाले पू च पूर्णज्यालाई ग बिन्दुमा आधा गर्छ तथा सो के क रेखा त्यस पूर्णज्यामाथि लम्बरूप पनि छ भन्ने कुरा सिद्ध हुन्छ।

पू ग रेखा के क त्रिज्या रेखाको उपरमा लम्बरूप भएकोले पू क चापको ज्या सो पू ग रेखा हुन्छ (३ प्रक्रमबाट)। यो पू ग रेखा पू च पूर्णज्याको आधा हो।

यस कारण पू क च चापको पूर्णज्या पू च को आधा पू ग रेखा, पू क च चापको आधा पू क चापको ज्या हुन्छ भन्ने सिद्ध भयो।

इष्टांशानां पूर्णमौर्व्या दलेन

तुल्या मौर्वी स्यात् तदर्धांशकानाम् ॥१२३॥

[ अभीष्ट अंशको पूर्णज्याको आधा नै अभीष्ट अंशको आधा अंशको ज्या हुन्छ। ]

६० अंशको पूर्णज्या त्रिज्या हुने हुनाले ६० अंशको आधा ३० अंशको ज्या त्रिज्याको आधा हुन्छ।

संपद्यते ताऽऽकाशवन्ह्यंशकानां
जीवा तुल्या त्रिज्यकाया दलेन ॥१३॥

[ त्रिज्याको आधा ३० अंशको ज्या हुन्छ। ]

९०° को पूर्णज्या= $\sqrt{२त्रि^२}$ हुने हुनाले

४५° को ज्या = $\frac{\sqrt{२त्रि^२}}{२} = \sqrt{\frac{२त्रि^२}{४}} = \sqrt{\frac{त्रि^२}{२}}$

त्रिज्याकृत्या द्व्याहृतायास्तु मूलं
सिद्ध्येज्जीवा पञ्चवेदांशकानाम् ॥१३½॥

[त्रिज्याको वर्गलाई २ ले भाग लिई मूल लिनू, ४५ अंशको ज्या हुन्छ । ]

उदाहरण— ३४३८ त्रिज्या भए ३० अंशको ज्या कति होला ?

३०° को ज्या = $\frac{त्रि}{२} = \frac{३४३८}{२}$ = १७१९

२ उदाहरण— ३४३८ त्रिज्या भए ४५ अशको ज्या कति होला ?

४५° को ज्या = $\sqrt{\frac{त्रि^२}{२}} = \sqrt{\frac{(३४३८)^२}{२}} = \sqrt{\frac{११८१९८४४}{२}}$

= $\sqrt{५९०९९२२}$ = २४३१·०३३

## अर्को रीति

४५° को ज्या = $\frac{९०° \text{ को पूर्णज्या}}{२} = \frac{४८६२·०६६}{२}$ [ ६ प्रश्नमालाको ७ प्रश्नको उत्तरबाट ]

= २४३१·०३३

## ७–प्रश्नमाला

३० अंश र ४५ अंशका ज्या ल्याऊ-

(१) १ त्रिज्या भएमा
(२) २४ त्रिज्या भएमा
(३) ६० त्रिज्या भएमा
(४) १२० त्रिज्या भएमा
(५) १५० त्रिज्या भएमा
(६) १९१ त्रिज्या भएमा
(७) १००० त्रिज्या भएमा
(८) ३२७० त्रिज्या भएमा
(९) ३४१५ त्रिज्या भएमा
(१०) ३६०० त्रिज्या भएमा
(११) १०००० त्रिज्या भएमा
(१२) ४५००००० त्रिज्या भएमा
(१३) १०००००००००० त्रिज्या भएमा

## उत्तर

(१) $\frac{१}{२}$, $\frac{१}{\sqrt{२}}$ (२) १२, १६·९७१ (३) ३०. ४२·४२६

(४) ६०, ८४·८५३ (५) ७५, १०६·०६६

(६) ९५·५, १३५·०५७ (७) ५००, ७०७·१०७

(८) १६३५, २३१२·२३९ (९) १७०७·५, २४१४·७७

(१०) १८००, २५४५·५८४ (११) ५०००, ७०७१·०६८


(१२) २२५००००, ३१८१९८०·५१५ (१३) ५०००००००००, ७०७१०६७८११·८६५

—•—

११ प्रक्रम—

चापको अंश ( आदि ) लाई ९० अंशबाट घटाउनू, त्यस चापको ' कोटि ' आउँछ ।

पू च चाप ३० अंशको छ। पू उ चाप ९० अंश छ । यस कारण च उ चाप ६० अंशको हुन्छ । पू उ चाप(९० अंश) बाट पू च चाप घटाउँदा च उ चाप बाँकी रहन्छ। सो च उ चापलाई पू च चापको 'कोटि' भन्दछन् । त्यस्तै च उ चापको कोटि पू च चाप पनि हुन्छ ।




[ १२ चित्र ]

चापांशाद्यै र्वर्जिताः शून्यरन्ध्र—
भागाः प्रोक्ताश्चापकोट्यंशकाद्याः ॥ १४ ॥

[ चापको अंशादि (अंश, कला, विकला) लाई ९० अंशबाट घटाउनू, सो चापको अंशादि कोटि आउँछ । ]

उदाहरण—१५ अंश १० कला २० विकलाको कोटि बताऊ ।

| | | |
|---|---|---|
| ९० अं | ० क | ० वि |
| १५ अं | १० क | २० वि |
| ७४ अं | ४९ क | ४० वि |

अतः अभीष्ट कोटि = ७४ अंश ४९ कला ४० विकला

## ८ प्रश्नमाला

तलका चापको कोटि बताऊ–

(१) १५ अं (२) ६० अं (३) ७८ अं (४) ३ अं ४५ क
(५) ३० अं ३०क (६) ६३ अं ४५ क (७) ८६ अं १५क (८) २१ अं २५ क १६वि
(९) ४५ अं १४ क ३० वि (१०) ५४ अं ५४ क ५४ वि

## उत्तर

(१) ७५ अं (२) ३० अं (३) १२ अ (४) ८६ अं १५क
(५) ५९ अं ३०क (६)२६ अं १५ क (७) ३ अं ४५क (८)६८अं ३४क ४४ वि
(९) ४४ अं ४५ क ३० वि (१०) ३५ अं ५ क ६ वि

१२ प्रक्रम —

१२ चित्रमा पू च चापको कोटि च उ चाप छ। च उ चापको ज्या च अ छ। च अ बराबर क के छ। पू च चापको कोटिज्या क के हो। यस कारण पू च चापको कोटिज्या र सो चापको कोटि च उ चापको ज्या अ च बराबर हुन्छ।यताबाट चापको कोटिज्या बराबर त्यस चापको कोटिको ज्या हुन्छ भन्ने सिद्ध हुन्छ। यसै गरी च क बराबर अ के भएकोले चापको ज्या बराबर त्यस चापको कोटि-को कोटिज्या हुन्छ भन्ने पनि सिद्ध हुन्छ।

इष्टांशानां या भवेत् कोटिजीवा
सिद्ध्येत् सा तत्कोटिभागोत्थजीवा ॥१४ ३ ॥

[ इष्ट अंशको (चापको) जो कोटिज्या हुन्छ, ती अंशको ( चापको ) कोटिको ज्या त्यही हुन्छ। ]

इष्टांशानां या भवेच् शिञ्जिनी सा
स्यात् कोटिज्या तद्धनुःकोटिसिद्धा ॥ १५॥

[ इष्ट अंशको ( चापको ) जो ज्या हुन्छ, ती अंशको ( चापको ) कोटिको कोटिज्या त्यही हुन्छ। ]

## ९ – प्रश्नमाला

(१) ५५ अंश ५५ कलाको कोटिज्या कति अंशको ज्या होला?
(२) ४५ अंश ५६ कलाको कोटिज्या कति अंशको ज्या होला ?
(३) १२ अं २५ क ३५ विको कोटिज्या कति अंशको कोटिको ज्या होला ?
(४) १७ अं ५५ क ५ विको ज्या कति अंशको कोटिको कोटिज्या होला ?
(५) १८ अं १५ क २२ विको ज्या कति अंशको कोटिको कोटिज्या होला ?
(६) ३० अंशको ज्या ½ भए ६० अंशको ज्या कति होला ?

(७) ३० अशको ज्या १२ भए ६० अंशको ज्या कति होला ?

(८) ३० अंशको ज्या ३० भए ६० अंशको ज्या कति होला ?

(९) ६० अंशको कोटिज्या ६० भए ३० अंशको कोटिज्या कति होला ?

(१०) ६० अंशको कोटिज्या ७५ भए ३० अंशको कोटिज्या कति होला ?

(११) ६० अंशको कोटिज्या १७१९ भए ३० अंशको कोटिज्या कति होला ?

## उत्तर

(१) ३४ अं ५ क (२) ४४ अं ४ क (३) १२ अं २५ क ३५ वि

(४) १७ अं ५५ क ५ वि (५) १८ अं १५ क २२ वि (६) $\frac{\sqrt{३}}{२}$

(७) २०·७८५ (८) ५१·९६२ (९) १०३·९२३ (१०) १२९·९०४

(११) २९७७·३९५

१३ प्रकम—

१–उदाहरण— १२० त्रिज्या भएमा ६० अंशको उत्क्रमज्या ल्याऊ ।

$$६०° \text{ को उत्क्रमज्या} = \text{त्रि} - ६०° \text{ को कोटिज्या}$$
$$= \text{त्रि} - ३०° \text{ को ज्या}$$
$$= \text{त्रि} - \frac{\text{त्रि}}{२}$$
$$= \frac{\text{त्रि}}{२} = \frac{१२०}{२}$$
$$= ६०$$

२–उदाहरण— ३४३८ त्रिज्या भएमा ३० अंशको उत्क्रमज्या ल्याऊ ।

$$३०° \text{ को ज्या} = \frac{\text{त्रि}}{२} = \frac{३४३८}{२} = १७१९$$

$$३०° \text{ को कोटिज्या} = \sqrt{\text{त्रि}^२ - ३०° \text{ को ज्या}^२}$$
$$= \sqrt{(३४३८)^२ - (१७१९)^२}$$
$$= \sqrt{११८१९८४४ - २९५४९६१}$$
$$= \sqrt{८८६४८८३}$$
$$= २९७७·३९५$$

$$\therefore ३०° \text{ को उत्क्रमज्या} = \text{त्रि} - ३०° \text{ को कोटिज्या}$$
$$= ३४३८ - २९७७·३९५$$
$$= ४६०·६०५$$

## १०–प्रश्नमाला

६० अंशको उत्क्रमज्या ल्याऊ।

(१) १ त्रिज्या भएमा
(२) २४ त्रिज्या भएमा
(३) ६० त्रिज्या भएमा
(४) ३४३८ त्रिज्या भएमा
(५) १०००० त्रिज्या भएमा

३० अंशको उत्क्रमज्या ल्याऊ।

(६) १२० त्रिज्या भएमा
(७) १५० त्रिज्या भएमा
(८) ३२७० त्रिज्या भएमा
(९) ३६०० त्रिज्या भएमा
(१०) १०००० त्रिज्या भएमा

## उत्तर

(१) $\frac{1}{2}$
(२) १२
(३) ३०
(४) १७१९
(५) ५०००
(६) १६·०७७
(७) २०·०९६
(८) ४३८·०९७
(९) ४८२·३०९
(१०) १३३९·७४६

—०—

(क्रमशः)

का. मे. अ. द. नं. १५५ । २४६

कार्यालय—
संशोधन—मण्डल
१० / ४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२१ श्रावण-संक्रान्ति

वार्षिक मूल्य- मो. रु. ५।
(डाँकखर्च अलग)
यस अङ्कको मूल्य मो. रु. २।

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
काठमाडौं, नेपाल